नेपालको संविधानको धारा १२७ बमोजिम नेपालको न्यायिक संरचनामा नियमित रूपमा रहने सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूबाहेक खास किसिम र प्रकृतिका मुद्दाहरूको कारबाही र किनारा गर्न अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिन्छ। साथै स्थानीय स्तरमा मुद्दा हेर्न न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपायहरू अवलम्बन गर्न अन्य निकाय गठन गर्न सकिने संवैधानिक व्यवस्था रहेको छ। उल्लिखित संवैधानिक व्यवस्थाबमोजिम अन्य अदालत तथा न्यायिक निकायको रूपमा विशेष अदालत, श्रम अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण र राजस्व न्यायाधिकरणहरू सञ्चालनमा रहेका छन्।

१.३ न्यायपालिकाको सङ्गठनात्मक स्वरूप

न्यायपालिकाको साङ्गठनिक स्वरूप देहायबमोजिम रहेको छ[१]:



१.४ जनशक्तिको स्थिति

अदालतमा फैसला गर्ने वा न्याय सम्पादनको काममा प्रत्यक्षतः संलग्न रहने न्यायाधीशहरू एवं मुद्दाको दर्तादेखि फैसला र त्यसको कार्यान्वयन गर्ने तहसम्म आवश्यक प्रशासनिक तथा न्यायिक कार्यको प्रक्रियागत काम कारबाहीहरू गर्ने अधिकृत र सहायकस्तरका कर्मचारीहरू

१ सर्वोच्च अदालत–१, उच्च अदालतहरू–७, (विराटनगर, जनकपुर, पाटन, पोखरा, तुलसीपुर, सुर्खेत, दिपायल) उच्च अदालतहरूको अर्को इजलासहरू ९ (इलाम, धनकुटा, राजविराज, हेटौंडा, बागलुङ, बुटवल, नेपालगञ्ज, जुम्ला, महेन्द्रनगर) र दुई उच्च अदालतको अस्थायी इजलासहरू (ओखलढुङ्गा र विरगञ्ज), जिल्ला अदालतहरू–७७, अन्य अदालत तथा न्यायाधिकरणहरू–७ (विशेष अदालत, श्रम अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण र राजस्व न्यायाधिकरणहरू–४)।

गरी दुई किसिमका जनशक्ति कार्यरत रहेका छन् । नेपालको संविधानबमोजिम सर्वोच्च अदालतमा नेपालको प्रधान न्यायाधीशका अतिरिक्त बढीमा बीसजना न्यायाधीशको स्थायी दरबन्दी रहने व्यवस्था छ । यस आर्थिक वर्षको अन्त्यमा सर्वोच्च अदालतमा प्रधान न्यायाधीशको अतिरिक्त २० जना न्यायाधीश, मुख्य रजिस्ट्रार-१, रजिस्ट्रार-२, सह-रजिस्ट्रार-१०, राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव)-११४ र राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत-११३ गरी अधिकृत कर्मचारीहरू २४०, सहायक कर्मचारीहरू १४८ र श्रेणीविहीन कर्मचारीहरू ११९ जना कार्यरत रहेका थिए । उच्च अदालतहरूमा मुख्य न्यायाधीशसहित न्यायाधीशहरूको संख्या १६० जना रहने न्याय प्रशासन ऐन, २०७३ मा व्यवस्था भएकोमा १४७, राजपत्राङ्कित अधिकृत २४१, सहायक कर्मचारी ४६७ र श्रेणीविहीन कर्मचारी ३२१ कार्यरत रहेका थिए ।

जिल्ला अदालतमा न्यायाधीशको स्वीकृत दरबन्दी २४० मध्ये २२७, राजपत्राङ्कित अधिकृत १८५, सहायक कर्मचारी २०९६ र श्रेणीविहीन कर्मचारी ७८२ कार्यरत रहेका थिए । अन्य अदालत तथा न्यायाधिकरणहरूमा न्यायाधीशहरूको अलग्गै दरबन्दी नभएको हुँदा उच्च अदालतका न्यायाधीशमध्येबाट नै खटिनु भई कार्य गर्नुभएको थियो । यस आर्थिक वर्षमा अन्य अदालत तथा न्यायाधिकरणमा राजपत्राङ्कित अधिकृत ३०, सहायक कर्मचारी ६३ र श्रेणीविहीन कर्मचारी ४७ कार्यरत रहेका थिए ।

न्यायपालिकाअन्तर्गत कार्यरत न्यायाधीशहरूको सङ्ख्यामध्ये यस आर्थिक वर्ष २०७५/०७६ मा सर्वोच्च अदालतमा ३ जना, उच्च अदालतमा १३ जना र जिल्ला अदालतमा ५ जना गरी २१ जना महिला न्यायाधीश कार्यरत रहनुभएको थियो । न्यायपालिकाअन्तर्गत विभिन्न अदालत तथा न्यायाधिकरणहरूमा कार्यरत अधिकृत कर्मचारीहरू ८०९ जनामध्ये ६५६ पुरुष र १५३ जना महिला कर्मचारीहरू कार्यरत रहेको देखिन्छ । उक्त १५३ जना महिला कर्मचारीहरूमध्ये सहरजिस्ट्रार पदमा २ जना, उपरजिस्ट्रार वा सो सरहमा १८ र शाखा अधिकृत पदमा १३३ कार्यरत रहेको पाइन्छ । न्यायपालिकामा माननीय न्यायाधीश र कर्मचारी गरी जम्मा दरबन्दी ५९३८ रहेकामा सोमध्ये स्थायी ३९९४ र करार १२१० गरी ५२०४ पदपूर्ति भई ७३४ पद रिक्त रहेको छ ।

राजस्व न्यायाधिकरणहरू तथा विशेष अदालतमा न्यायाधीशको रूपमा कार्य गर्नको लागि उच्च अदालतमा कार्यरत न्यायाधीशहरूमध्येबाटै खटाउने गरिएको छ । प्रशासकीय अदालतमा एकजना अध्यक्ष र दुईजना सदस्यसहित तीनजना, श्रम अदालतमा एकजना मुद्दा हेर्ने अधिकारी कानूनबमोजिम नियुक्ति हुने व्यवस्था छ । उल्लिखित अन्य अदालत तथा न्यायाधिकरणहरूमा न्याय सेवाबाहेक अन्य सेवाहरूबाट समेत कामको प्रकृतिको आधारमा कर्मचारीहरू पदस्थापन गर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा न्यायपालिकाअन्तर्गत विभिन्न निकायमा कायम रहेको दरबन्दीसम्बन्धी विस्तृत विवरण परिशिष्ट- ३३, ५३, ७४ र ८७ मा प्रस्तुत गरिएको छ ।

१.५ न्यायपालिकाबाट सम्पादित कार्यको विवरण

न्यायपालिकाबाट सम्पादन हुने विभिन्न कामहरूमध्ये न्याय निरूपणको कार्य सबैभन्दा प्रमुख कार्य हो । प्रतिवेदन अवधि अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा नेपालका विभिन्न तहका अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरूमा कायम हुन आएको मुद्दाहरूको वार्षिक लगत, फछ्र्यौंट र बाँकीको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. १

अदालत तथा न्यायाधिकरणहरूको मुद्दा, रिट, निवेदन, प्रतिवेदन, फुटकर निवेदन र विशेष प्रकृतिको निवेदनको लगत, फछ्र्यौंट र बाँकीको स्थिति

सि.नं	अदालत	लगत	फछ्र्यौंट	फछ्र्यौंट प्रतिशत	बाँकी
१.	सर्वोच्च अदालत	३४९२२	१०७४२	३०.७६	२४१८०
२.	उच्च अदालत	६००७०	४४४८८	७४.०६	१५५८२
३.	जिल्ला अदालत	२७२७११	२०८००६	७६.२७	६४७०५
जम्मा		**३६७७०३**	**२६३२३६**	**७१.५९**	**१०४४६७**
४.	वैदेशिक रोजगार न्यायाधिकरण	५७७	३७४	६४.८१	२०३
५.	राजस्व न्यायाधिकरणहरू	९६१	२९३	३०.४८	६६८
६.	विशेष अदालत	१५७१	११७७	७४.९२	३९४
७.	श्रम अदालत	१९९	९९	४९.७५	१००
८.	प्रशासकीय अदालत	१९	१३	६८.४२	६
अन्य अदालत तथा न्यायाधिकरणको जम्मा		३३२७	१९५६	५८.७९	१३७१
कूल जम्मा		**३७१०३०**	**२६५१९२**	**७१.४७**	**१०५८३८**

आर्थिक वर्ष २०७५/०७६ मा नेपालका विभिन्न तहका अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरूमा मुद्दा, रिट, निवेदन, प्रतिवेदन, फुटकर निवेदन तथा विशेष प्रकृतिका निवेदनसमेत गरी कूल जम्मा ३७१०३० वार्षिक लगत कायम हुन आएकोमा सोमध्ये २६५१९२ अर्थात् कूल लगतको ७१.४७ प्रतिशत मुद्दा फछ्र्यौंट भई आर्थिक वर्षको अन्त्यमा १०५८३८ मुद्दा बाँकी रहेको देखिन्छ । प्रतिवेदन अवधिमा नेपालका विभिन्न तहका अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरूमा कायम भएको मुद्दा, रिट, निवेदन, प्रतिवेदन,

फुटकर निवेदन तथा विशेष प्रकृतिको निवेदनसमेतको कूल वार्षिक लगत, फछ्र्यौट र आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका विवरणलाई देहायबमोजिमको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

स्तम्भ चित्र नं. १

अदालत तथा न्यायाधिकरणहरूको मुद्दा, रिट, निवेदन, प्रतिवेदन, फुटकर निवेदन र विशेष प्रकृतिको निवेदनको लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र



१.५.१ अदालतहरूको त्रैमासिक मुद्दा फछ्र्यौट स्थिति

सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूको त्रैमासिक मुद्दा फछ्र्यौटको स्थितिलाई देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २

सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूको त्रैमासिक मुद्दा फछ्र्यौटको स्थिति (निवेदनहरूबाहेक)

क्र. स.	अदालतको नाम	पहिलो त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक		जम्मा फछ्र्यौट
		फछ्र्यौट	फछ्र्यौट प्रतिशत	फछ्र्यौट	फछ्र्यौट प्रतिशत	फछ्र्यौट	फछ्र्यौट प्रतिशत	फछ्र्यौट	फछ्र्यौट प्रतिशत	
१	सर्वोच्च अदालत	२७५८	३०	१२२८	१३.३५	२२८९	२४.९०	२९१८	३१.७४	९१९३
२	उच्च अदालत	८१८०	२६.५५	३३०८	१०.७३	७५२०	२४.४१	११७९३	३८.२८	३०८०१
३	जिल्ला अदालत	२७२७१	२९.०६	८१६७	८.७०	२३४२८	२४.९७	३४९५३	३७.२५	९३८१९
जम्मा		**३८२०९**	**२८.५५**	**१२७०३**	**९.५०**	**३३२३७**	**२४.८४**	**४९६६४**	**३७.११**	**१३३८१३**

आर्थिक वर्ष २०७५/०७६ मा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूमा जम्मा १३३८१३ मुद्दा फछ्र्यौट भएकोमा सोमध्ये चौमासिक रूपमा मुद्दा फछ्र्यौटको अवस्था हेर्दा पहिलो चौमासिकमा ३८२०९ अर्थात् जम्मा वार्षिक फछ्र्यौट संख्याको २८.५५ प्रतिशत, दोस्रो चौमासिकमा १२७०३ अर्थात् जम्मा वार्षिक फछ्र्यौटको ९.५० प्रतिशत, तेस्रो चौमासिकमा ३३२३७ अर्थात् जम्मा वार्षिक मुद्दा फछ्र्यौटको २४.८४ प्रतिशत र चौथो चौमासिकमा ४९६६४ अर्थात् जम्मा वार्षिक मुद्दा फछ्र्यौटको ३७.११ प्रतिशत मुद्दा फछ्र्यौट भएको देखिन्छ। मुद्दा फछ्र्यौटको यो प्रवृत्ति हेर्दा पहिलो त्रैमासिकको तुलनामा दोस्रो त्रैमासिकमा कम फछ्र्यौट भएको देखिन्छ भने तेस्रो र चौथो त्रैमासिकमा मुद्दा फछ्र्यौटको दर क्रमशः बढेको देखिन्छ। त्रैमासिकगत मुद्दा फछ्र्यौटको प्रवृत्तिलाई देहायको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

स्तम्भ चित्र नं.२

सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूको मुद्दातर्फ त्रैमासिक फछ्र्यौटको स्तम्भ चित्र



१.५.२ सर्वोच्च अदालतको १० वर्षको मुद्दातर्फको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

सर्वोच्च अदालतको विगत १० वर्षको कार्यबोझ र कार्य सम्पादनको तुलनात्मक स्थिति देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.३

सर्वोच्च अदालतको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनसहित)

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
२०६६/०६७	१०९९९	६३५५	१७३५४	७७६५	९५८९
२०६७/०६८	९५८९	८३०३	१७८९२	७४७०	१०४२२
२०६८/०६९	१०४२२	८६३१	१९०५३	६३३९	१२७१४
२०६९/०७०	१२७१४	८०९७	२०८११	४३६०	१६४५१
२०७०/०७१	१६४५१	८२८४	२४७३५	५९४६	१८७८९
२०७१/०७२	१८७८९	९४८६	२८२७५	६४४८	२१८२७
२०७२/०७३	२३३३४[२]	११८३५	३५१६९	१११७५	२३९९४
२०७३/०७४	२३७१३[३]	१०६४०	३४३५३	११३२१	२३०३२
२०७४/०७५	२१८२९[४]	१०८८८	३२७१७	१२४१९	२०२९८
२०७५/०७६	२०२९८	१४६२४	३४९२२	१०७४२	२४१८०

२ फुटकर निवेदन समावेश गरिएकोले आर्थिक वर्ष २०७१/०७२ को बाँकी र आर्थिक वर्ष २०७२/०७३ को जिम्मेवारीमा फरक परेको ।

३ आर्थिक वर्ष २०७२/०७३ मा फछ्र्यौट भएका निवेदनहरूको लगत आर्थिक वर्ष २०७३/०७४ मा काटेकोले जिम्मेवारीमा फरक परेको ।

४ आर्थिक वर्ष २०७३/०७४ मा फछ्र्यौट भएका निवेदनहरूको लगत आर्थिक वर्ष २०७४/०७५ मा काटेकोले जिम्मेवारीमा फरक परेको ।

सर्वोच्च अदालतको १० वर्षको कार्यबोझ र कार्य सम्पादन स्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६६/०६७ मा सर्वोच्च अदालतमा जिम्मेवारी सरेको मुद्दा संख्या १०९९९ र उक्त आर्थिक वर्षमा नयाँ दर्ता भएको ६३५५ गरी जम्मा वार्षिक लगत १७३५४ कायम भएकोमा ७७६५ फछ्र्यौंट भई आर्थिक वर्षको अन्त्यमा ९५८९ मुद्दा बाँकी रहेकोमा आर्थिक वर्ष २०७५/०७६ मा जिम्मेवारी सरेको २०२९८, नयाँ दर्ता १४६२४ गरी जम्मा वार्षिक लगत ३४९२२ कायम भएकोमा १०७४२ फछ्र्यौंट भई २४१८० मुद्दा बाँकी रहेको देखिन्छ। १० आर्थिक वर्षको अन्तरालमा सर्वोच्च अदालतको कार्यबोझ दोब्बरभन्दा बढीले वृद्धि भएको देखिन्छ भने कार्य सम्पादनस्तर पनि उल्लेख्य वृद्धि भएको भए तापनि मुद्दाको जिम्मेवारी बाँकी १५२ प्रतिशतले वृद्धि भएको छ। सर्वोच्च अदालतको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको अवस्था देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं.१
सर्वोच्च अदालतको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र
(निवेदन, प्रतिवेदन र फुटकर निवेदनसहित)



तालिका नं.४
सर्वोच्च अदालतको १० वर्षको मुद्दातर्फको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति
(निवेदन, प्रतिवेदन र फुटकर निवेदनरहित)

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौंट	बाँकी
२०६६/०६७	१०९७६	५८१३	१६७८९	७२४९	९५४०
२०६७/०६८	९५४०	७६६९	१७२०९	६८३२	१०३७७
२०६८/०६९	१०३७७	७७११	१८०८८	५५११	१२५७७
२०६९/०७०	१२५७७	७२७३	१९८५०	३५१७	१६३३३
२०७०/०७१	१६३३३	७५५०	२३८८३	५२३५	१८६४८
२०७१/०७२	१८६४८	८७९३	२७४४१	५७२२	२१७१९
२०७२/०७३	२१७१९	१०१८१	३१९००	१००२५	२१८७५
२०७३/०७४	२१८७५	८९५८	३०८३३	९८३९	२०९९४
२०७४/०७५	२०९९४	९५०१	३०४९५	११०२८	१९४६७
२०७५/०७६	१९४६७	१३१४४	३२६११	९१९३	२३४१८

सर्वोच्च अदालतको १० वर्षको कार्यबोझ र कार्य सम्पादन स्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६६/०६७ मा सर्वोच्च अदालतमा निवेदन, प्रतिवेदनबाहेक जिम्मेवारी सरेको मुद्दा संख्या १०९७६ र नयाँ दर्ता भएको ५८१३ गरी जम्मा वार्षिक लगत

१६७८९ कायम भएकोमा ७२४९ फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा ९५४० मुद्दा बाँकी रहेकोमा आर्थिक वर्ष २०७५/०७६ मा जिम्मेवारी सरेको १९४६७, नयाँ दर्ता १३१४४ गरी जम्मा वार्षिक लगत ३२६११ कायम भएकोमा ९१९३ फछ्र्यौट भई २३४१८ मुद्दा बाँकी रहेको देखिन्छ। १० आर्थिक वर्षको अन्तरालमा सर्वोच्च अदालतको कार्यबोझ झण्डै दोब्बर संख्याले वृद्धि भएको देखिन्छ भने कार्य सम्पादनस्तरमा वृद्धि भए तापनि जिम्मेवारी सरेको मुद्दाको संख्या पनि उल्लेख्य रूपमा वृद्धि भएको छ। निवेदन, प्रतिवेदनबाहेक मुद्दा तथा रिटतर्फको सर्वोच्च अदालतको विगत १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको अवस्था देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. २
सर्वोच्च अदालतको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र
(निवेदन, प्रतिवेदन र फुटकर निवेदनरहित)



१.५.३ उच्च अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

उच्च अदालतहरूको विगत १० वर्षको कार्यबोझ र कार्य सम्पादनको तुलनात्मक स्थिति देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५
उच्च अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति
(निवेदन, प्रतिवेदन र फुटकर निवेदनसहित)

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
२०६६/०६७	१०४२१	१३६०३	२४०२४	१५२७३	८७५१
२०६७/०६८	८७५१	१५८७५	२४६२६	१५६४८	८९७८
२०६८/०६९	९१८४	२६६७०	३५८५४	२४४७२	११३८२
२०६९/०७०	११३८२	२८७२२	४०१०४	२४८५८	१५२४६
२०७०/०७१	१५२४६	२६६०६	४१८५२	२९०७०	१२७८२
२०७१/०७२	१२७८२	४३००७	५५७८९	४०३२३	१५४६६
२०७२/०७३	१५४६६	३५४९५	५०९६१	३२१६१	१८८००

२०७३/०७४	१८७९१[५]	३५२३९	५४०३०	३३९४७	२००८३
२०७४/०७५	२००८३	३३१५३	५३२३६	३७८४९	१५३८७
२०७५/०७६	१५३८७	४४६८३	६००७०	४४४८८	१५५८२

उच्च अदालतको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको स्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६६/०६७ मा जिम्मेवारी सरेको मुद्दा संख्या १०४२१ रहेकोमा १३६०३ नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत २४०२४ कायम भएकोमा १५२७३ मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा ८७५१ मुद्दा बाँकी रहेकोमा आर्थिक वर्ष २०७५/०७६ मा जिम्मेवारी सरेको १५३८७ र नयाँ दर्ता ४४६८३ गरी जम्मा लगत ६००७० कायम भएकोमा ४४४८८ मुद्दा फछ्र्यौट भई १५५८२ बाँकी रहेको देखिन्छ। यो तथ्याङ्कलाई विश्लेषण गर्दा उच्च अदालतहरूको कार्यबोझ र कार्य सम्पादनस्तर उल्लेख्य रूपमा वृद्धि भएको देखिन्छ। उच्च अदालतहरूको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको स्तर देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. ३
उच्च अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र
(निवेदन, प्रतिवेदन र फुटकर निवेदनसहित)



तालिका नं. ६
उच्च अदालतहरूको १० वर्षको (मुद्दा र रिटतर्फ) तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति
(निवेदन, प्रतिवेदन र फुटकर निवेदनरहित)

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
२०६६/०६७	१०४२१	१३६०३	२४०२४	१५२७३	८७५१
२०६७/०६८	८७५१	१५८७५	२४६२६	१५६४८	८९७८
२०६८/०६९	८९७८	१८९८३	२७९६१	१६८६१	१११००
२०६९/०७०	१११००	२०८०७	३१९०७	१७४०३	१४५०४
२०७०/०७१	१४५०४	१९६६०	३४१६४	२१९४०	१२२२४
२०७१/०७२	१२२२४	२८३४४	४०५६८	२५२९०	१५२७८

५ आर्थिक वर्ष २०७२/०७३ मा फछ्र्यौट भएका निवेदनहरूको लगत आर्थिक वर्ष २०७३/०७४ मा काटेकोले जिम्मेवारीमा फरक परेको।

२०७२/०७३	१५२७८	२३९३५	३९२१३	२०९५३	१८२६०
२०७३/०७४	१८२६०	२३७७९	४२०३९	२२४६९	१९५७०
२०७४/०७५	१९५७०	२१२९३	४०८६३	२६२६६	१४५९७
२०७५/०७६	१४५९७	३१३६३	४५९६०	३०८०१	१५१५९

निवेदन प्रतिवेदन र फुटकर निवेदनबाहेक मुद्दा तथा रिट निवेदन मात्रको विगत १० वर्षको उच्च अदालतहरूका कार्यबोझ र कार्य सम्पादनको स्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६६/०६७ मा जिम्मेवारी सरेको मुद्दा संख्या १०४२१ रहेकोमा १३६०३ नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत २४०२४ कायम भएकोमा १५२७३ मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा ८७५१ मुद्दा बाँकी रहेकोमा आर्थिक वर्ष २०७५/०७६ मा जिम्मेवारी सरेको १४५९७ र नयाँ दर्ता ३१३६३ गरी जम्मा लगत ४५९६० कायम भएकोमा ३०८०१ मुद्दा फछ्र्यौट भई १५१५९ बाँकी रहेको देखिन्छ। यो तथ्याङ्कलाई विश्लेषण गर्दा उच्च अदालतहरूको कार्यबोझ र कार्य सम्पादनस्तर उल्लेख्य रूपमा वृद्धि भएको देखिन्छ। उच्च अदालतहरूको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको स्तर देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. ४
उच्च अदालतहरूको १० वर्षको (मुद्दा र रिट तर्फ) तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र
(निवेदन, प्रतिवेदन र फुटकर निवेदनरहित)



१.५.४ जिल्ला अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

जिल्ला अदालतहरूको विगत १० वर्षको कार्यबोझ र कार्य सम्पादनको तुलनात्मक स्थिति देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७
जिल्ला अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति
(निवेदन, प्रतिवेदन र फुटकर निवेदनसहित)

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
२०६६/०६७	३६७३१	४५९००	८२६३१	४६२५७	३६३७४
२०६७/०६८	३६३७४	५१४२१	८७७९५	४८९७७	३८८१८
२०६८/०६९	३८८१८	५७६०६	९६४२४	५६०७४	४०३५०
२०६९/०७०	४०३५०	६२१३३	१०२४८३	५६८१९	४५६६४
२०७०/०७१	४५६६४	६४९६५	११०६२९	६८०४८	४२५८१
२०७१/०७२	४२५८१	७२२१०	११४७९१	७५५४०	३९२५१
२०७२/०७३	३९२५१	७९७६२	११९०१३	७४२१३	४४८००
२०७३/०७४	४४८३०[६]	११८५१३	१६३३४३	११०७१६	५२६२७
२०७४/०७५	५२६२७	१३५४५०	१८८०७७	१३०२९२	५७७८५
२०७५/०७६	५७७८५	२०२७२२	२६०५०७	१९५९५३	६४५५४

जिल्ला अदालतको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादन स्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६६/०६७ मा जिम्मेवारी सरेको मुद्दा संख्या ३६७३१ रहेकोमा ४५९०० नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत ८२६३१ कायम भएकोमा ४६२५७ मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा ३६३७४ मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जिम्मेवारी सरेको ५७७८५ र नयाँ दर्ता २०२७२२ गरी जम्मा लगत २६०५०७ कायम भएकोमा १९५९५३ मुद्दा फछ्र्यौट भई ६४५५४ बाँकी रहेको देखिन्छ। १० वर्षको प्रवृत्ति हेर्दा यस आर्थिक वर्षमा आ.व. २०६६/०६७ को तुलनामा ३ गुणाले कार्यबोझ वृद्धि भएको देखिन्छ भने चार गुणाभन्दा बढी संख्यामा फछ्र्यौट भएको अवस्था छ। उल्लिखित तथ्याङ्कहरूका आधारमा जिल्ला अदालतहरूको कार्यबोझ र कार्य सम्पादनस्तर क्रमश: उल्लेख्य रूपमा वृद्धि हुँदै आएको देखिन्छ। जिल्ला अदालतहरूको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको स्तर देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. ५
जिल्ला अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र
(निवेदन, प्रतिवेदन र फुटकर निवेदनसहित)



६ आर्थिक वर्ष २०७२/०७३ को बाँकी र आर्थिक वर्ष २०७३/०७४ जिम्मेवारी फुटकर निवेदन समावेश भएकोले फरक परेको।

तालिका नं. ८

जिल्ला अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनरहित)

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्यौंट	बाँकी
२०६६/०६७	३६७३१	४५९००	८२६३१	४६२५७	३६३७४
२०६७/०६८	३६३७४	५१४२१	८७७९५	४८९७७	३८८१८
२०६८/०६९	३८८१८	५७६०६	९६४२४	५६०७४	४०३५०
२०६९/०७०	४०३५०	६२१३३	१०२४८३	५६८१९	४५६६४
२०७०/०७१	४५६६४	६४९६५	११०६२९	६८०४८	४२५८१
२०७१/०७२	४२५८१	७२२१०	११४७९१	७५५४०	३९२५१
२०७२/०७३	३९२५१	७९७५८	११९०९	७४२१२	४४७९७
२०७३/०७४	४४७९७	८२७२३	१२७५२०	७५१३१	५२३८९
२०७४/०७५	५२३८९	८७१६०	१३९५४९	८२२३३	५७३१६
२०७५/०७६	५७३१६	१००८८९	१५८२०५	९३८१९	६४३८६

विगत १० आर्थिक वर्षको जिल्ला अदालतहरूको निवेदन, प्रतिवेदन र फुटकर निवेदनबाहेक मुद्दा तथा रिट निवेदन मात्रको कार्यबोझ र कार्य सम्पादनस्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६६/०६७ मा जिम्मेवारी सरेको मुद्दा संख्या ३६७३१ रहेकोमा ४५९०० नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत ८२६३१ कायम भएकोमा ४६२५७ मुद्दा फछ्यौंट भई आर्थिक वर्षको अन्त्यमा ३६३७४ मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जिम्मेवारी सरेको ५७३१६ र नयाँ दर्ता १००८८९ गरी जम्मा लगत १५८२०५ कायम भएकोमा ९३८१९ मुद्दा फछ्यौंट भई ६४३८६ बाँकी रहेको देखिन्छ। १० वर्षको प्रवृत्ति विश्लेषण गर्दा यस आर्थिक वर्षमा आ.व. २०६६/०६७ को तुलनामा झण्डै दोब्बर संख्याले कार्यबोझ वृद्धि भएको देखिन्छ भने दोब्बरभन्दा बढी संख्यामा फछ्यौंट भएको अवस्था छ। उल्लिखित तथ्यांकहरूबाट जिल्ला अदालतहरूको कार्यबोझ र कार्य सम्पादनस्तर क्रमशः उल्लेख्य रूपमा वृद्धि हुँदै आएको देखिन्छ। जिल्ला अदालतहरूको १० आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको स्तर देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. ६

जिल्ला अदालतहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र

(निवेदन, प्रतिवेदन र फुटकर निवेदनरहित)



१.५.५ अन्य अदालत तथा न्यायाधिकरणहरूको ५ वर्ष तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

अन्य अदालत तथा न्यायाधिकरणहरूको विगत ५ वर्षको कार्यबोझ र कार्य सम्पादनको तुलनात्मक स्थिति देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ९

अन्य अदालत तथा न्यायाधिकरणहरूको मुद्दातर्फको ५ वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्यौंट	बाँकी
२०७१/०७२	१९९६	९९३	२९८९	१६३७	१३५२
२०७२/०७३	१३५२	८६६	२२१८	७०२	१५१६
२०७३/०७४	१५१६	१२८७	२८०३	१५११	१२९२
२०७४/०७५	१२९२	८२५	२११७	१०५१	१०६६
२०७५/०७६	१०७२[७]	१२५०	२३२२	९५६	१३६६

अन्य अदालत तथा न्यायाधिकरणहरूमा ५ आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको अवस्थाको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०७१/०७२ मा जिम्मेवारी सरेको मुद्दा संख्या १९९६ रहेकोमा ९९३ नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत २९८९ कायम भएकोमा १६३७ मुद्दा फछ्यौंट भई आर्थिक वर्षको अन्त्यमा १३५२ मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जिम्मेवारी सरेको १०७२ र नयाँ दर्ता १२५० गरी जम्मा लगत २३२२ कायम भएकोमा ९५६ मुद्दा फछ्यौंट भई १३६६ बाँकी रहेको देखिन्छ। अन्य अदालत तथा न्यायाधिकरणहरूको ५ आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको स्तर देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. ७

अन्य अदालत तथा न्यायाधिकरणहरूको ५ वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र



१.५.६ सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको ५ वर्षको तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

तालिका नं. १०

सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको ५ वर्षको (विशेष प्रकृतिको निवेदनबाहेक) तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्यौंट	बाँकी
२०७१/०७२	७६१४८	१२५६९६	२०१८४४	१२३९४८	७७८९६
२०७२/०७३	७९४०३[८]	१२७९५८	२०७३६१	११८२५१	८९११०

७ आ.व २०७४/२०७५ मा प्रशासकीय अदालतको तथ्यांक समावेश नगरिएकोले यस आ.व. मा जिम्मेवारीमा ६ थानले बढी हुन गएको।

८ आर्थिक वर्ष २०७२/०७३ देखि फुटकर निवेदन प्रतिवेदन समावेश भएकोले अघिल्लो आर्थिक वर्षको बाँकी र पछिल्लो आर्थिक वर्षको जिम्मेवारीमा फरक परेको।

२०७३/०७४	८८८५०[९]	१६५६७९	२५४५२९	१५७४९५	९७०३४
२०७४/०७५	९५८३१[१०]	१८०३१६	२७६१४७	१८१६११	९४५३६
२०७५/०७६	९४५५२	२६४२७४	३५८८२६	२५३१३९	१०५६८७

सबै अदालत तथा अन्य न्यायाधिकरणहरूमा ५ आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको अवस्थाको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०७१/०७२ मा जिम्मेवारी सरेको मुद्दा संख्या ७६१४८ रहेकोमा १००७६९ नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत २०१८४४ कायम भएकोमा १२३९४८ मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा ७७८९६ मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जिम्मेवारी सरेको ९४५५२ र २६४२७४ नयाँ दर्ता गरी जम्मा लगत ३५८८२६ कायम भएकोमा २५३१३९ मुद्दा फछ्र्यौट भई १०५६८७ बाँकी रहेको देखिन्छ। सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको कार्यबोझ र कार्य सम्पादनस्तर उल्लेख्य रूपमा वृद्धि भएको देखिन्छ। सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको ५ आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको स्तर देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. ८
सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको ५ वर्षको (विशेष प्रकृतिको निवेदनबाहेक) तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र



तालिका नं. ११
सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको ५ वर्षको (निवेदन, प्रतिवेदन, फुटकर निवेदन र विशेष प्रकृतिका निवेदनबाहेक) तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको स्थिति

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
२०७१/०७२	७५४४९	११०३४०	१८५७८९	१०८१८९	७७६००

९ आर्थिक वर्ष २०७३/७४ देखि फुटकर निवेदनसमेत समावेश भएकोले अघिल्लो आर्थिक वर्षको बाँकी र पछिल्लो आर्थिक वर्षको जिम्मेवारीमा फरक परेको।
१० आर्थिक वर्ष २०७३/७४ देखि फुटकर निवेदनसमेत समावेश भएकोले अघिल्लो आर्थिक वर्षको बाँकी र पछिल्लो आर्थिक वर्षको जिम्मेवारीमा फरक परेको।

२०७२/०७३	७७६००	११४७३४	१९२३३४	१०५८८६	८६४४८
२०७३/०७४	८६४४८	११६७४७	२०३१९५	१०८९५०	९४२४५
२०७४/०७५	९४२४५	११८७७९	२१३०२४	१२०५७८	९२४४६
२०७५/०७६	९२४५२	१४६६४६	२३९०९८	१३४७६९	१०४३२९

सबै अदालत तथा अन्य न्यायाधिकरणहरूमा ५ आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनस्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०७१/०७२ मा जिम्मेवारी सरेको मुद्दा संख्या ७५४४९ रहेकोमा ११०३४० नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत १८५७८९ कायम भएकोमा १०८१८९ मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा ७७६०० मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा जिम्मेवारी सरेको ९२४५२ र १४६६४६ नयाँ दर्ता गरी जम्मा लगत २३९०९८ कायम भएकोमा १३४७६९ मुद्दा फछ्र्यौट भई १०४३२९ बाँकी रहेको देखिन्छ। उल्लिखित विवरणहरूबाट सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको कार्यबोझ र कार्य सम्पादन स्तर उल्लेख्य रूपमा वृद्धि भएको देखिन्छ। सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको ५ आर्थिक वर्षको कार्यबोझ र कार्य सम्पादनको स्तर देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. ९

सबै अदालत तथा अन्य न्यायाधिकरणहरूको ५ वर्षको (निवेदन, प्रतिवेदन, फुटकर निवेदन र विशेष प्रकृतिका निवेदनबाहेक) तुलनात्मक कार्यबोझ र कार्य सम्पादनको रेखा चित्र



परिच्छेद - दुई
न्यायपालिकाको योजना तथा विकास

२.१ न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना

न्यायपालिकाबाट सम्पादन गरिने काम कारबाहीहरूलाई प्रभावकारी र योजनाबद्ध ढङ्गबाट सञ्चालन गरी न्याय पद्धतिको सुदृढीकरण एवम् विकास गर्ने उद्देश्यले पहिलो पटक आर्थिक वर्ष २०६१/०६२ मा न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको थियो। उक्त योजनाको कार्यान्वयनबाट प्राप्त अनुभव एवम् उपलब्धिसमेतको समीक्षा गर्दै न्यायपालिकाको योजनाबद्ध सुधार प्रक्रियालाई निरन्तरता दिने क्रममा आर्थिक वर्ष २०६६/०६७ मा दोस्रो र आर्थिक वर्ष २०७१/०७२ मा तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याइएको थियो। न्यायपालिकाले विगत पन्ध्र वर्षदेखि रणनीतिक योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेको क्रममा प्रस्तुत आर्थिक वर्ष २०७५/०७६ तेस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको अन्तिम वर्षको रूपमा रहेको छ। साथै आगामी आर्थिक वर्षदेखि लागू हुने गरी न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरिएको छ।

२.२ तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले निर्धारण गरेका लक्ष्यहरू र प्रगतिको समीक्षा

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले न्यायसम्पादनको कार्यलाई छिटोछरितो तुल्याउने, न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउने, न्याय प्रणालीलाई पहुँचयोग्य बनाउने र न्यायपालिकाप्रति आस्था र विश्वास अभिवृद्धि गर्ने ४ वटा मूल लक्ष्यहरू निर्धारण गरेको थियो। उक्त लक्ष्यहरू हासिल गर्न १७ वटा मूल रणनीतिक उपायहरू र अन्य ९ वटा सहायक रणनीतिहरू निर्धारण गरिएको थियो। यस आर्थिक वर्षमा योजनाले निर्धारण गरेको लक्ष्य र रणनीतिअन्तर्गत निर्धारित क्रियाकलापहरू तथा प्राप्त उपलब्धिहरूको देहायबमोजिम समीक्षा गरिएको छ।

२.२.१ न्याय सम्पादन कार्यलाई छिटो छरितो तुल्याउने

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले न्याय सम्पादनको कार्यलाई छिटोछरितो रूपमा सम्पन्न गर्नको लागि मुद्दाको फैसला, फैसलाको तयारी र फैसला कार्यान्वयनलाई तोकिएको समयभित्र सम्पन्न गर्ने गरी रणनीतिहरू तय गरेको थियो। तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरूको योजना कार्यान्वयनको प्रगतिको अवस्था निम्नबमोजिम प्रस्तुत गरिएको छ :-

क. मुद्दाको फछ्यौंटतर्फ

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले लिएको लक्ष्य पूरा गर्न सर्वोच्च अदालतले यस आर्थिक वर्ष २०७५/०७६ मा मुद्दा तथा रिटतर्फ कूल लगतको ५२.२२ प्रतिशत र निवेदन, प्रतिवेदन एवम् फुटकर निवेदनतर्फ ८० प्रतिशत फछ्यौंट गर्नुपर्ने गरी वार्षिक कार्य योजनामा लक्ष्य लिइएकोमा मुद्दा तथा रिटतर्फ २८.१९ प्रतिशत, निवेदनतर्फ ८२.०४ प्रतिशत, प्रतिवेदनतर्फ ६५.७७ र फुटकर निवेदनतर्फ ५५.९३ प्रतिशत फछ्यौंट गरी जम्मा कूल लगतको ३०.७६ प्रतिशत मुद्दा फछ्यौंट भई निर्धारित वार्षिक लक्ष्यको ६०.३५ प्रतिशत प्रगति भएको छ। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट-९० मा रहेको छ।

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कनले उच्च अदालतमा कायम हुन आउने मुद्दाको लगतका आधारमा सम्पूर्ण उच्च अदालतहरूलाई 'क' र 'ख' गरी दुई वर्गमा वर्गीकरण गरेको छ। जसअनुसार मुद्दाको लगत प्रतिन्यायाधीश २०० सम्म हुने अदालत 'क' वर्गमा र मुद्दाको लगत प्रतिन्यायाधीश २०० भन्दा बढी हुने अदालत 'ख' वर्गमा पर्दछन्। सोही वर्गीकरणको आधारमा फछ्यौंटको सङ्ख्यागत तथा अवधिगत लक्ष्य निर्धारण गरेको छ। जसअनुसार 'क' वर्गमा रहेका उच्च अदालतहरूले वार्षिक लगतको ७५ प्रतिशत र 'ख' वर्गमा रहेका उच्च अदालतहरूले वार्षिक लगतको ७० प्रतिशत फछ्यौंट हुने गरी वार्षिक लक्ष्य निर्धारण गरेकोमा 'क' वर्गमा रहेका उच्च अदालत तथा उच्च अदालतका इजलासहरू धनकुटा, बागलुङ, सुर्खेत, महेन्द्रनगर र 'ख' वर्गमा रहेका उच्च अदालतहरू इलाम, ओखलढुङ्गा, राजविराज, जनकपुर, हेटौंडा, तुलसीपुर र नेपालगञ्जले निर्धारित लक्ष्य पूरा गरेका छन् भने 'क' वर्गमा रहेका उच्च अदालत पोखरा, दिपायल र जुम्ला एवम् 'ख' वर्गमा रहेका उच्च अदालत तथा उच्च अदालतको इजलासमध्ये विराटनगर, वीरगञ्ज, पाटन, बुटवलले यस आर्थिक वर्ष २०७५/०७६ मा निर्धारित लक्ष्यबमोजिम प्रगति हासिल गर्न सकेको पाइएन। तर सबै उच्च अदालतहरूले मुद्दा फछ्यौंटको लागि निर्धारण गरेको जम्मा वार्षिक लगत २८९१६ को १०६.५ प्रतिशत प्रगति हासिल गरेको देखिन्छ। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट-९० मा रहेको छ।

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले जिल्ला अदालतहरूमा कायम हुन आउने मुद्दाको लगतका आधारमा जिल्ला अदालतहरू 'क', 'ख' र 'ग' गरी तीन वर्गमा वर्गीकरण गरेको छ। जसअनुसार मुद्दाको लगत प्रतिन्यायाधीश ३०० हुने अदालतलाई 'क' वर्गमा, मुद्दाको लगत प्रतिन्यायाधीश ३०१ देखि ५५० सम्म हुने अदालत 'ख' वर्गमा र मुद्दाको लगत प्रतिन्यायाधीश ५५० भन्दा बढी हुने अदालत 'ग' वर्गमा पर्दछन्। सोही वर्गीकरणको आधारमा मुद्दा फछ्यौंटको सङ्ख्यागत र अवधिगत लक्ष्य निर्धारण गरेको छ। जसअनुसार 'क' वर्गमा रहेका

जिल्ला अदालतहरूले वार्षिक लगतको ७५ प्रतिशत, 'ख' वर्गमा रहेका जिल्ला अदालतहरूले वार्षिक लगतको ७० प्रतिशत र 'ग' वर्गमा रहेका जिल्ला अदालतहरूले वार्षिक लगतको ६५ प्रतिशत मुद्दा फछ्र्यौट हुने गरी लक्ष्य निर्धारण गरेका थिए। 'क' वर्गमा रहेका जिल्ला अदालतहरू रामेछाप, मनाङ, मुगु, भोजपुर, खोटाङ, रसुवा, प्युठान, डोटी र अछाम, 'ख' वर्गमा रहेका जिल्ला अदालतहरू म्याग्दी, पाल्पा, रोल्पा, सल्यान, पाँचथर, उदयपुर र कञ्चनपुर एवम् 'ग' वर्गमा रहेका जिल्ला अदालतहरू इलाम, ताप्लेजुङ, मोरङ, संखुवासभा, बागलुङ, सिन्धुपाल्चोक र नवलपरासीले निर्धारित लक्ष्यअनुसार प्रगति गरेको देखियो। यी बाहेकका अन्य जिल्ला अदालतहरूले यस आर्थिक वर्ष २०७५/०७६ मा निर्धारित लक्ष्य हासिल गरेको देखिएन। यस आर्थिक वर्षमा सबै जिल्ला अदालतहरूले जम्मा मुद्दा फछ्र्यौटको लागि निर्धारण गरेको वार्षिक लगत ९५४७६ को ९८.२६ प्रतिशत प्रगति हासिल गरेको देखिन्छ। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट-९० मा रहेको छ।

आर्थिक वर्ष २०७५/०७६ को मुद्दातर्फको विषयगत लक्ष्य र प्रगतिको अवस्था

अ. सर्वोच्च अदालत

मुद्दातर्फ

सर्वोच्च अदालतको मुद्दातर्फको कार्य सम्पादन अवस्थाको विश्लेषण गर्दा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा रिट निवेदनबाहेक जम्मा लगत २७८९३ थान रहेकामा, ७७६८ थान (२७.८५ प्रतिशत) फछ्र्यौट भएको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा रिट निवेदनबाहेक जम्मा लगत २५५९४ थान रहेकामा, ९१२७ थान (३६.१६ प्रतिशत) फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा रिट निवेदनबाहेक जम्मा लगत २५४८५ थान रहेकामा, ८११३ थान (३१.८७ प्रतिशत) फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७२/०७३ मा रिट निवेदनबाहेक जम्मा लगत २७१०० थान रहेकोमा, ९०२८ थान (३३.३१ प्रतिशत) फछ्र्यौट भएको थियो। त्यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा जम्मा लगत २३७०७ थान रहेकामा ५३७० थान (२२.६५ प्रतिशत) फछ्र्यौट भएको देखिन्छ। तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा मुद्दा फछ्र्यौटको अनुपात १४.८८ प्रतिशतले कम हुन आएको देखिन्छ।

रिट निवेदनतर्फ

रिट निवेदनतर्फ कार्य सम्पादन अवस्थाको विश्लेषण गर्दा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा रिट निवेदनतर्फको जम्मा लगत ४७१८ थान रहेकोमा १४२५ थान (३०.२० प्रतिशत) फछ्र्यौट भएको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत ४९०१ थान रहेकामा १९०१ थान (३८.७९ प्रतिशत) फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत ५३७५ थान रहेकामा, १७२६ थान (३२.११ प्रतिशत) फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७२/०७३ मा जम्मा लगत ४८०० थान रहेकामा, ९९१ थान (२०.६४ प्रतिशत) फछ्र्यौट भएको थियो। त्यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा जम्मा लगत ४,५६८ थान रहेकामा, १०७८ थान (२३.६० प्रतिशत) फछ्र्यौट भएको थियो। तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा रिट निवेदनको फछ्र्यौट अनुपात २५.०४ प्रतिशतले कम भएको देखिन्छ।

मुद्दा तथा रिट निवेदन

मुद्दा तथा रिट निवेदन दुवैतर्फको कार्य सम्पादनको अवस्था हेर्दा, तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत ३२६११ थान रहेकोमा ९१९३ थान (२८.१९ प्रतिशत) फछ्र्यौट भएको देखिन्छ। गत वर्ष आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत ३०४९५ थान रहेकामा, ११०२८ थान (३६.१६ प्रतिशत) फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत ३०८३३ थान रहेकामा, ९८४३ थान (३१.९१ प्रतिशत) फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७२/०७३ मा जम्मा लगत ३१९०० थान रहेकामा, १००१९ थान (३१.४१ प्रतिशत) फछ्र्यौट भएको थियो। त्यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा जम्मा लगत २८२७५ थान रहेकामा, ६४४८ थान (२२.८० प्रतिशत) फछ्र्यौट भएको थियो। तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् २०७५/०७६ मा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा मुद्दा तथा रिट निवेदनको फछ्र्यौट अनुपात १६.६४ प्रतिशतले कम हुन आएको देखिन्छ।

मुद्दा र रिट तर्फ बाँकी संख्याको अवस्था

मुद्दा तथा रिट निवेदनतर्फ (निवेदन, प्रतिवेदन, र फुटकर निवेदनबाहेक) समग्र बाँकी मुद्दाको विवरण हेर्दा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा जम्मा बाँकी २३४१८ थान रहेको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा जम्मा बाँकी १९४६७ थान रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा बाँकी २०९९४ थान रहेको थियो। आर्थिक वर्ष २०७२/०७३ मा जम्मा बाँकी २१८८१ थान रहेको थियो। त्यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा जम्मा बाँकी २१८२७ थान रहेको थियो। तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा बाँकी रहेका मुद्दा तथा रिट निवेदनतर्फ लगत ३९५१ थानले बढी हुन आएको देखिन्छ।

तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ को अन्त्यमा बाँकी रहेका मुद्दा तथा रिट

निवेदन २३४१८ मध्ये १८ महिनाभित्रका १२५०५ थान, १८ महिनादेखि २ वर्षभित्रको १५३० थान, २ वर्षदेखि ५ वर्षभित्रको ७४३० थान र ५ वर्ष नाघेका १९५३ थान रहेको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ को अन्त्यमा बाँकी मुद्दा तथा रिट निवेदन १९४६७ मध्ये १८ महिनाभित्रका ८९६६ थान, १८ महिनादेखि २ वर्षभित्रको सङ्ख्या २०४२ थान र २ वर्षदेखि ५ वर्षभित्रको ६२८० थान र ५ वर्ष नाघेका २१७९ थान रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ को अन्त्यमा बाँकी लगत २०९९४ मध्ये १८ महिनाभित्रका ९४१८ थान, १८ महिनादेखि २ वर्षभित्रको २५८८ थान र २ वर्षदेखि ५ वर्षभित्रको ६४३७ र ५ वर्ष नाघेका २५५१ थान रहेको थियो। आर्थिक वर्ष २०७२/०७३ को अन्त्यमा बाँकी लगत २१८८१ मध्ये १८ महिनाभित्रका १००९७ थान, १८ महिनादेखि २ वर्षभित्रको २३७० थान र २ वर्षदेखि ५ वर्षभित्रको ७३८९ थान र ५ वर्ष नाघेका २०२५ थान रहेको थियो। आर्थिक वर्ष २०७१/०७२ को अन्त्यमा बाँकी लगत २१७१९ मध्ये १८ महिनाभित्रका १०४०२ थान, १८ महिनादेखि २ वर्षभित्रको २५३९ थान र २ वर्ष नाघेका मुद्दा ८७७८ थान रहेको थियो। यसरी तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा मुद्दा तथा रिट निवेदनतर्फ २ वर्ष नाघेको बाँकी सङ्ख्या गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा ९२४ थानले बढी हुन आएको देखिन्छ।

निवेदन, प्रतिवेदन र फुटकर निवेदनतर्फ

निवेदन, प्रतिवेदन र फुटकर निवेदनतर्फ यस आर्थिक वर्ष २०७५/०७६ मा सर्वोच्च अदालतमा जम्मा लगत २३११ रहेकोमा, १५४९ थान (६७.०३) फछ्र्यौट भई बाँकी संख्या ७६२ थान रहेको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत २२२२ रहेकामा, १३९१ थान (६२.६० प्रतिशत) फछ्र्यौट भई बाँकी संख्या ८३१ थान रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ जम्मा लगत ३५२० रहेकामा, १४८२ थान (४२.१४ प्रतिशत) फछ्र्यौट भई बाँकी संख्या २०३८ थान रहेको थियो। यस आर्थिक वर्षको अन्त्यमा ७६२ मध्ये १८ महिनाभित्रका ७०३ थान, १८ महिनादेखि २ वर्षभित्रको सङ्ख्या ३२ थान र २ वर्षदेखि ५ वर्षभित्रको संख्या १६ थान र ५ वर्ष नाघेका सङ्ख्या ११ थान रहेको देखिन्छ।

मुद्दा, रिट निवेदन, निवेदन प्रतिवेदन र फुटकर निवेदनसहित समग्रमा

यस आर्थिक वर्ष २०७५/०७६ मा सर्वोच्च अदालतमा मुद्दा तथा रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको समग्र लगत सङ्ख्या ३४९२२ रहेकोमा जम्मा १०७४२ थान (३०.७६ प्रतिशत) फछ्र्यौट भई बाँकी सङ्ख्या २४१८० थान रहेको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा मुद्दा तथा रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको समग्र लगत संख्या ३२७१७ रहेकोमा जम्मा १२४१९ थान (३७.९६ प्रतिशत) फछ्र्यौट भई बाँकी संख्या २०२९८ थान रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ मा मुद्दा तथा रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको समग्र लगत संख्या ३४३५३ रहेकोमा जम्मा ११३२१ थान (३२.९५ प्रतिशत) फछ्र्यौट भई बाँकी संख्या २३०३२ थान रहेको थियो। तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा फछ्र्यौटको अनुपात १३.५० प्रतिशत कम फछ्र्यौट हुन आएको देखिन्छ।

स्तम्भ चित्र नं.३

सर्वोच्च अदालतको ५ वर्षको मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र



आ. उच्च अदालत

मुद्दातर्फ

उच्च अदालतहरूको मुद्दातर्फको फछ्र्यौटको अवस्था विश्लेषण गर्दा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत ३९२६० थान रहेकामा, २५८४२ थान (६५.८२) फछ्र्यौट भएको देखिन्छ । गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत ३४९६६ थान रहेकामा, २२३१३ थान (६३.८१ प्रतिशत) फछ्र्यौट भएको थियो । आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत ३६६६७ थान रहेकामा, १८७७९ थान (५१.२१ प्रतिशत) फछ्र्यौट भएको थियो । आर्थिक वर्ष २०७२/०७३ मा जम्मा लगत ३४७६४ थान रहेकामा, १७८७३ थान (५१.४१ प्रतिशत) फछ्र्यौट भएको थियो । यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा जम्मा लगत ३५,४५२ थान रहेकामा, २१२५१ थान (५९.९४ प्रतिशत) फछ्र्यौट भएको थियो । तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा मुद्दा फछ्र्यौट अनुपात १५.८ प्रतिशतले बढी हुन आएको देखिन्छ ।

रिट निवेदनतर्फ

रिट निवेदनतर्फको फछ्र्यौटको अवस्था विश्लेषण गर्दा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा उच्च अदालतहरूको जम्मा लगत ६७०० रहेकोमा, ४९५९ थान (७४.०१ प्रतिशत) फछ्र्यौट भएको देखिन्छ । गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत ५८९७ थान रहेकामा, ३९५३ थान (६७.०३ प्रतिशत) फछ्र्यौट भएको थियो । आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत ५३७२ थान रहेकामा, ३६९० थान (६८.६९ प्रतिशत) फछ्र्यौट भएको थियो । आर्थिक वर्ष २०७२/०७३ मा जम्मा लगत ४४४९ थान रहेकामा, ३०८० थान (६९.२३ प्रतिशत) फछ्र्यौट भएको थियो । यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा जम्मा लगत ५११६ थान रहेकामा, ४०३९ थान (७८.९५ प्रतिशत) फछ्र्यौट भएको थियो । यसरी तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा रिट निवेदनको फछ्र्यौट अनुपात २५.४४ प्रतिशतले बढी हुन आएको देखिन्छ ।

मुद्दा र रिट निवेदन दुवैतर्फ

मुद्दा तथा रिट निवेदनतर्फको समग्र फछ्र्यौटको अवस्था हेर्दा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा उच्च अदालतहरूको जम्मा लगत ४५९६० थान रहेकोमा, ३०८०१ थान (६७.०२ प्रतिशत) फछ्र्यौट भएको देखिन्छ । गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत ४०८६३ थान रहेकामा, २६२६६ थान (६४.२८ प्रतिशत) फछ्र्यौट भएको थियो । आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत ४२०३९ थान रहेकामा, २२४६९ थान (५३.४५ प्रतिशत) फछ्र्यौट भएको थियो । आर्थिक वर्ष २०७२/०७३ मा जम्मा लगत ३९२१३ थान रहेकामा, २०९५३ थान (५३.४३ प्रतिशत) फछ्र्यौट भएको थियो । यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा जम्मा लगत ४०,५६८ थान रहेकामा, २५२९० थान (६२.३३ प्रतिशत) फछ्र्यौट भएको थियो । यसरी तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा मुद्दा तथा रिट निवेदनतर्फको फछ्र्यौट अनुपात १७.२७ प्रतिशतले बढी हुन आएको देखिन्छ ।

मुद्दा र रिटको बाँकीको अवस्था

मुद्दा तथा रिट निवेदनतर्फको बाँकी लगत सङ्ख्याको अवस्था हेर्दा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा जम्मा बाँकी सङ्ख्या १५१५९ थान रहेको देखिन्छ । गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा जम्मा बाँकी सङ्ख्या १४५९७ थान रहेको थियो । आर्थिक वर्ष २०७३/०७४ मा जम्मा बाँकी सङ्ख्या १९५७० थान रहेको थियो । आर्थिक वर्ष २०७२/०७३ मा जम्मा बाँकी सङ्ख्या १८२६० थान रहेको थियो । यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा जम्मा बाँकी सङ्ख्या १५२७८ थान रहेको थियो । तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा ५६२ थान बढी लगत रहेको देखिन्छ ।

तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा उच्च अदालतहरूमा बाँकी रहेका मुद्दा तथा रिट निवेदनहरूमध्ये १ वर्षभित्रका १३७७४ थान, १ वर्षदेखि १८ महिनाभित्रका ९३१ थान, १८ महिनादेखि २ वर्षभित्रको ३४२ थान र २ वर्ष नाघेका ११२ थान रहेको देखिन्छ । गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा १८ महिनाभित्रको १२२१५ थान, १८ महिनादेखि २ वर्षभित्रको ११२९ थान र २ वर्ष नाघेका १२५३ थान रहेको थियो । आर्थिक वर्ष २०७३/०७४ मा १८ महिनाभित्रको १६६५३ थान, १८ महिनादेखि २ वर्षभित्रको १६३७ थान र २ वर्ष नाघेका १२९३ थान रहेको थियो । आर्थिक वर्ष २०७२/०७३ मा १८ महिनाभित्रको १७५९२ थान, १८ महिनादेखि २ वर्षभित्रको ९९७ थान र २ वर्ष नाघेका २११ थान रहेको थियो । यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा १८ महिनाभित्रको १४५१३ थान, १८ महिनादेखि २ वर्षभित्रको ४६४ थान र २ वर्ष नाघेका ३०१ थान रहेको थियो । यसरी तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा मुद्दा तथा रिट निवेदनतर्फ २ वर्ष नाघेको बाँकी सङ्ख्या गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा ११४१ थानले कमी हुन आएको देखिन्छ ।

निवेदन, प्रतिवेदन र फुटकर निवेदनतर्फ

आर्थिक वर्ष २०७५/०७६ मा उच्च अदालतहरूमा निवेदन, प्रतिवेदन र फुटकर निवेदनतर्फ जम्मा लगत १४११० थान रहेकोमा, १३६८७ थान (९७.०० प्रतिशत) फछ्र्यौट भई ४२३ थान बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्ष २०७४/०७५ जम्मा लगत १२३७३ थान रहेकोमा, ११५८३ थान (९३.६२ प्रतिशत) फछ्र्यौट भई ७९० थान बाँकी रहेको थियो। तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा बाँकी रहेका निवेदन प्रतिवेदनको संख्या ३६७ थानले कम हुन आएको देखिन्छ।

मुद्दा, रिट निवेदन, निवेदन प्रतिवेदन र फुटकर निवेदनसहित समग्र फछ्र्यौटको अवस्था

यस आर्थिक वर्ष २०७५/०७६ मा उच्च अदालतहरूको मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको समग्र फछ्र्यौटको अवस्था हेर्दा जम्मा लगत ६००७० थान रहेकामा, ४४४८८ थान (७४.०६ प्रतिशत) फछ्र्यौट भई बाँकी संख्या १५५८२ थान रहेको देखिन्छ। गत आर्थिक वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत ५३२३६ थान रहेकामा ३७८४९ थान (७१.१० प्रतिशत) फछ्र्यौट भई बाँकी संख्या १५३८७ थान रहेको थियो। तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा १९५ थानले बढी बाँकी हुन आएको देखिन्छ।

स्तम्भ चित्र नं.४

उच्च अदालतहरूको ५ वर्षको मुद्दा, रिट निवेदन, प्रतिवेदन फुटकर निवेदनसमेतको लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र



इ. जिल्ला अदालत

मुद्दातर्फ

जिल्ला अदालतहरूको मुद्दा फछ्र्यौटको अवस्था विश्लेषण गर्दा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत १५५९८३ थान रहेकामा, ९२२९१ थान (५९.१७ प्रतिशत) फछ्र्यौट भएको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत १३७५३९ थान रहेकामा, ८०९६७ थान (५८.८७ प्रतिशत) फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत १२५७५३ थान रहेकामा, ७३९२२ थान (५८.७८ प्रतिशत) फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७२/०७३ मा जम्मा लगत ११७७१२ थान रहेकामा, ७३३७५ थान (६२.३३ प्रतिशत) फछ्र्यौट भएको थियो। यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा जम्मा लगत ११३३६९ थान रहेकामा, ७४५१४ थान (५५.८७ प्रतिशत) फछ्र्यौट भएको थियो। यसरी तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा मुद्दातर्फ गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा फछ्र्यौट अनुपात १३.९८ प्रतिशतले बढी हुन आएको देखिन्छ।

बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञातर्फ

जिल्ला अदालतहरूको बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनहरूको फछ्र्यौट अवस्था विश्लेषण गर्दा तेस्रो पञ्चवर्षीय रणनीतिक

योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत २२२२ थान रहेकामा, १५२८ थान (६८.७७ प्रतिशत) फछ्र्यौट भएको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत २०१० थान रहेकामा, १२६६ थान (६२.९९ प्रतिशत) फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत १७६७ थान रहेकामा, १२०९ थान (६८.४२ प्रतिशत) फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७२/०७३ मा जम्मा लगत १२७० थान रहेकामा, ८३२ थान (६५.५१ प्रतिशत) फछ्र्यौट भएको थियो। यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा जम्मा लगत १४२२ थान रहेकामा, १०२६ थान (७२.१५ प्रतिशत) फछ्र्यौट भएको थियो। यसरी तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनतर्फ गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा फछ्र्यौट अनुपात २०.६९ प्रशितले बढी हुन आएको देखिन्छ।

मुद्दा तथा रिट निवेदन दुवैतर्फको फछ्र्यौट अवस्था

जिल्ला अदालतहरूको मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनतर्फको समग्र फछ्र्यौटको अवस्था हेर्दा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत १५८२०५ थान रहेकामा, ९३८१९ थान (५९.३० प्रतिशत) फछ्र्यौट भएको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत १३९५४९ थान रहेकामा, ८२२३३ थान (५८.९३ प्रतिशत) फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत १२७५२० थान रहेकामा, ७५१३१ थान (५८.९२ प्रतिशत) फछ्र्यौट भएको थियो। आर्थिक वर्ष २०७२/०७३ मा जम्मा लगत ११९०१३ थान रहेकामा, ७४२१३ थान (६२.३६ प्रतिशत) फछ्र्यौट भएको थियो। यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा जम्मा लगत ११४७९१ थान रहेकामा, ७५५४० थान (६५.८१ प्रतिशत) फछ्र्यौट भएको थियो। यसरी तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनतर्फ गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा फछ्र्यौट अनुपात १४.०८ प्रतिशतले बढी हुन आएको देखिन्छ।

मुद्दा तथा रिट निवेदन दुवैतर्फको बाँकीको अवस्था

मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनतर्फको समग्र बाँकी सङ्ख्याको अवस्था हेर्दा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा जिल्ला अदालतहरूको जम्मा बाँकी लगत ६४३८६ थान रहेको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा ५७३१६ थान, आर्थिक वर्ष २०७३/०७४ मा ५२३८९ थान, आर्थिक वर्ष २०७२/०७३ मा ७४२१२ थान र आर्थिक वर्ष २०७१/०७२ मा ३९२५१ थान बाँकी रहेको थियो। तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा बाँकी रहेका मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन संख्या ७०७० थानले बढी हुन आएको देखिन्छ।

जिल्ला अदालतहरूमा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा १ वर्षभित्रको मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनतर्फको जम्मा ४९६९१ थान, १८ महिनाभित्रको ८३१५ थान, १८ महिनादेखि २ वर्षभित्रको ३१९८ थान र २ वर्ष नाघेको ३१८२ थान बाँकी रहेको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा १८ महिनाभित्रको ५११०२ थान, १८ महिनादेखि २ वर्षभित्रको ३५९४ थान र २ वर्ष नाघेको २६२० थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ मा १८ महिनाभित्रको ४८३८९ थान, १८ महिनादेखि २ वर्षभित्रको १९२३ थान र २ वर्ष नाघेको २०७७ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७२/०७३ मा १८ महिनाभित्रको जम्मा ४१२७४ थान, १८ महिनादेखि २ वर्षभित्रको २४४० थान र २ वर्ष नाघेको १०८३ थान बाँकी रहेको थियो। यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा १८ महिनाभित्रको जम्मा ३७४१९ थान, १८ महिनादेखि २ वर्षभित्रको १२५४ थान र २ वर्ष नाघेका ३१९ थान रहेको थियो। यसरी तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनतर्फ २ वर्ष नाघेको बाँकी सङ्ख्या गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा ५६२ थानले बढी हुन आएको देखिन्छ।

निवेदन, प्रतिवेदन र फुटकर निवेदनको फछ्र्यौटको अवस्था

आर्थिक वर्ष २०७५/०७६ मा जिल्ला अदालतहरूमा निवेदन, प्रतिवेदन र फुटकर निवेदनतर्फको जम्मा लगत १०२३०२ थान रहेकोमा, १०२१३४ थान (९९.८४ प्रतिशत) फछ्र्यौट भई १६८ थान बाँकी रहेको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ जम्मा लगत ४८५२८ थान रहेकोमा, ४८०५९ थान (९९.०३ प्रतिशत) फछ्र्यौट भई ४६९ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ जम्मा लगत ३५८२३ थान रहेकोमा, ३५५८५ थान (९९.३४ प्रतिशत) फछ्र्यौट भई २३८ थान बाँकी रहेको थियो । तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा फछ्र्यौट अनुपात दुई गुणाले बढी हुन आएको देखिन्छ।

मुद्दा, रिट निवेदन, निवेदन, प्रतिवेदन र फुटकर निवेदनको फछ्र्यौटको अवस्था

यस आर्थिक वर्ष २०७५/०७६ मा जिल्ला अदालतहरूमा मुद्दा, बन्दीप्रत्यक्षीकरण तथा निषेधाज्ञाको निवेदन, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको समग्र फछ्र्यौटको अवस्था हेर्दा जम्मा लगत २६०५०७ थान रहेकामा, १९५९५३ थान (७५.२२ प्रतिशत)

फछ्र्यौट भई ६४५५४ थान बाँकी रहेको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा मुद्दा, बन्दीप्रत्यक्षीकरण तथा निषेधाज्ञाको निवेदन, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको समग्र फछ्र्यौटको अवस्था हेर्दा जम्मा लगत १८८०७७ थान रहेकामा, १३०२९२ थान (६९.२८ प्रतिशत) फछ्र्यौट भई ५७७८५ थान बाँकी रहेको थियो। तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा मुद्दा तथा निवेदन प्रतिवेदनहरू गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा फछ्र्यौट अनुपात ५०.३९ प्रतिशतले बढी हुन आएको देखिन्छ।

स्तम्भ चित्र नं.५

जिल्ला अदालततर्फ ५ वर्षको मुद्दा तथा बन्दीप्रत्यक्षीकरण / निषेधाज्ञाको निवेदनसमेतको लगत, फछ्र्यौट र बाँकीको स्तम्भ चित्र



जिल्ला अदालतहरूको विशेष प्रकृतिका निवेदनहरूको लगत फछ्र्यौट र बाँकीको विवरण

विशेष प्रकृतिका निवेदनतर्फ यस आर्थिक वर्ष २०७५/०७६ जम्मा लगत १२२०४ थान रहेकोमा, १२०५३ थान (९८.७६ प्रतिशत) फछ्र्यौट भई १५१ थान बाँकी रहेको देखिन्छ। २०७५ साल भाद्र १ गतेदेखि लागू भएको संहिता कानून आएपछि विशेष प्रकृतिका निवेदनको जिम्मेवारी थप हुन आएका र यस आर्थिक वर्षको लगत हेर्दा यसले जिल्ला अदालतहरूको कार्यबोझ वृद्धि गरेको देखिन्छ।

स्तम्भ चित्र ६

आ.व. २०७५/०७६ मा जिल्ला अदालतहरूको विशेष प्रकृतिका निवेदनहरूको लगत फछ्र्यौट र बाँकीको स्तम्भ चित्र



ई. अन्य अदालत तथा न्यायाधिकरणहरू

अन्य अदालत तथा न्यायाधिकरणतर्फ समग्र मुद्दा फछ्र्यौटको (निवेदन प्रतिवेदनबाहेक) को विश्लेषण गर्दा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत २३२२ थान रहेकामा, ९५६ थान (४१.१७ प्रतिशत) फछ्र्यौट भएको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा (प्रशासकीय अदालतको विवरण नरहेको) जम्मा लगत २११७ थान रहेकामा,

१०५१ थान (४९.६५ प्रतिशत) फछ्र्यौट भएको थियो । आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत २८०३ थान रहेकामा, १५५१ थान (५३.९१ प्रतिशत) फछ्र्यौट भएको थियो । आर्थिक वर्ष २०७२/०७३ मा जम्मा लगत २२१८ थान रहेकामा, ७०२ थान (३१.६५ प्रतिशत) फछ्र्यौट भएको थियो । यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा जम्मा लगत २९८९ थान रहेकामा, १६३७ थान (५४.७७ प्रतिशत) फछ्र्यौट भएको थियो । यसरी तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा भएको समग्र मुद्दातर्फ गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा फछ्र्यौट अनुपात ९ प्रतिशतले घटी हुन आएको देखिन्छ ।

अन्य अदालत तथा न्यायाधिकरणतर्फ बाँकी मुद्दा सङ्ख्याको अवस्था हेर्दा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा जम्मा १३६६ थान बाँकी रहेको देखिन्छ । गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा जम्मा १०६६ थान बाँकी रहेको थियो । आर्थिक वर्ष २०७३/०७४ मा १२९२ थान, आर्थिक वर्ष २०७२/०७३ मा १५१६ थान र आर्थिक वर्ष २०७१/०७२ मा १३५२ थान बाँकी रहेको थियो । तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा बाँकी मुद्दाको लगत ३०० थानले बढी हुन आएको देखिन्छ ।

तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा अन्य अदालत तथा न्यायाधिकरणहरूमा १८ महिनाभित्रको मुद्दा ११७५ थान, १८ महिनादेखि २ वर्षभित्रका ६६ थान र २ वर्ष नाघेका १२५ थान बाँकी रहेको देखिन्छ । गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा १८ महिनाभित्रको मुद्दा ७९९ थान, १८ महिनादेखि २ वर्षभित्रका १४२ थान र २ वर्ष नाघेका १२५ थान बाँकी रहेको थियो । आर्थिक वर्ष २०७३/०७४ मा १८ महिनाभित्रको मुद्दा ८०५ थान, १८ महिनादेखि २ वर्षभित्रका ८३ थान र २ वर्ष नाघेका १०४ थान बाँकी रहेको थियो । आर्थिक वर्ष २०७२/०७३ मा १८ महिनादेखि २ वर्षभित्रका मुद्दा जम्मा २३३ थान र २ वर्ष नाघेका २९९ थान बाँकी रहेको थियो । यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा १८ महिनादेखि २ वर्षभित्रका मुद्दा जम्मा १८९ थान र २ वर्ष नाघेका ३३६ थान बाँकी रहेको थियो । यसरी तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा अन्य अदालत तथा न्यायाधिकरणहरूमा २ वर्ष नाघेको बाँकी मुद्दा सङ्ख्या गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा बराबर अर्थात् १२५ नै कायम हुन आएको देखिन्छ ।

स्तम्भ चित्र नं.७

अन्य अदालत तथा न्यायाधिकरणहरूको ५ वर्षको लगत, फछ्र्यौट र बाँकी मुद्दाको अवस्थाको स्तम्भ चित्र



उ. सबै अदालतहरू तथा न्यायाधिकरणहरूसमेतको मुद्दा, रिट तथा निवेदन र प्रतिवेदनको समष्टि विश्लेषण (विशेष प्रकृतिका निवेदनबाहेक)

सबै अदालतहरू तथा न्यायाधिकरणहरूसमेतको मुद्दा, रिट तथा निवेदन प्रतिवेदनको समष्टिगत रूपमा विश्लेषण गर्दा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत ३५८८२६ थान रहेकोमा २५३१३९ थान (७०.५५ प्रतिशत) फछ्र्यौट भएको देखिन्छ । गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ मा जम्मा लगत २७६१४७ थान रहेकोमा १८१६११ थान (६५.७७ प्रतिशत) फछ्र्यौट भएको थियो । आर्थिक वर्ष २०७३/०७४ मा जम्मा लगत २५४५२९ थान रहेकोमा १५७४९५ थान (६१.८८ प्रतिशत) फछ्र्यौट भएको थियो । आर्थिक वर्ष २०७२/०७३ मा जम्मा लगत २०७३६१ थान रहेकोमा ११८२५१ थान (५७.०३ प्रतिशत) फछ्र्यौट भएको थियो । यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा जम्मा लगत २०१८४४ थान रहेकोमा, १२३९४८ थान (६१.४१ प्रतिशत) फछ्र्यौट भएको थियो । यसरी तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा मुद्दा तथा रिट र निवेदन प्रतिवेदनसमेत तर्फ गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा फछ्र्यौट अनुपात ३९.३८ प्रतिशतले बढी हुन आएको देखिन्छ ।

स्तम्भ चित्र नं.८

सबै अदालत तथा न्यायाधिकरणहरूको ५ वर्षको जिम्मेवारी, नयाँ दर्ता, फछ्र्यौट र बाँकी मुद्दाको स्थितिको स्तम्भ चित्र



ऊ. सबै अदालतहरू तथा न्यायाधिकरणहरूसमेतको मुद्दा, रिट तथा निवेदन र प्रतिवेदन तथा विशेष प्रकृतिका निवेदनसहितको समष्टि विश्लेषण

संहिता कानून आएपछि विशेष प्रकृतिका निवेदन हेर्ने क्षेत्राधिकार जिल्ला अदालतलाई प्रदान गरेकोबमोजिम दर्ता हुन आएको निवेदन संख्या १२२०४ रही जम्मा लगत ३७१०३० हुन गएको र सो मध्ये विशेष प्रकृतिका निवेदनको फछ्र्यौट संख्या १२०५३ जोड्दा कूल फछ्र्यौट २६५१९२ हुन गै बाँकी लगत १०५८३८ रहेको देखिन्छ।

ए. सबै अदालतहरू तथा न्यायाधिकरणहरूको बाँकी तथा २ वर्ष नाघेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको विवरण

सबै अदालत तथा न्यायाधिकरणहरूमा गरी आर्थिक वर्ष २०७५/०७६ को अन्त्यसम्ममा बाँकी मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदन (विशेष प्रकृतिका निवेदनबाहेक) समेतको संख्या १०५६८७ थान रहेकोमा सोमध्ये २ वर्ष नाघेको संख्या १२८२९ रहेको देखिन्छ। गत वर्ष अर्थात् आर्थिक वर्ष २०७४/०७५ को अन्त्यसम्ममा मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेत गरी ९४५३६ थान बाँकी रहेकोमा सोमध्ये २ वर्ष नाघेको संख्या १२९१८ रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ को अन्त्यसम्ममा ९७०३४ थान बाँकी रहेकोमा सोमध्ये २ वर्ष नाघेको १३९०६ थान रहेको थियो। आर्थिक वर्ष २०७२/०७३ को अन्त्यसम्ममा ८९०७३ थान बाँकी रहेकोमा सोमध्ये २ वर्ष नाघेको १२३६५ थान बाँकी रहेको थियो। आर्थिक वर्ष २०७१/०७२ को अन्त्यसम्ममा ७७८९६ थान बाँकी रहेकोमा सोमध्ये २ वर्ष नाघेको १००१५ थान रहेको थियो। यसरी तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा मुद्दा तथा रिट र निवेदन प्रतिवेदनसमेतको बाँकी संख्या गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा ११५४४ थानले बढी हुन आएको छ भने २ वर्ष नाघेको मुद्दा ८९ थानले कम हुन आएको छ।

तालिका नं. १२

सबै अदालतहरूको आर्थिक वर्ष २०६६/०६७ देखि आर्थिक वर्ष २०७५/०७६ सम्मको आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको २ वर्ष नाघेको मुद्दा र रिटको संख्या

सि. नं.	अदालतको नाम	आर्थिक वर्ष									
		०६६/६७	०६७/६८	०६८/६९	०६९/७०	०७०/७१	०७१/७२	०७२/७३	०७३/७४	०७४/७५	०७५/७६
१	सर्वोच्च अदालत	२८९७	२२७८	२४७२	४७७२	७६१८	८८००	१०७७२	१०४३२	८९२०	९३८३
२	उच्च अदालतहरू	३८०	२२६	१३६	३०८	३७८	३०१	२११	१२९३	१२५३	११२

३	जिल्ला अदालतहरू	२२७०	१८६८	१६२५	२१३३	१२३७	५७८	१०८३	२०७७	२६२०	३१८२
४	अन्य अदालत तथा न्यायाधिकरण	४८	१५७	१७४	१६५	३४८	३३६	२९९	१०४	१२५	१२५
जम्मा		**५५९५**	**४५२९**	**४४०७**	**७३७८**	**९५८१**	**१००१५**	**१२३६५**	**१३९०६**	**१२९१८**	**१२८०२**

न्यायपालिकाको तेस्रो रणनीतिक योजनाले मुद्दा फछ्र्यौटको अवधिगत लक्ष्य निर्धारण गरी जिल्ला तथा उच्च अदालतहरूको हकमा १८ महिनाभित्र र सर्वोच्च अदालतको हकमा २ वर्षभित्र सबै मुद्दा फछ्र्यौट गरी सक्ने लक्ष्य राखेको भएपनि तीनै तहका अदालतहरूमा २ वर्ष नाघेका मुद्दाहरू रहेको अवस्था छ। विगत १० वर्षदेखि सबै अदालत र न्यायाधिकरणहरूमा २ वर्ष नाघेका मुद्दाहरूको अवस्था विश्लेषण गर्दा गत आर्थिक वर्ष २०७४/०७५ मा १२९१८ रहेकोमा यस आर्थिक २०७५/०७६ मा १२८०२ रहेको देखियो। यो गत वर्षको तुलनामा ११६ थानले कमी रहेको देखिन्छ। सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरूको २ वर्ष नाघेको मुद्दाको १० वर्षको प्रवृत्ति (Trend) देहायको रेखा चित्रमा प्रस्तुत गरिएको छ।

रेखा चित्र नं. १०

सबै अदालतहरूको आर्थिक वर्ष २०६६/०६७ देखि आर्थिक वर्ष २०७५/०७६ सम्मको आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको २ वर्ष नाघेको मुद्दाको रेखा चित्र



तालिका नं. १३

सबै अदालत तथा न्यायाधिकरणहरूमा १८ महिना नाघेका मुद्दा र रिट निवेदनहरूको तालिका

सर्वोच्च अदालत	उच्च अदालतहरू	जिल्ला अदालतहरू	अन्य अदालत तथा न्यायाधिकरणहरू	जम्मा
१०९१३	४५४	६३८०	१९१	१७९३८

न्यायपालिकाको तेस्रो रणनीतिक योजनाले मुद्दा फछ्र्यौटको अवधिगत लक्ष्य निर्धारण गरी जिल्ला तथा उच्च अदालतहरूको हकमा १८ महिनाभित्र र सर्वोच्च अदालतको हकमा २ वर्षभित्र सबै मुद्दा फछ्र्यौट गरी सक्ने लक्ष्य राखेको छ। यस आर्थिक वर्ष १८ महिना नाघेका बाँकी मुद्दाहरू १७९३८ थानमध्ये सर्वोच्च अदालतमा १०९१३ थान, उच्च अदालतहरूमा ४५४ थान, जिल्ला अदालतहरूमा ६३८० थान र अन्य अदालत तथा न्यायाधिकरणहरूमा १९१ थान बाँकी रहेका छन्। सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरूको १८ महिना नाघेको मुद्दाहरू देहायको वृत्त चित्रमा प्रस्तुत गरिएको छ।

वृत्त चित्र नं. १
सबै अदालत तथा न्यायाधिकरणहरूमा १८ महिना नाघेका मुद्दाहरूको विवरणको वृत्त चित्र



ए. तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्षको सबै अदालतहरूको कार्य सम्पादनको संक्षिप्त विश्लेषण

सर्वोच्च अदालत

सर्वोच्च अदालतमा यस आर्थिक वर्ष जिम्मेवारी सरी आएका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेत २०२९८ थान र नयाँ दर्ता १४६२४ गरी जम्मा लगत ३४९२२ थानमध्ये १०७४२ थान फछ्र्यौट भई २४१८० थान बाँकी रहन गएको देखिन्छ। सर्वोच्च अदालतको कूल फछ्र्यौट प्रतिशत ३०.७६ रहेको छ। गत आर्थिक वर्ष १२४१९ फछ्र्यौट भई कूल फछ्र्यौट प्रतिशत ३२.९५ प्रतिशत रहेको थियो। अघिल्लो आर्थिक वर्षको तुलनामा मुद्दा फछ्र्यौट अनुपात १३.५० प्रतिशतले कमी भएको देखिन्छ।

उच्च अदालत

उच्च अदालतहरूमा यस आर्थिक वर्ष मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेत जिम्मेवारी सरी आएका १५३८७ थान र नयाँ दर्ता ४४६८३ थान गरी जम्मा लगत ६००७० थानमध्ये ४४४८८ थान फछ्र्यौट भई १५५८२ थान बाँकी रहन गएका छन्। उच्च अदालतको कूल फछ्र्यौट प्रतिशत ७१.८१ प्रतिशत रहेको छ। गत आर्थिक वर्ष ३७८४९ थान फछ्र्यौट भई कूल फछ्र्यौट प्रतिशत ७१.१० प्रतिशत रहेको थियो। अघिल्लो आर्थिक वर्षको तुलनामा मुद्दा फछ्र्यौट अनुपात १७.५४ प्रतिशतले वृद्धि भएको देखिन्छ।

जिल्ला अदालत

जिल्ला अदालतहरूमा यस आर्थिक वर्ष मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेत (विशेष प्रकृतिका निवेदनबाहेक) जिम्मेवारी सरी आएका ५७७८५ र नयाँ दर्ता २०२७२२ थान गरी जम्मा लगत २६०५०७ थानमध्ये १९५९५३ थान मुद्दा फछ्र्यौट भई ६४५५४ थान मुद्दा बाँकी रहन गएका छन्। जिल्ला अदालतहरूको कूल फछ्र्यौट प्रतिशत ७५.२२ रहेको छ। गत आर्थिक वर्ष १३०२९२ थान फछ्र्यौट भई कूल फछ्र्यौट प्रतिशत ६९.२८ प्रतिशत रहेको थियो। अघिल्लो आर्थिक वर्षको तुलनामा समग्र मुद्दा फछ्र्यौटको अनुपात ५०.३९ प्रतिशतले वृद्धि भएको देखिन्छ।

अन्य अदालत तथा न्यायाधिकरण

अन्य अदालत तथा न्यायाधिकरणहरूमा (निवेदन प्रतिवेदनबाहेक) यस आर्थिक वर्ष जिम्मेवारी सरी आएका १०७२ थान र नयाँ दर्ता १२५० गरी जम्मा लगत २३२२ थानमध्ये ९५६ थान फछ्र्यौट भई १३६६ थान बाँकी रहन गएका छन्। अन्य अदालत तथा न्यायाधिकरणको कूल फछ्र्यौट प्रतिशत ४१.१७ रहेको छ। गत आर्थिक वर्ष जम्मा लगत २११७ मध्ये १०५१ फछ्र्यौट भएको थियो। अघिल्लो आर्थिक वर्षको तुलनामा मुद्दा फछ्र्यौटको अनुपात ९ प्रतिशतले कमी भएको देखिन्छ।

सबै अदालत तथा न्यायाधिकरणहरूको समग्र अवस्था

सबै अदालत तथा न्यायाधिकरणमा यस आर्थिक वर्ष निवेदन प्रतिवेदन र विशेष प्रकृतिका निवेदनसहित मुद्दाहरू जिम्मेवारी सरी आएका ९४५५२ थान र नयाँ दर्ता २७६४७८ थान गरी जम्मा लगत ३७१०३० थानमध्ये २६५१९२ थान फछ्र्यौट भई १०५८३८ थान बाँकी रहन गएका छन्। सबै अदालत तथा न्यायाधिकरणको कूल फछ्र्यौट प्रतिशत ७१.४७ रहेको छ। गत आर्थिक वर्ष कूल फछ्र्यौट प्रतिशत

६५.७७ प्रतिशत रहेको थियो। सबै अदालत तथा न्यायाधिकरणमा अघिल्लो आर्थिक वर्षको फछ्र्यौंट १८१६११ को तुलनामा यस आर्थिक वर्ष मुद्दा फछ्र्यौंटको अनुपात ४६ प्रतिशतले बढी भएको अवस्था छ।

ख. फैसला कार्यान्वयनतर्फ

अदालतको फैसलाले कायम गरेको दण्ड जरिवानाको प्रभावकारीरूपमा असुली हुन नसकेको कारण प्रत्येक वर्ष कैद जरिवानाको लगत सङ्ख्या बढ्दै गइरहेको परिप्रेक्ष्यमा तेस्रो रणनीतिक योजनाले फैसला कार्यान्वयनतर्फ विशेष चासो दिँदै यस कार्यलाई विशेष अभियानका रूपमा सञ्चालन गर्ने व्यवस्था गरेको छ।

योजनाले तुलनात्मक रूपमा बढी लगत भएका अदालतहरूमा फैसला कार्यान्वयनको विशेष अभियान लागू गर्ने रणनीति लिएअनुरूप बढी लगत भएका विभिन्न १६ जिल्लामा २०७१ कात्तिक १ गतेदेखि पहिलो चरणमा र थप विभिन्न ८ जिल्लामा २०७२ माघ १ गतेदेखि दोस्रो चरणमा फैसला कार्यान्वयन अभियान सञ्चालन गरिएको छ। सर्वोच्च अदालतको मिति २०७१/०६/३० को पूर्ण बैठकबाट फैसला कार्यान्वयन विशेष अभियान निर्देशिका, २०७१ पारित भई कार्यान्वयनमा रहेको छ।

यस आर्थिक वर्ष फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतहरूबाट गरी असुल हुनुपर्ने कैदको कूल लगत १५६११२।१।१० (एक लाख छपन्न हजार एक सय बाह्र वर्ष एक महिना दश दिन) रहेकामा सोमध्ये ५२२७५।१०।०६ (बाउन्न हजार दुई सय पचहत्तर वर्ष दश महिना छ दिन) अर्थात् ३३.४९ प्रतिशत कैद असुल भई १०३८३६।३।०४ (एक लाख तीन हजार आठ सय छत्तीस वर्ष तीन महिना चार दिन) कैद असुल हुन बाँकी रहेको देखिन्छ।

यस आर्थिक वर्ष सबै जिल्ला अदालतहरूबाट गरी असुल हुनुपर्ने जरिवानाको कूल लगत रू.१५८२४९३८८१६.८२ (पन्ध्र अरब बयासी करोड उन्पचास लाख अठ्तीस हजार आठ सय सोह्र रूपैयाँ बयासी पैसा) रहेकामा सोमध्ये रू.३९२१५६३८४३.०२ (अक्षरेपी तीन अरब बयानब्बे करोड पन्ध्र लाख त्रिसठ्ठी हजार आठ सय त्रिचालीस रूपैयाँ दुई पैसा) (२४.७८ प्रतिशत) असुल भई रू.११९०३३७४९७३.८० (एघार अरब नब्बे करोड तेत्तीस लाख चौहत्तर हजार नौ सय त्रिहत्तर रूपैयाँ असी पैसा) असुल हुन बाँकी रहेको देखिन्छ।

विशेष अभियान लागू गरेपश्चात् कैदतर्फ १३१७ वर्ष २ महिना ४ दिन कैद फछ्र्यौंट भएको र रू.३९७४२४२००.९९ जरिवाना फछ्र्यौंट भएकोमध्ये नगद असुलीतर्फ रू.६९७११३११.२९ र कैद ठेकेर असुल भएको रू.३२७७१२८८९.७० देखिन्छ। यसरी कैद जरिवाना र नगद असुली गरिएको व्यक्ति सङ्ख्या २४१८ रहेको देखिन्छ।

तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा कैद र जरिवाना असुलीमा अपेक्षित नतिजा प्राप्त हुन सकेको देखिएन। यस आर्थिक वर्षमा फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरूको जम्मा लगत २५४१९ थान रहेकामा १४४७४ थान (५६.९४ प्रतिशत) निवेदनहरू फछ्र्यौंट भई १०९४५ थान निवेदन बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्ष फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरूको जम्मा लगत २०९८४ थान रहेकामा १२५६७ थान (५९.८९ प्रतिशत) निवेदनहरू फछ्र्यौंट भई ८४१७ थान निवेदन बाँकी रहेको थियो। यसरी तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा फैसला कार्यान्वयनका निवेदनहरू गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा संख्यात्मक रूपमा १९०७ थानले बढी र प्रतिशतका आधारमा १५.१७% ले बढी फछ्र्यौंट भएको छ।

फैसला कार्यान्वयनका बाँकी रहेका निवेदनहरू १०९४५ थानमध्ये ६ महिनाभित्रका ६८२९ (६२.४०) प्रतिशत, छ महिनादेखि नौ महिनाभित्रका १५४१ (१४.०७) प्रतिशत, नौ महिनादेखि एक वर्षभित्रका १०४० (९.५०) प्रतिशत, एक वर्ष नाघेका १५३५ (१४.०२) प्रतिशत, निवेदनहरू बाँकी रहेको अवस्था छ।

स्तम्भ चित्र नं.९

जिल्ला अदालतहरूमा फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरूको विगत ५ वर्षको जिम्मेवारी, नयाँ दर्ता, फछ्र्यौंट तथा बाँकीको विवरणको स्तम्भ चित्र



ग. सुपरीवेक्षण तथा निरीक्षण गर्ने कार्यतर्फ

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले सुपरीवेक्षण र अनुगमनको कार्यअन्तर्गत अदालतहरूलाई प्रत्येक वर्ष आफ्नो र मातहत अदालत, अर्धन्यायिक निकाय र कारागारको काम कारबाहीको सुपरीवेक्षण र अनुगमन गर्ने र निरीक्षणबाट दिइएका सुझावहरू कार्यान्वयन गरी ६ महिनाभित्र प्रतिवेदन गर्ने लक्ष्य तय गरी त्यसको नतिजा परिसूचकसमेत निर्धारण गरेको छ। योजनाले निर्धारण गरेअनुरूप सुपरीवेक्षण र अनुगमनको कार्यलाई प्रभावकारी बनाउन सर्वोच्च अदालतमा अनुगमन तथा निरीक्षण महाशाखाबाट मातहत अदालतको निरीक्षण कार्यतालिका बनाउने, केन्द्रीय रूपमा सबै निरीक्षण प्रतिवेदनहरू सङ्कलन गर्ने र निरीक्षणको क्रममा दिइएका निर्देशनहरू कार्यान्वयन भए नभएको अनुगमन गर्ने कार्य निरन्तर रूपमा भइरहेको छ। सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूलाई उच्च अदालत र मातहतका अदालत तथा निकायहरूको निरीक्षण तथा अनुगमन गर्न क्षेत्रगत रूपमा जिम्मेवारी प्रदान गर्ने पद्धति अपनाइएको छ। यस आर्थिक वर्षमा सबै उच्च अदालतहरूको निरीक्षणको कार्य सम्पन्न भएको छ। त्यसैगरी उच्च अदालतहरूबाट मुस्ताङ जिल्ला अदालतबाहेक ७६ जिल्ला अदालतहरूको निरीक्षणको कार्य सम्पन्न भएको छ।

२.२.२ न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउने

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले न्यायालयबाट हुने न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउन मुद्दामा हुने चरणबद्ध काम कारबाहीको बारेमा सम्बन्धित पक्षहरूलाई पूर्वजानकारी हुने र यसमा लाग्ने समयसमेतको तालिका बनाई त्यसको जानकारी पक्षलाई दिने व्यवस्थाको लागू गर्ने क्रियाकलाप निर्धारण गरेको छ। हाल ललितपुर, भक्तपुर, मकवानपुर, चितवन, नवलपरासी, तनहुँ, दाङ, कैलाली, कञ्चनपुर, डडेलधुरा, सुर्खेत, दैलेख, झापा, मोरङ, सप्तरी, महोत्तरी, बारा, सिन्धुपाल्चोक, स्याङ्जा, म्याग्दी, कपिलवस्तु, सल्यान, बाँके, रूपन्देही, कास्की गरी पच्चीसवटा जिल्ला अदालतहरूमा समय तालिका पद्धति लागू भएको छ। औपचारिक रूपमा यस कार्यक्रम लागू नगरिएका प्युठान, रूकुमलगायतका कतिपय जिल्ला अदालतहरूमा समेत तोकिएको कार्य तोकिएकै समयमा सम्पन्न गर्ने गरी समय तालिका पद्धतिको अभ्यास गरेका छन्। यस आर्थिक वर्ष सफ्टवेयर परिमार्जन र थप २५ जिल्लामा समयतालिका पद्धति लागू गर्ने कार्यक्रम रहेको भए पनि कार्यान्वयनमा आउन सकेन।

२.२.३ न्याय प्रणालीलाई पहुँचयोग्य बनाउने

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले निर्धारण गरेको लक्ष्य पूरा गर्ने उद्देश्यले मिति २०७२/४/१० गते सर्वोच्च अदालतले न्यायिक काम कारबाही सहज पहुँचयोग्य बनाउने गरी न्यायमा पहुँच आयोग गठन गरेको थियो। सो आयोगले न्यायिक काम कारबाहीलाई पहुँचयोग्य बनाउनको लागि सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूमा लक्षित वर्गको हक अधिकारसम्बन्धमा सचेतना कार्यक्रम, सेवाग्राहीसँग गरिने व्यवहारसम्बन्धमा प्रशिक्षण, न्यायिक सुशासनसम्बन्धी प्रशिक्षण र न्यायिक काम कारबाहीको बारेमा जानकारीमूलक पुस्तिका, रेडियो, टेलिभिजनमार्फत जनचेतनामूलक सामग्री प्रसारणलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ।

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले अदालतबाट हुने काम कारबाहीहरूलाई पारदर्शीरूपमा सम्पन्न गर्दै न्यायालयलाई आम जनताको सहज पहुँचयोग्य बनाउने लक्ष्य लिएको छ। अदालतबाट प्रदान गरिने सेवा सुविधा एवम् न्यायिक प्रक्रियाबारेमा सेवाग्राहीलाई जानकारी दिनका लागि अदालतहरूमा सूचना तथा सहायता कक्षको स्थापना गरी सञ्चालनमा ल्याउने रणनीतिअनुरूप सबै अदालतहरूमा सूचना तथा सहायता कक्षको स्थापना गरिएको छ। उक्त कक्षबाट अदालतमा पहिलोपटक प्रवेश गर्ने सेवाग्राहीहरूको लागि अदालतले दिने सेवा सुविधाहरू एवम् न्यायिक प्रक्रियाका सम्बन्धमा जानकारी दिनेलगायतका परामर्श सेवा सञ्चालन गरिएको छ।

अदालतबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराउनका लागि प्रत्येक जिल्ला, उच्च र सर्वोच्च अदालतमा वैतनिक कानून व्यवसायीको सेवा प्रदान गरिएको छ। वैतनिक कानून व्यवसायीको सेवालाई केवल पक्षहरूको तर्फबाट बहस पैरवी गर्ने काममा मात्र सीमित नगरी आवश्यकताअनुसार लिखत तयारी, परामर्श सेवा, साक्षी परीक्षण, असमर्थ पक्षको तारेखमा बस्ने र नियमितरूपमा कारागारको भ्रमण गरी सेवा र परामर्श दिने गरी कार्यक्षेत्र विस्तार गरिएको छ।

यस आर्थिक वर्ष २०७५/०७६ मा सर्वोच्च अदालतमा वैतनिक कानून व्यवसायीबाट २५० थान मुद्दामा लिखत तयारी, ३८५ थान टेम्प्लेट भरेको, ६९९ जनालाई परामर्श सेवा प्रदान, १७३ थान मुद्दामा बहस र ३८ पटक कारागार भ्रमण गरी बन्दीहरूलाई कानूनी परामर्श प्रदान गरिएको देखिन्छ। सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूमा वैतनिक कानून व्यवसायीबाट प्रदान गरिएका सेवाहरूको विस्तृत विवरण परिशिष्ट- ८९ मा राखिएको छ।

अदालतसमक्ष दायर भएका मुद्दाहरूको दिगो समाधान गर्ने उद्देश्यले विगत केही वर्षदेखि विवाद समाधानमा मेलमिलाप प्रक्रियाको अवलम्बन गरिँदै आएको छ। मेलमिलाप पद्धतिद्वारा विवादको समाधान गरिने प्रक्रियालाई प्रभावकारी बनाउन मेलमिलाप केन्द्रहरूको सुदृढीकरण तथा न्यायाधीश, कर्मचारी तथा मेलमिलापकर्ताहरूलाई आवश्यक तालिम तथा अन्तर्क्रियाजस्ता क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिएका छन्। तेस्रो रणनीतिक योजनाले निर्धारण गरेअनुरूप मेलमिलाप प्रक्रियाको न्यायाधीशगत अभिलेख राख्ने पद्धतिको सुरूवात गरिएको छ। सर्वोच्च अदालतमा आर्थिक वर्ष २०७५/०७६ मा २६७ थान मुद्दाहरू मेलमिलाप केन्द्रमा मेलमिलापको लागि पठाइएकोमा २४ थान मुद्दाहरूमा विवादका पक्षहरूबिच मेलमिलाप भएको देखिन्छ। सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूमा आर्थिक

वर्ष २०७५/०७६ मा मेलमिलाप हुन सक्ने जम्मा मुद्दा १०९९०२ मध्ये २११४८ थान मुद्दाहरू मेलमिलाप केन्द्रमा मेलमिलापको लागि पठाइएकोमा ३८६० थान मुद्दाहरूमा विवादका पक्षहरूबिच मेलमिलाप भएको देखिन्छ। मेलमिलाप हुन सक्ने जम्मा मुद्दा सङ्ख्याको १९.२४ प्रतिशत मुद्दाहरू मात्र मेलमिलापको लागि मेलमिलाप केन्द्रमा पठाएको देखियो। मेलमिलापमा पठाइएका मुद्दाहरूमध्ये मेलमिलाप भएका मुद्दाको प्रतिशत १८.२५ रहेको देखिन्छ। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट- ८८ मा प्रस्तुत गरिएको छ।

योजनाले न्यायप्रणालीलाई पहुँचयोग्य बनाउन अदालतका भौतिक संरचनालाई सेवाग्राहीको आवश्यकताअनुसार सुविधाजनक तुल्याउने रणनीति अख्तियार गरेको छ। यस आर्थिक वर्ष साधन स्रोतको उपलब्धताअनुसार सेवाग्राहीलाई बस्नको लागि उपयुक्त प्रतीक्षालय, स्वच्छ पिउने पानीको व्यवस्था, शौचालय निर्माणलगायतका कार्यहरू भएका छन्। नयाँ निर्माण गरिने भवनहरूमा अपाङ्गमैत्री, पीडित तथा साक्षीहरूको संरक्षण, बालबालिका तथा गोपनीयता कायम गर्नुपर्ने पक्षहरूको आवश्यकतालाई ध्यानमा राखी निर्माण कार्य गर्ने गरिएको छ।

२.२.४ न्यायपालिकाप्रति आस्था र विश्वास अभिवृद्धि गर्ने

न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने न्यायपालिकाको तेस्रो रणनीतिक योजनाको लक्ष्य प्राप्त गर्नका लागि न्यायिक प्रक्रिया, अदालतबाट प्राप्त हुने सेवा सुविधा एवम् अदालतको काम कारबाहीसमेतका बारेमा सरोकारवालाहरूसमक्ष सही सूचना सम्प्रेषण गर्ने क्रियाकलापहरू निर्धारण गरिएको छ। यसबाट अदालत र अदालतको कार्यप्रणालीका बारेमा सर्वसाधारण जनताको बुझाइमा सकारात्मक प्रभाव पर्ने विश्वास गरिएको छ।

सर्वोच्च अदालतमा विचाराधीन मुद्दाका पक्षले मुद्दाको काम कारबाहीबारे मोबाइल फोनमार्फत संक्षिप्त सूचना सेवा (एस.एम.एस.) पाउने पद्धतिको सुरूवात गरिएको छ। यसबाट मुद्दाको पेसी तथा अन्य काम कारबाहीको जानकारी पक्षहरूले अदालतलाई उपलब्ध गराएको मोबाइल नम्बरमा स्वचालितरूपमा प्रवाह हुने प्रबन्ध मिलाइएको छ।

सर्वोच्च अदालत सूचना प्रविधि महाशाखाबाट प्राप्त विवरणअनुसार यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा कारबाहीयुक्त अवस्थामा रहेका जम्मा १३३६७ थान मुद्दाका सेवाग्राहीले २९७ संक्षिप्त सूचना सेवा (एस.एम.एस.) माग गरेको र ५३५०० संक्षिप्त सूचना सेवा (एस.एम.एस.) पठाइएको साथै उच्च अदालतमा यस आर्थिक वर्षमा जम्मा २३३० थान मुद्दाका सेवाग्राहीले ९३ संक्षिप्त सूचना सेवा (एस.एम.एस.) माग गरेको र ३२०१२ संक्षिप्त सूचना सेवा (एस.एम.एस.) पठाई संक्षिप्त सूचना सेवा (एस.एम.एस.) आदान प्रदान गरेको देखिन्छ। यसबाहेक सबै अदालतका मुद्दाको काम कारबाहीलाई सर्वोच्च अदालतको वेवसाइटमा राखी सोमार्फत आवश्यक सूचना र जानकारी लिन सकिने पद्धतिको सञ्चालन गरिएको छ।

न्यायपालिकाको काम कारबाहीको सम्बन्धमा सेवाग्राहीहरूको उजुरी एवम् गुनासो सुन्ने प्रयोजनको लागि सम्माननीय प्रधान न्यायाधीशको निजी सचिवालयमा टोल फ्री नम्बर जडान गरिएको छ। उक्त नम्बरमार्फत प्राप्त गुनासो तथा उजुरीउपर आवश्यक कारबाही भएका छन्। लिखित रूपमा प्राप्त जम्मा २०६ थान, इमेलमार्फत २५० थान र टोल फ्री नम्बरमार्फत ९७५ थान र मौखिक ७५० समेत गरी जम्मा २१८१ थान उजुरी तथा गुनासोहरू प्राप्त भएकामा सबै उजुरी फछ्यौंट भइसकेका छन्। मातहत अदालतहरूमा हुने अनियमितता र गुनासोको सुनुवाइ गर्न प्रत्येक अदालतको स्रेस्तेदार वा रजिस्ट्रार तथा मुख्य न्यायाधीशबाटै हुने प्रभावकारी संयन्त्रको स्थापना गर्ने रणनीति अवलम्बन गरिएको छ।

अदालतको कार्य सम्पादन र सेवाको गुणस्तरमा सुधार ल्याउन अदालतका प्रयोगकर्ता, कर्मचारी र अन्य सरोकारवालाहरूको दृष्टिकोणसम्बन्धमा सर्वेक्षण गर्न सुझाव पेटिकाको उपयोग गरिएको छ। अदालतहरूमा हुनसक्ने अनियमितता नियन्त्रणका लागि सूक्ष्म निगरानीलाई अभियानका रूपमा अगाडि बढाइएको छ। रणनीतिक योजनामा निर्धारित कार्यक्रमअनुरूप न्यायिक प्रक्रियाका सम्बन्धमा समुदायका विभिन्न वर्गहरूलाई यथार्थ जानकारी दिने र समुदायको अदालत र न्यायिक प्रक्रियाप्रतिको धारणाका सम्बन्धमा समेत दोहोरो संवादको अवस्था सिर्जना गर्न न्यायिक अन्तर संवादको कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस आर्थिक वर्ष २०७५/०७६ मा देशभरमा ३६८ न्यायिक अन्तर संवाद कार्यक्रम सञ्चालन भएका छन्। जसमध्ये उच्च अदालत तथा उच्च अदालतका इजलासहरूमा ७४ र जिल्ला अदालतहरूमा २९४ वटा कार्यक्रम सञ्चालन भएका छन। यससम्बन्धी विवरण परिशिष्ट-९१ मा प्रस्तुत गरिएको छ।

यसैगरी मुद्दाका पक्षहरूले उच्च अदालत र जिल्ला अदालतहरूमा प्रत्यक्षरूपमा न्यायाधीशसँग अन्तर्क्रिया गर्नसक्ने गरी न्यायाधीशसँग संवाद कार्यक्रमहरू सञ्चालन गरिएका छन्। यस आर्थिक वर्ष २०७५/०७६ मा देशभर ९६४ पटक न्यायाधीशसँग संवाद कार्यक्रमहरू सञ्चालन गरिएकामा सोमध्ये उच्च अदालत तथा उच्च अदालतका इजलासहरूले १६४ र जिल्ला अदालतहरूले ८०० पटक न्यायाधीशसँग संवाद कार्यक्रम गरेका छन्। यससम्बन्धी कार्यक्रमको विस्तृत विवरण परिशिष्ट-९१ मा दिइएको छ।

२.३ सहयोगी रणनीतिहरू

तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले चारवटा मूल लक्ष्य निर्धारण गरी ती लक्ष्य प्राप्तिको लागि १७ वटा मूल रणनीति तय गरेको थियो। मूल रणनीतिका अतिरिक्त योजनालाई प्रभावकारीरूपमा कार्यान्वयन गरी योजनाले लिएका लक्ष्यहरूलाई पूरा गर्न ९ वटा सहयोगी रणनीतिहरू निर्धारण गरिएको छ। जसअन्तर्गत योजना कार्यान्वयन प्रणालीलाई सुदृढ बनाउने, मुद्दा व्यवस्थापन पद्धतिमा सुधार गर्ने, अदालतको भौतिक पूर्वाधार विकास गरी आधुनिक मापदण्डअनुरूप तुल्याउने, अदालतमा सूचना प्रविधिको प्रयोगलाई संस्थागत गर्ने, न्यायिक स्वतन्त्रता र स्वायत्तताका मूल्यहरूको जगेर्ना गर्ने, न्यायिक उत्तरदायित्व र उत्पादकत्व वृद्धि गर्ने, सरोकारवालाहरूसँगको सम्बन्ध र समन्वयलाई सुदृढ

गर्दै न्याय र कानूनसम्बन्धी अध्ययन अनुसन्धान र यससँग सम्बन्धित कुराहरूलाई निरन्तरता दिने रणनीतिक कार्यक्रम सञ्चालन गरिएको छ।

न्यायालयमा मानव संसाधनको व्यवस्थापनको लागि मन्त्रिपरिषद्बाट स्वीकृत भएको अदालतको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनबमोजिम प्रतिवेदन वर्षका लागि निर्धारित ४२४ दरबन्दीमध्ये विभिन्न पदमा गरी ४०६ जनाको पदपूर्ति गरिएको छ।

२.३.१ सूचना र सञ्चार प्रविधिको प्रयोगलाई संस्थागत गर्ने

यस आर्थिक वर्ष २०७५/२०७६ मा सूचना प्रविधिसम्बन्धी रणनीतिक कार्यक्रमहरू कार्यान्वयन गर्ने क्रममा Disaster Recovery Centre स्थापना गरिएको छ। सोका लागि सर्भर स्थापनालगायतका पूर्वाधार तयारीका विभिन्न सामग्रीहरू व्यवस्थापन गरिएको छ। तीन तहका अदालतमा सञ्चालनमा रहेका सफ्टवेयरहरूको Integration को कामलाई आगामी आर्थिक वर्षको पहिलो ६ महिनाभित्र सम्पन्न गर्ने गरी अगाडि बढाइएको छ। यसका अतिरिक्त सर्वोच्च अदालत र मातहत अदालतहरूमा प्रिन्टर, ल्यापटपलगायतका उपकरणहरू खरिद गरी उपलब्ध गराउने कार्यहरू सम्पन्न भएका छन्। जसअन्तर्गत यस आर्थिक वर्ष २०७५/०७६ मा प्रिन्टर ४३ थान, ल्यापटप १७ थान खरिद गरिएको छ। सूचना प्रविधिको प्रयोगका सम्बन्धमा मातहत अदालतहरूको निरीक्षण तथा अनुगमन गर्ने, अदालतहरूमा रहेका कम्प्युटरहरूको आवश्यकताअनुसार स्तरोन्नति गर्ने, तहसिलका दण्ड जरिवानासम्बन्धी लगत विवरणको सफ्टवेयर तयार गर्ने, विभिन्न सफ्टवेयरहरूको निर्माण तथा परिमार्जन गर्ने, मुद्दा व्यवस्थापन पद्धति तथा कानूनी सूचना केन्द्र (एल.आई.सी.) को सफ्टवेयर युनिकोडमा रूपान्तरण गर्नेलगायतका कार्यहरूसमेत सम्पन्न भएका छन्।

२.३.२ सम्पत्ति सुरक्षा व्यवस्थामा सुधार

यस आर्थिक वर्ष मातहत अदालतको जग्गा तथा भवनको सुरक्षा व्यवस्थाको सुधार गर्नेसम्बन्धमा अदालत भवन तथा न्यायाधीश आवासको कम्पाउन्डवालको स्थितिमा सुधार गर्ने, अदालत भवनहरूको रंगरोगन, विभिन्न अदालतहरूमा सुरक्षा पोष्ट र गार्ड क्वाटर निर्माण वा सुधार गर्ने कार्यहरू सम्पन्न भएका छन्।

२.३.३ न्यायपालिकाभित्र अनुसन्धान संयन्त्र तथा पद्धतिलाई संस्थागत गर्ने

सर्वोच्च अदालत र मातहत अदालतबाट सम्पादित कामहरूको मासिक तथा वार्षिक प्रतिवेदनका फारामहरू र न्यायपालिकाको रणनीतिक योजना कार्यान्वयनको आवधिक मूल्याङ्कनसम्बन्धी प्रगति समीक्षा फारमहरूमा एकरूपता कायम गर्ने उद्देश्यले निर्धारित फारामहरूबमोजिम सफ्टवेयरको विकास तथा परिमार्जनको क्रममा रहेको छ। सूचना सङ्ग्रह पद्धतिलाई स्वचालित बनाउन आवधिक प्रतिवेदनहरूको सफ्टवेयर विकास गरी प्रयोगमा ल्याइएको छ। हाल आवधिक रूपमा गर्नुपर्ने प्रतिवेदनहरू अधिकांश अदालतबाट इमेलमार्फत लिन थालिएको छ। सर्वोच्च अदालतबाट जारी गरिने सूचना, परिपत्र, निर्देशन आदि इमेल / इन्टरनेटबाट जारी गर्ने र प्रतिवेदन / सूचना तथ्याङ्क आदि विद्युतीय पद्धतिबाटै प्राप्त हुने गर्छन्।

कानून पत्रिका मासिक २५०० प्रति तथा सर्वोच्च अदालतको बुलेटिन पाक्षिक १५०० प्रति प्रकाशन गर्ने गरिएको छ। नेपाल कानून पत्रिकामा हालसम्म प्रकाशित सबै फैसलाहरूको विद्युतीय प्रति तयार गरी विभिन्न आधारमा खोज्न मिल्ने गरी वेबसाइटमा राखिएको छ। सर्वोच्च अदालत बुलेटिनलाई थप सूचनामूलक बनाइएको छ। त्यसैगरी सर्वोच्च अदालतमा कार्यरत इजलास अधिकृत तथा सहायक कर्मचारीहरूलाई लक्षित गरी काठमाडौं उपत्यकामा १ वटा भाषिक तालिम र उपत्यकाबाहिर (ओखलढुंगा, राजविराज, विरगञ्ज, पोखरा, बाग्लुङ, सुर्खेत र दिपायल) ८ वटा भाषिक तालिम सञ्चालन गरिएको छ।

सर्वोच्च अदालतले विगत केही वर्षदेखि न्याय सम्पादनको काम कारबाहीसम्बन्धी विभिन्न विषयहरूमा अध्ययन अनुसन्धान गर्न र त्यस्तो अनुसन्धान प्रतिवेदन दिएका सुझाव र सिफारिसहरूलाई कार्यान्वयनसमेत गर्दै आएको छ। यस आर्थिक वर्षमा गरिएका अध्ययनका विषयहरू देहायबमोजिम रहेका छन् :

सि.नं.	अध्ययन गरिएका विषय	निर्देशक	संयोजक
१	फैसलाबाट सफाइ पाएको व्यक्तिलाई कैदमा बसेको अवधिको क्षतिपूर्ति उपलब्ध गराउनेसम्बन्धी सम्भाव्यता अध्ययन	सहरजिस्ट्रार श्री नारायणप्रसाद रेग्मी	ई.अ. श्री बिष्णुप्रसाद पाण्डेय
२	निर्देशनात्मक आदेशहरूको कार्यान्वयनको अवस्थासम्बन्धी अध्ययन	सहरजिस्ट्रार श्री नेत्रप्रकाश आचार्य	ई.अ. श्री ज्ञानेन्द्र इटेनी
३	संहिता कानून अन्तर्गतका विवाद निरूपणका लागि पृथक अदालत / इजलास र अन्य पूर्वाधार तयारीको आवश्यकता र सम्भाव्यता अध्ययन	रजिस्ट्रार श्री नारायणप्रसाद पन्थी	ई.अ. श्री इन्दिरा शर्मा
४	न्यायपालिकामा समावेशिताको अवस्था र समावेशिता अभिवृद्धिसम्बन्धी सम्भाव्यता अध्ययन	सहरजिस्ट्रार श्री हरिराज कार्की	ई.अ. श्री हर्कबहादुर क्षेत्री

५	मातहत अदालतको प्रशासनिक काम कारबाहीको सर्वोच्च अदालतबाट हुने अनुगमन र सुपरीवेक्षणको प्रभावकारितासम्बन्धी अध्ययन	सहरजिस्ट्रार श्री ममता खनाल	उ.र. श्री नगेन्द्रकुमार कालाखेती
६	संहिता कानूनले गरेका नयाँ व्यवस्था र संहिता कानूनले खारेज गरेका कानूनहरूको तुलनात्मक अध्ययन	सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल	उ.र. श्री अशोककुमार क्षेत्री
७	सर्वोच्च अदालतको फैसला तयारी गर्ने कार्य छिटोछरितो बनाउन व्यवस्थापनमा सुधार गर्नुपर्ने विषयसम्बन्धी अध्ययन	सहरजिस्ट्रार श्री अच्युत कुइँकेल	ई.अ. श्री मनकुमारी जि.एम. वि.क.

२.३.४ न्याय क्षेत्रका सरोकारवालाहरूसँगको संस्थागत र कार्यमूलक सम्बन्धलाई सुदृढ बनाउने

अदालतका काम कारबाहीहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सरोकारवालाहरूको भूमिका महत्त्वपूर्ण हुने भएकाले न्यायपालिकाको तेस्रो रणनीतिक योजनाले आफ्नो लक्ष्य प्राप्तिको लागि न्याय क्षेत्रका सरोकारवालाहरूसँग संस्थागत र कार्यमूलक सम्बन्धलाई सुदृढ बनाउने रणनीति अख्तियार गरेको छ। सरोकारवालाहरूको सम्बन्धलाई सुदृढ गराउने उद्देश्यले यस आर्थिक वर्ष बार, सरकारी वकिल, सञ्चारकर्मी तथा तामेलदार र स्थानीय निकायका सचिवहरूसँग छलफल र अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन भएका छन्। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट- ९१ मा रहेको छ।

२.३.५ योजना प्रणालीलाई सुदृढीकरण गर्ने

न्यायपालिकाको रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक अदालतले आफ्नो वार्षिक कार्ययोजना तयार गर्ने, कार्यान्वयन गर्ने र मासिक तथा आवधिक समीक्षा गर्ने व्यवस्था गरिएको छ। साथै कार्ययोजना तर्जुमा र बजेट प्रक्षेपणको सम्बन्धमा आवश्यक समन्वय गर्ने गरिएको छ। प्रतिवेदन वर्ष न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्ष भएको हुँदा पुष मसान्तसम्मको विवरणको आधारमा योजनाको कार्यान्वयनको अन्तिम मूल्याङ्कन गरी २०७६ साल साउन १ गते देखि लागू हुनेगरी चौथो रणनीतिक योजना तर्जुमा गरिएको छ।

न्यायपालिकाको रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि सर्वोच्च अदालतलगायत मातहत अदालतहरूले वार्षिक कार्ययोजना तर्जुमा गरी सोको कार्यान्वयन र आवधिक समीक्षा गर्ने गरेको छ। उच्च अदालत तथा जिल्ला अदालतहरूले मुद्दा फैसला गर्ने कार्यतर्फ निर्धारण गरेको वार्षिक तथा मासिक लक्ष्यबमोजिम प्रगतिको आवधिक (मासिक तथा चौमासिकरूपमा) समीक्षा गरी आवश्यक निर्देशन दिने, सर्वोच्च अदालतको लागि तर्जुमा गरिएको वार्षिक कार्ययोजनाअनुरूपका क्रियाकलापहरूको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गर्नेलगायतका कार्यहरू गरिएको छ। यस आर्थिक वर्ष २०७५/०७६ मा सर्वोच्च अदालतले केन्द्रमा १ र उच्च अदालत स्तरमा ६ पटक, उच्च अदालतहरूले ६४ पटक र जिल्ला अदालतहरूले २०५ पटक वार्षिक योजनाको समीक्षा गरेका छन्। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट- ९१ मा दिएको छ।

२.४ निर्माण तथा भौतिक सुधारका कार्यहरू

अदालतहरूको जग्गा तथा भवनको प्रोफाइल तयार गरी अभिलेख अद्यावधिक गर्ने तथा आवश्यक भवन निर्माण एवम् जग्गा खरिदका लागि प्राथमिकता निर्धारण गरी बजेट र निकासा गर्ने, इजलासहरूको भौतिक पूर्वाधारमा सुधारका लागि रकम निकासा गर्ने, विभिन्न उच्च तथा जिल्ला अदालतहरूमा भवनको तल्ला थप, कम्पाउन्डवाल निर्माण, रंगरोगन गर्ने, न्यायाधीश आवास गृह निर्माण, सुरक्षा ब्यारेक निर्माण तथा मर्मतलगायतका कार्यको लागि रकम निकासा गर्ने कार्य सम्पन्न भएका छन्।

२.४.१ अदालत सुदृढीकरणतर्फको बजेट

अदालत सुदृढीकरणतर्फ आर्थिक वर्ष २०७५/०७६ को लागि देहायबमोजिमको बजेट शीर्षकअनुसार रू. ८००५७८०००।०० वार्षिक विनीयोजन भएकोमा रू.५६२९९९०००।०० निकासा भई रू.५६२९९९०००।०० खर्च भएको छ। विनियोजन, निकासा तथा खर्चको विवरण देहायबमोजिम छ:

तालिका नं. १४

ब.र.नं.	शीर्षक	वार्षिक विनियोजन	निकासा	खर्च
२९२२१	भवन निर्माण	५७९५६४०००।-	४२४६१२०००।-	४२४६१२०००।-
२९३११	फर्निचर तथा फिक्चर्स	३९२००,०००	३८९६०००।-	३८९६०००।-
२९४११	सवारी साधन	४०८००,०००।-	४०४८८०००।-	४०४८८०००।-
२९५११	मेसिनरी औजार	१२८०००,०००।-	४३७१२०००।-	४३७१२०००।-

२९६११	सार्वजनिक निर्माण	८६१४०००।-	१२६०५०००।-	१२६०५०००।-
२९७११	पुँजीगत अनुसन्धान तथा परामर्श	४४००,०००।-	२६२२,०००।-	२६२२,०००।-
जम्मा		**८००५७८०००।-**	**५६२९९९०००।-**	**५६२९९९०००।-**

क) सर्वोच्च अदालत

यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा नियमित मर्मत सम्भारका कार्यको अतिरिक्त एनेक्स भवनको अन्तिम तल्लामा आल्मुनियम पार्टेसन तथा शौचालय मर्मत, मूलगेटमा ढल निकाससहितको ड्रेन तथा सेड निर्माण, चेम्बर तथा अदालत परिसरमा शौचालय निर्माण गर्नेलगायतका निर्माण तथा मर्मत सम्भारका कार्यहरू सम्पन्न भएका छन्।

ख) उच्च अदालतहरू

यस आर्थिक वर्ष विभिन्न उच्च अदालत तथा इजलासहरू, रजिस्ट्रारको आवास निर्माण, सुरक्षापोस्ट / सुरक्षा ब्यारेक, थप इजलास निर्माण, भवन तथा आवास निर्माण तथा मर्मत, गेष्टहाउस मर्मत र रंगरोगन, शौचालय निर्माण, प्रतिक्षालय र खानेपानी ट्यांकी, काउन्टर निर्माण, छाना मर्मत, सेड तथा ग्यारेज निर्माण तथा मर्मत, वाइरिङ, पर्खाल निर्माण, च्याम्बर कक्ष विस्तारलगायतका आवश्यक मर्मतका कार्यहरू र गेष्टहाउस निर्माण भएका छन् ।

ग) जिल्ला अदालतहरू

यस आर्थिक वर्षमा विभिन्न जिल्ला अदालतहरूमा पर्खाल निर्माण, थप इजलास निर्माण, मार्वल बिछ्याउने, खानेपानी ट्याङ्की निर्माण, बिजुली वाइरिङ, प्रतिक्षालय तथा सूचना कक्ष तथा हेल्पडेक्स निर्माण, न्यायाधीश च्याम्बर तथा क्वाटर निर्माण, भवन, ग्यारेज, शौचालय, क्यान्टिन, कम्पाउन्ड वाल, गेट निर्माण, सहायता कक्ष, जग्गा खरिद, पालेघर, थुनुवा कक्ष, अधिकृत क्वाटर तथा रेलिङ, सेन्ट्रीपोस्ट, ब्यारेक, ट्रस्ट, काउन्टर निर्माण एवम् रङ्गरोगन, सेडको निर्माण तथा मर्मत र जग्गा खरिदलगायतका कार्य भएको छ।

२.४.२ अन्य भौतिक सामग्रीको व्यवस्था

यस आर्थिक वर्ष सर्वोच्च अदालत र मातहत अदालतहरूका लागि जिप ३ थान, कार ८ थान, र साइकल १ थान खरिद गरिएको छ। साथै, प्रिन्टर ४३ थान, ल्यापटप १७ थान, फोटोकपी मेसिन १ थान, एयर कन्डिसन २८ थान, रिवल्विङ मेच १५३ थान, अफिस टेबल २१ थान, स्टील दराज ४७ थान, बुक क्याविनेट २९ थान, सोफा १७ सेट, भ्याकुम क्लिनर १७ थान खरिद गरिएको छ। सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरूमा रहेका सवारी साधन, कम्प्युटर र अन्य साधनको समग्र विवरण परिशिष्ट-३०, ५१, ७२, ८४ मा उल्लेख गरिएको छ ।

२.५ सम्मेलन, अध्ययन भ्रमण, तालिम र गोष्ठीलगायतका क्षमता विकाससम्बन्धी कार्यहरू

न्यायपालिकाको सक्षमता, प्रभावकारिता र स्तरीयता यसमा संलग्न जनशक्तिको कार्यक्षमता, दक्षता तथा क्षमतामा निर्भर रहन्छ। न्यायिक जनशक्तिको क्षमता विकासमा जति बढी ध्यान दिन सकिन्छ, त्यति नै यसले प्रदान गर्ने सेवाको गुणस्तर अपेक्षाकृत रूपमा सन्तोषजनक हुन सक्दछ। यसै वास्तविकतालाई हृदयङ्गम गरी न्यायिक जनशक्तिलाई सम्मेलन, अध्ययन भ्रमण, तालिम, गोष्ठी, सेमिनार जस्ता विभिन्न कार्यक्रमहरूमा सहभागी गराउँदै आएको छ। यस आर्थिक वर्ष सम्पन्न भएका सम्मेलन, अध्ययन भ्रमण, तालिम र गोष्ठीलगायतका कार्यक्रमहरू तथा सहभागीहरूको विवरण देहायबमोजिम रहेको छ:

क) न्यायाधीशहरूको राष्ट्रिय सम्मेलन: सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट समुद्घाटन भएको न्यायाधीशहरूको तेस्रो राष्ट्रिय सम्मेलन संवत् २०७५ चैत्र २० गते बुधवारदेखि चैत्र २२ गते शुक्रबारसम्म काठमाडौंस्थित राष्ट्रिय प्रज्ञा प्रतिष्ठानमा सम्पन्न भएको थियो। उक्त सम्मेलनमा तीन तहका अदालतमा कार्यरत सबै माननीय न्यायाधीश तथा अन्य न्यायिक निकाय, विशिष्टीकृत अदालतमा कार्यरत माननीय न्यायाधीशहरू सहभागीको रूपमा रहनुभएको थियो। सम्मेलनमा महान्यायाधिवक्ताको कार्यालय, नेपाल बार एसोसिएसनलगायतका विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको पर्यवेक्षकका रूपमा सहभागिता रहेको थियो। **न्यायपालिकाको स्वतन्त्रता: न्यायिक सुशासन हाम्रो प्रतिबद्धता** भन्ने मूल नाराका साथ सञ्चालन भएको उक्त सम्मेलनले विभिन्न २९ बुँदे घोषणापत्र जारी गर्दै समापन भएको थियो।

ख) वैदेशिक कार्यक्रमहरू : यस आर्थिक वर्ष विदेशमा भएका तालिम, अन्तर्क्रिया, सेमिनार, गोष्ठी आदि कार्यक्रममा न्यायपालिकामा कार्यरत जम्मा ६० जना न्यायाधीश, ४२ जना कर्मचारीहरू सहभागी हुनुभएको छ । सोको विवरण परिशिष्ट-९४ मा प्रस्तुत गरिएको छ।

ग) **स्वेदशमा भएका कार्यक्रमहरू:** स्वदेशमा भएका प्रशिक्षण, गोष्ठी, सेमिनार, छलफल, अन्तर्क्रिया र संहिता कानूनसम्बन्धी तालिम आदि कार्यक्रमहरूमा गरी जम्मा ६९६ जना न्यायाधीश र १५९४ जना कर्मचारीहरू विभिन्न पटक सहभागी भएका थिए। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट-९५ मा उल्लेख गरिएको छ ।

घ) **अध्ययन कार्यमा संलग्न (वैदेशिक / स्वदेशी छात्रवृत्तिसमेत):**

क्र.सं.	पद	नाम थर	कार्यरत अदालत	बिदा अवधि
१	इजलास अधिकृत	श्री शिवबहादुर थापा	सर्वोच्च अदालत	अध्ययन बिदामा रहेको (कानून मन्त्रालयमा हुँदा बिदा लिएको
२	शाखा अधिकृत	श्री अमित उप्रेती	उच्च अदालत पाटन	२०७५।०७।०४ देखि २०७७।०८।०३
३	शाखा अधिकृत	श्री रमेशबहादुर कुँवर	सुनसरी जिल्ला अदालत	२०७५।०४।०१ देखि २ वर्ष
४	शाखा अधिकृत	श्री इन्दिरा कार्की	उच्च अदालत पाटन	२०७५।०४।०१ देखि २ वर्ष
५	शाखा अधिकृत	श्री माया पोख्रेल (रिजाल)	फैसला कार्यान्वयन निर्देशनालय	२०७५।०४।०१ देखि २ वर्ष
६	शाखा अधिकृत	गणेशबहादुर विष्ट	उच्च अदालत पाटन	२०७५।०४।०१ देखि २ वर्ष
७	नायब सुब्बा	श्री अमृत विश्वकर्मा	सर्वोच्च अदालत	२०७५।०४।०१ देखि २ वर्ष
८	शाखा अधिकृत	श्री दीक्षा प्रधानाङ्ग	सर्वोच्च अदालत	२०७५।५।१७ देखि २०७७।५।१६

परिच्छेद - तीन
सर्वोच्च अदालतसम्बन्धी व्यवस्था

३.१ सर्वोच्च अदालतको गठन

सर्वोच्च अदालत न्यायपालिकाको सबैभन्दा माथिल्लो तहको अदालत हो । सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा २० जना न्यायाधीशहरू रहने संवैधानिक व्यवस्था छ । प्रतिवेदन वर्षमा माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र मिति २०७५।५।२६ मा नेपालको प्रधान न्यायाधीशमा नियुक्त भई उमेरहदका आधारमा मिति २०७५।९।१७ मा अवकाश भएपछि माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा. मिति २०७५।०९।१८ मा नेपालको प्रधान न्यायाधीश नियुक्त भई उहाँले सम्माननीय प्रधान न्यायाधीशको रूपमा कार्य गर्दै आउनु भएको छ । यस आर्थिक वर्षमा प्रधान न्यायाधीश र सर्वोच्च अदालतमा कार्यरत माननीय न्यायाधीशहरूले गर्नुभएको सम्पादित कार्य विवरण परिशिष्ट- १ मा उल्लेख गरिएको छ ।

३.२ प्रधान न्यायाधीश र न्यायाधीशहरूको नियुक्ति

नेपालको संविधानको धारा १२९(२) बमोजिम राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा नेपालको प्रधान न्यायाधीश र न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको नियुक्ति गर्ने व्यवस्था रहेको छ ।

३.३ इजलासको गठन र कार्यप्रणाली

सर्वोच्च अदालतको इजलास र कार्यप्रणाली सञ्चालन सर्वोच्च अदालत ऐन, २०४८ र सर्वोच्च अदालत नियमावली, २०७४ बमोजिम गरिन्छ । सर्वोच्च अदालत ऐन, २०४८ को दफा ४ बमोजिम सर्वोच्च अदालतबाट मुद्दा मामिलाको सुनुवाइ र किनारा गर्ने अधिकारको प्रयोग तोकिएबमोजिम एकजना न्यायाधीशको इजलासबाट वा एकभन्दा बढी न्यायाधीशहरूको संयुक्त, संवैधानिक, पूर्ण इजलास र बृहत् पूर्ण इजलासबाट हुने व्यवस्था छ । सोही ऐनले दिएको अधिकार प्रयोग गरी बनेको सर्वोच्च अदालत नियमावली, २०७४ र सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ मा देहायअनुसारका इजलासहरूको व्यवस्था गरिएको छ ।

३.३.१ संवैधानिक इजलास

नेपालको संविधानको धारा १३७ को उपधारा १ बमोजिम सर्वोच्च अदालतमा प्रधान न्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले तोकेका अन्य चारजना न्यायाधीशसहितको संवैधानिक इजलास गठन हुने व्यवस्था रहेको छ । उक्त धाराको उपधारा २ बमोजिम संवैधानिक इजलासको क्षेत्राधिकार देहाएबमोजिम हुने व्यवस्था रहेको छ ।

- संविधानको धारा १३३ को उपधारा (१) बमोजिम परेका निवेदनहरू,
- संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबिचको अधिकार क्षेत्रको बारेमा भएको विवाद,
- संघीय संसद् वा प्रदेश सभा सदस्यको निर्वाचनसम्बन्धी विवाद, संघीय संसद्का सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यतासम्बन्धी विवाद,
- सर्वोच्च अदालतमा विचाराधीन कुनै मुद्दामा गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको देखि संवैधानिक इजलासबाट हेर्ने गरी प्रधान न्यायाधीशले तोक्ने मुद्दा ।

संवैधानिक इजलासको सञ्चालनसम्बन्धी अन्य व्यवस्था सर्वोच्च अदालतले निर्धारण गरेबमोजिम हुने संवैधानिक व्यवस्थाअनुसार सर्वोच्च अदालतले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ जारी गरेको छ । यस आर्थिक वर्षमा संवैधानिक इजलासबाट हेरिएका मुद्दाहरूको विवरण परिशिष्ट-४ मा दिइएको छ ।

३.३.२ बृहत् पूर्ण इजलास

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२ बमोजिम बृहत् पूर्ण इजलासमा ५ जना वा सोभन्दा बढी न्यायाधीश रहने व्यवस्था रहेको छ । कानूनको व्याख्या वा कानूनी सिद्धान्तको सम्बन्धमा बृहत् पूर्ण इजलासबाट निरूपण हुन आवश्यक छ भनी पूर्ण इजलासले आदेश दिएको मुद्दा, दुई पूर्ण इजलासबाट भएको व्याख्या वा निर्णयमा फरक भई व्याख्यामा एकरूपता कायम गर्न, कुनै जटिल कानूनी प्रश्नको निर्णय बृहत् पूर्ण इजलासबाट हुन उपयुक्त ठानी पूर्ण इजलासले आदेश दिएको मुद्दा, बृहत् पूर्ण इजलास र पूर्ण इजलासमा विचाराधीन उस्तै कानूनी प्रश्न समावेश भएकोले दुवै मुद्दाको निर्णय एकसाथ हुन उपयुक्त ठानी पूर्ण इजलासले बृहत् पूर्ण इजलासमा पेस गर्न आदेश दिएको, पूर्ण इजलासमा न्यायाधीशको राय भिन्दा भिन्दै भई बहुमत कायम हुन नसकेको मुद्दा र कानूनी प्रश्नको जटिलता र महत्त्वको विचार गरी प्रधान न्यायाधीशले बृहत् पूर्ण इजलासमा पेस गर्न तोकिदिएको मुद्दा बृहत् पूर्ण इजलासबाट हेरिने व्यवस्था छ ।

३.३.३ पूर्ण इजलास

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ बमोजिम पूर्ण इजलासमा तीनजना वा सोभन्दा बढी न्यायाधीशहरूको सङ्ख्या रहन्छ। सर्वोच्च अदालतमा परेका मुद्दा मामिलाहरूमध्ये संयुक्त इजलासमा न्यायाधीशहरूको राय नमिलेको मुद्दा, मुद्दामा समावेश भएको जटिल कानूनी प्रश्न वा सिद्धान्तको सम्बन्धमा पूर्ण इजलासबाट हेरिनु उपयुक्त ठानी संयुक्त इजलासले पूर्ण इजलासमा पेस गर्न आदेश दिएको मुद्दा, कानूनी प्रश्नका जटिलता र महत्त्वको विचार गरी प्रधान न्यायाधीशले पूर्ण इजलासमा पेस गर्न तोकिदिएको मुद्दा पूर्ण इजलासबाट हेरिने व्यवस्था छ। यस आर्थिक वर्ष पूर्ण इजलासबाट हेरिएका मुद्दा र रिट निवेदनहरूको विवरण परिशिष्ट-४ मा दिइएको छ।

३.३.४ संयुक्त इजलास

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २४ ले संयुक्त इजलासमा दुई जना न्यायाधीशहरू रहने व्यवस्था गरेको छ। सर्वोच्च अदालत नियमावलीमा व्यवस्था भएअनुसार पुनरावेदन, साधक, नेपालको संविधानको धारा १३३ को उपधारा (२) अन्तर्गत परेका निवेदनहरू, न्याय प्रशासन ऐन, २०७३ को दफा १२ अन्तर्गत मुद्दा दोहोऱ्याई पाउँ भनी परेका निवेदन र दोहोऱ्याई पाउने अनुमति प्राप्त भएका मुद्दा, राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम पुनरावेदन अनुमतिका लागि परेका निवेदन र अनुमति प्रदान भएका मुद्दा, न्याय प्रशासन ऐन, २०७३ को दफा १९ बमोजिम तल्लो अदालतबाट झिकाइएको मुद्दा तथा दफा १५ बमोजिमको निवेदन र दफा १६ बमोजिमको मुद्दा र प्रचलित कानूनबमोजिम सुरू कारबाही र किनारा गर्ने भनी तोकेका मुद्दाहरू संयुक्त इजलासबाट हेरिने व्यवस्था छ। यस आर्थिक वर्षमा संयुक्त इजलासबाट हेरिएका विभिन्न रिट तथा मुद्दाहरूको विवरण परिशिष्ट-५ मा दिइएको छ।

३.३.५ एक न्यायाधीशको इजलास

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २५ ले बृहत्, पूर्ण, संवैधानिक र संयुक्त इजलासबाट हेरिने बाहेकका अन्य केही मुद्दाहरू एक न्यायाधीशको इजलासबाट हेरिने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा १३३ को उपधारा (२) अन्तर्गत परेका निवेदनहरूको प्रारम्भिक सुनुवाइ, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६(४), १५७ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५१(३), ७२(२) र ७३ एवं न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अन्तर्गत परेका निवेदन एवम् मुद्दाको कारबाहीको सिलसिलामा अदालतको सम्बन्धित अधिकारीले गरेको आदेशउपरको निवेदन पत्र एक न्यायाधीशको इजलासबाट हेरिने व्यवस्था छ। यस आर्थिक वर्ष एक न्यायाधीशको इजलासबाट हेरिएका विभिन्न रिट तथा मुद्दाहरूको विवरण परिशिष्ट-५ मा दिइएको छ।

३.३.६ बिदाको अवधिमा इजलास तोकिने

न्याय प्रशासन ऐन, २०७३ को दफा २६ ले ३ दिन वा सोभन्दा बढी अवधिको लागि अदालत बन्द रहने भएमा त्यस्तो बिदाको अवधिभर बन्दीप्रत्यक्षीकरणको निवेदन लिई सुनुवाइ गर्ने व्यवस्था गरेको छ। साथै प्रचलित कानूनबमोजिम जारी हुने पक्राउ पुर्जीको अनुमति तथा जरूरी पक्राउ पुर्जीको समर्थनको लागि सम्बन्धित अदालतहरू बिदाको समयमा समेत खुला रहने व्यवस्था छ।

३.४ जनशक्ति

सर्वोच्च अदालतमा यस आर्थिक वर्षमा प्रधान न्यायाधीशको अतिरिक्त २० जना माननीय न्यायाधीशहरू कार्यरत रहनु भएको थियो। न्यायाधीश र कर्मचारी गरी सर्वोच्च अदालत र फैसला कार्यान्वयन निर्देशनालयसमेत गरी जम्मा ५९३ दरबन्दी रहेकामा यस आर्थिक वर्षमा न्यायाधीशबाहेक विभिन्न पदका दरबन्दीमा ४१६ जना स्थायी कर्मचारी र ११९ जना करारमा गरी जम्मा ५३५ जना कार्यरत रहेका थिए। सर्वोच्च अदालतमा सूचना प्रविधि शाखाका कर्मचारीहरूको स्थायी दरबन्दी नरहेको हुँदा अस्थायी दरबन्दी सिर्जना गरी करारमा कार्यरत रहेको अवस्था छ। सर्वोच्च अदालतमा कार्यरत जनशक्तिको विस्तृत विवरण परिशिष्ट-३३ मा दिइएको छ।

३.५ न्यायिक कार्य

सर्वोच्च अदालतले आफूलाई प्राप्त विभिन्न क्षेत्राधिकारअन्तर्गत न्यायिक कार्य सम्पन्न गरिआएको छ। यस आर्थिक वर्ष विभिन्न क्षेत्राधिकारअन्तर्गत सम्पादन गरेको न्यायिक कार्यलाई निम्नानुसार उल्लेख गरिएको छ।

३.५.१ साधारण अधिकारक्षेत्र

सर्वोच्च अदालतको साधारण क्षेत्राधिकारअन्तर्गतका विषयहरू निम्नबमोजिम प्रस्तुत गरिएको छ:

क. सुरू मुद्दा हेर्ने

नेपालको संविधान को धारा १३३ (४) अनुसार सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम सुरू मुद्दा हेर्ने अधिकार प्राप्त छ। संविधानको धारा १३३ (४) र सर्वोच्च अदालत ऐन, २०४८ को दफा १७ अनुसार सर्वोच्च अदालतले आफ्नो र आफ्ना मातहतका अदालतको अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने व्यवस्था छ। न्याय प्रशासन ऐन, २०७३ को दफा १९ अनुसार मातहत अदालतमा दायर कुनै मुद्दामा संविधान वा कानूनको व्याख्यासम्बन्धी जटिल प्रश्न समावेश भएको रहेछ भने त्यस्तो मुद्दाको मिसिल झिकाई सर्वोच्च

अदालतबाटै किनारा गर्न सकिने व्यवस्था रहेको छ । यस आर्थिक वर्ष सर्वोच्च अदालतबाट हेरिएका सुरू र विविध मुद्दाहरूको विवरण परिशिष्ट-१० मा दिइएको छ ।

ख. पुनरावेदन सुन्ने

नेपालको संविधानको धारा १३३(४) ले सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम पुनरावेदन सुन्ने अधिकार प्रदान गरेको छ । न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम सर्वोच्च अदालतमा देहायका मुद्दाहरूउपर पुनरावेदन लाग्ने व्यवस्था रहेको छ ।

- उच्च अदालतले सुरू कारबाही र किनारा गरेको मुद्दा,
- दश वर्ष वा सोभन्दा बढी कैदको सजाय भएको मुद्दा,
- तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय, पाँच लाख रूपैयाँ वा सोभन्दा बढी जरिवाना, पच्चीस लाख रूपैयाँ वा सोभन्दा बढी बिगो भएको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दा, विशेष अदालतले सुरू कारबाही र किनारा गरेको मुद्दा, कानूनमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भएका मुद्दाहरू ।

यस आर्थिक वर्ष सर्वोच्च अदालतबाट हेरिएका पुनरावेदनसम्बन्धी मुद्दाको विवरण परिशिष्ट-२ मा दिइएको छ ।

ग. पुनरावलोकन गर्ने

नेपालको संविधानको धारा १३३(४) अनुसार सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्ने अधिकार प्राप्त छ । न्याय प्रशासन ऐन, २०७३ को दफा ११ तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २७ को उपनियम (१), (२) र (३) को अधीनमा रही सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेश देहायको अवस्थामा पुनरावलोकन गर्न सक्दछ :

- मुद्दामा भएको इन्साफमा तात्त्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दा किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा वा
- सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा ।
- यस आर्थिक वर्ष सर्वोच्च अदालतबाट भएको मुद्दाको पुनरावलोकनसम्बन्धी विवरण परिशिष्ट-११ मा दिइएको छ ।

घ. मुद्दा दोहोऱ्याई हेर्ने

नेपालको संविधानको धारा १३३(४) ले सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम मुद्दा दोहोऱ्याउने अधिकार प्रदान गरेको छ । न्याय प्रशासन ऐन, २०७३ वा प्रचलित कानूनबमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरूमा उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर सर्वोच्च अदालतले मुद्दा दोहोऱ्याई हेर्न सक्ने व्यवस्था गरिएको छ । न्याय प्रशासन ऐन, २०७३ को दफा १२ मा उल्लेख भएअनुसार देहायको अवस्थामा सर्वोच्च अदालतले मुद्दा दोहोऱ्याई हेर्न सक्नेछ :

- उच्च अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर संवैधानिक वा कानूनी त्रुटि भएको,
- सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालना नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको,
- सरकारी वा सार्वजनिक सम्पत्तिसम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा
- बालक, महिला, अपाङ्गता भएको व्यक्ति, मानसिक रोगबाट पीडित वा ७५ वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्त्विक असर परेको ।

यस वर्ष सर्वोच्च अदालतबाट दोहोऱ्याई हेरिएका निवेदनहरूको विवरण परिशिष्ट-१२ मा दिइएको छ ।

ङ. पुनरावेदनको अनुमति प्रदान गर्ने

सर्वोच्च अदालतले राजस्व न्यायाधिकरणहरूबाट निर्णय भएका मुद्दाहरूमा कानूनमा व्यवस्था भएबमोजिम पुनरावेदनको अनुमति दिने नदिने सम्बन्धमा समेत अदालतको साधारण अधिकार क्षेत्रअन्तर्गत रही आदेश गर्ने गर्दछ । यस वर्ष सर्वोच्च अदालतबाट हेरिएका पुनरावेदनको अनुमतिसम्बन्धी निवेदनहरूको विवरण परिशिष्ट-१३ मा दिइएको छ ।

च. साधक जाँच्ने

नेपालको संविधानको धारा १३३ (४) ले सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम साधक जाँच्ने अधिकार प्रदान गरेको छ । न्याय प्रशासन ऐन, २०७३ को दफा १० मा जन्मकैद हुने मुद्दामा उच्च अदालतले सो सजाय गर्ने ठहऱ्याएकोमा सर्वोच्च अदालतमा साधक जाहेर गर्नुपर्ने व्यवस्था छ । यस आर्थिक वर्ष सर्वोच्च अदालतमा साधक जाहेर भएका मुद्दाहरूको विवरण परिशिष्ट-२ मा दिइएको छ ।

च. निवेदन प्रतिवेदन सुन्ने

नेपालको संविधानको धारा १३३ (४) ले सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम निवेदन सुन्ने अधिकार प्रदान गरेको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा १५ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुर्पक्षको लागि प्रतिवादीलाई तारेख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश वा मुद्दाको कारबाहीको सिलसिलामा भएको अन्य कुनै अन्तरकालीन आदेशउपर एक तह निवेदन गर्न सकिने तर १० वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा प्रतिवादीलाई पुर्पक्षको लागि तारेख जमानत वा थुनामा राख्ने गरी भएको आदेशउपर कानूनी त्रुटि वा कार्यविधिसम्बन्धी अनियमितताको प्रश्नमा सर्वोच्च अदालतमा निवेदन दिन सकिने व्यवस्था छ। त्यस्तै, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५१(३), ७२(२) र ७३ ले उक्त परिच्छेदबमोजिम भएको थुनछेक आदेश वा तोकिएको धरौट, जमानत वा बैङ्क जमानतमा चित्त नबुझ्ने व्यक्तिले एक तहसम्म पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्ने तर जन्मकैद वा दश वर्ष वा सोभन्दा बढी कैद सजाय हुन सक्ने कसुरमा भएको थुनछेक आदेश बेरित भएको प्रश्नमा एक तहभन्दा माथिको पुनरावेदन सुन्ने अदालतमा पनि निवेदन दिन सकिने व्यवस्था गरेको छ। त्यसैगरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६(४), १५७ बमोजिम यस आर्थिक वर्ष सर्वोच्च अदालतबाट हेरिएका निवेदन प्रतिवेदनहरूको विवरण परिशिष्ट-३, १४, १५ र १६ मा दिइएको छ।

३.५.२ असाधारण अधिकार क्षेत्र

सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत देहायका मुद्दाहरू पर्दछन् :

क. न्यायिक पुनरावलोकनको अधिकार क्षेत्र

नेपालको संविधानको धारा १३३(१) ले कुनै कानून संविधानसँग बाझिएको हुँदा बदर गरिपाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालत संवैधानिक इजलासमा निवेदन दिन सक्ने र कुनै कानून संविधानसँग बाझिएको देखिएमा सो कानूनलाई बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालत संवैधानिक इजलासलाई हुने व्यवस्था गरेको छ । यस आर्थिक वर्ष सर्वोच्च अदालत संवैधानिक इजलासबाट हेरिएका न्यायिक पुनरावलोकनसम्बन्धी निवेदनहरूको विवरण परिशिष्ट-६ मा दिइएको छ।

ख. रिटको अधिकारक्षेत्र

संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा नागरिकका संविधान र कानून प्रदत्त हकको प्रचलनको लागि सिधै माथिल्लो तहको अदालतमा प्रवेश गर्न पाउने र अदालतबाट उचित उपचार प्रदान गर्न उपयुक्त आदेश जारी गरी हनन् भएको हकको प्रचलन गराउने असाधारण अधिकार नेपालको संविधानको धारा १३३ (२) ले सर्वोच्च अदालतलाई प्रदान गरेको छ। यसअन्तर्गत सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था छ। यस आर्थिक वर्ष सर्वोच्च अदालतमा परेका यस प्रकारका रिट निवेदनहरूको विवरण परिशिष्ट-६ मा दिइएको छ।

ग. सार्वजनिक सरोकारको विवाद हेर्ने अधिकारक्षेत्र

कुनै व्यक्ति विशेषसँग मात्र सम्बन्धित नभएर समाजको कुनै वर्ग वा समुदायको हित र सरोकार निहित रहेको मुद्दालाई सार्वजनिक सरोकारको विवाद मानिन्छ। मुद्दा गर्ने हकदैयासम्बन्धी सामान्य सिद्धान्तअनुसार जसको जुन कुरामा हक पुग्छ सो कुरामा उसैले मात्र मुद्दा गर्न पाउँछ। तर सार्वजनिक हित र सरोकार निहित रहेको विषयमा भने सरोकारवाला जोसुकैले पनि मुद्दा गर्न पाउने गरी हकदैयाको उदार व्याख्या गर्ने गरिएको हुन्छ । यो न्यायिक सक्रियताको एउटा महत्त्वपूर्ण पक्ष पनि हो । नेपालको संविधानको धारा १३३(२) ले सर्वोच्च अदालतलाई सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक र कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो विवाद टुङ्गो लगाउने असाधारण अधिकार प्रदान गरेको छ । यस आर्थिक वर्ष सर्वोच्च अदालतबाट हेरिएका सार्वजनिक सरोकारका विवादहरूको विवरण परिशिष्ट-६ मा दिइएको छ।

माथि विभिन्न शीर्षकमा चर्चा भएबमोजिम सर्वोच्च अदालतलाई प्राप्त अधिकारक्षेत्रअन्तर्गत यस आर्थिक वर्षमा दायर हुन आएका मुद्दा तथा रिट निवेदनहरूको लगतको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १५

सर्वोच्च अदालतमा परेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको लगतको विवरण

सुरु मुद्दा / विविध	पुनरावेदन	राजस्व / वाणिज्य	साधक	दोहोऱ्याई पाउँ	पुनरावलोकन	पुनरावेदनको अनुमति	रिट	संवैधानिक इजलासबाट हेरिने मुद्दा तथा रिट	निवेदन	प्रतिवेदन	फुटकर निवेदन	जम्मा
१६१	१६०६५	२२४९	३०७	७४९८	६६६	९४७	४५१२	२०६	७८५	५२३	१००३	३४९२२

यस आर्थिक वर्ष २०७५/०७६ मा सर्वोच्च अदालतमा परेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको जम्मा लगतको विवरणलाई देहायको वृत्त चित्रमा प्रस्तुत गरिएको छ।

वृत्त चित्र नं.२

सर्वोच्च अदालतमा परेका मुद्दा, रिट, निवेदनहरूको वर्गीकृत वृत्त चित्र



३.६ निरीक्षण तथा अनुगमन

नेपालको संविधानको धारा १२८ (३) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा २१ ले सर्वोच्च अदालतले आफ्नो मातहतका अदालत र न्यायिक निकायहरूको निरीक्षण एवम् सुपरीवेक्षण गरी आवश्यक निर्देशन दिने व्यवस्था गरेको छ। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १५४ बमोजिम सर्वोच्च अदालतको निरीक्षण तथा अनुगमन महाशाखाले सर्वोच्च अदालतको आन्तरिक निरीक्षण, मातहतका अदालत तथा अर्धन्यायिक निकायहरूको निरीक्षणसम्बन्धी कार्यहरू तथा समन्वय गर्ने गरेको छ। यससम्बन्धमा भएका कार्यहरू देहायबमोजिम छन्:

क. मातहत अदालत निरीक्षण

सम्माननीय प्रधान न्यायाधीश एवम् सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूबाट वार्षिकरूपमा उच्च तथा जिल्ला अदालतहरू

र आकस्मिक रूपमा कुनै पनि अदालतको निरीक्षण हुने गरेको छ । निरीक्षणका सिलसिलामा आवश्यक पर्ने सूचना, तथ्याङ्कलगायतका आवश्यक सहयोग अनुगमन तथा निरीक्षण महाशाखाबाट उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । सर्वोच्च अदालतबाट यस आर्थिक वर्ष न्याय प्रशासन ऐन, २०७३ बमोजिम सबै उच्च अदालत, उच्च अदालतको अर्को इजलास एवम् अस्थायी इजलासहरू र केही अन्य अदालत तथा न्यायाधिकरणहरूको निरीक्षण सम्पन्न भएको छ। सर्वोच्च अदालतबाट भएका मातहत अदालतहरूको निरीक्षण एवम् सुपरीवेक्षणसम्बन्धी विवरण परिशिष्ट-२८ मा दिइएको छ।

ख. आन्तरिक निरीक्षण

सर्वोच्च अदालतको मुद्दा तथा रिट महाशाखाअन्तर्गतका विभिन्न शाखा तथा फाँटहरूमा रहेको मिसिलहरूको आन्तरिक निरीक्षण सम्बन्धित शाखा प्रमुखबाट हुने र त्यस्तो निरीक्षणको अनुगमनको कार्य अनुगमन तथा निरीक्षण महाशाखाले गर्ने गर्दछ । यस आर्थिक वर्षमा लामो समयसम्म पेसीमा चढ्न नसकेका, २ वर्ष नाघेका र थुनुवा मुद्दाहरू तथा रिटहरूसमेतलाई विशेष प्राथमिकता दिई सर्वोच्च अदालतमा दायर रहेका मिसिलहरू पहिलो पटक २१६८७ र दोस्रो पटक २१६०२ थान मिसिलहरूको निरीक्षण गरिएको थियो । निरीक्षणको क्रममा फाँटबाट तुरून्तै गर्न सकिने कार्यहरू जस्तै पत्राचार, तरताकेता, म्याद तामेल, मिसिल झिकाउनेलगायतका कार्यहरू तत्कालै गर्न निर्देशन दिइएको थियो।

ग. विविध

विभिन्न अदालतमा कार्यरत वैतनिक कानून व्यवसायीद्वारा सम्पादति कार्यको नियमित रूपमा अनुगमन गर्ने र वैतनिक कानून व्यवसायीबाट भए गरेका कार्यहरूको प्रगति विवरण प्रत्येक महिना पेस गर्ने व्यवस्था रहेको छ । यसका अतिरिक्त विभिन्न उच्च तथा जिल्ला अदालतहरूमा रहेका मुलतबी मुद्दाहरूको विवरण माग गरी मुलतबी जगाउने सम्बन्धमा आवश्यक कारबाही गर्न पत्राचार गर्नुका साथै आवश्यक निर्देशन दिने गरिएको छ । मातहत अदालतबाट प्रवाह हुने सेवाका सम्बन्धमा प्राप्त हुने गुनासो र उजुरीहरूको सम्बन्धमा छानबिन तथा सम्बन्धित कार्यस्थलको अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

३.७ फैसला कार्यान्वयन निर्देशनालय

फैसला कार्यान्वयनको स्थितिलाई प्रभावकारी बनाउन फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गरी संस्थागत, कानूनी एवम् प्रक्रियागत रूपमा समेत सक्षम बनाउनु पर्ने आवश्यकताको सन्दर्भमा सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०६६/०१/२९ को सैद्धान्तिक निर्णयपश्चात् फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गरिएको थियो। सर्वोच्च अदालत नियमावली, २०७४ को परिच्छेद १५ नियम १२७ देखि १४१ सम्म फैसला कार्यान्वयन सम्बन्धमा कानूनी व्यवस्था गरिएको छ। सर्वोच्च अदालत नियमावलीबमोजिम सर्वोच्च अदालत र मातहत अदालतबाट भएको फैसला तथा अन्तिम आदेशको कार्यान्वयन तथा अनुगमन फैसला कार्यान्वयन निर्देशनालयले गर्ने गर्दछ। नेपालको संविधानको धारा १३३(२) अन्तर्गत सर्वोच्च अदालतमा दायर भएका रिट निवेदनहरूमा भएका आदेशहरूको कार्यान्वयनको अनुगमन गर्ने कार्यलाई यस आर्थिक वर्ष पनि निरन्तरता दिइएको छ।

३.७.१ सार्वजनिक सरोकारको विषयका निवेदनमा भएका आदेशको कार्यान्वयन

सार्वजनिक सरोकारको विषयमा सर्वोच्च अदालतबाट जारी भएका आदेशहरू कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा लेखी पठाइने गरिएको छ । यस आर्थिक वर्ष सर्वोच्च अदालतबाट भएका निर्देशात्मक आदेश, परमादेशलगायतका अन्यसमेत गरी जम्मा २४६ वटा आदेश निर्देशनालयमा दर्ता भएकोमा सोमध्ये ३८ वटा आदेशको कार्य सम्पन्न भएको छ भने २०८ वटामा कार्य सम्पन्न हुन बाँकी रहेकोले कार्यसम्पन्न गर्नका लागि पत्राचार भएको छ। निर्देशनात्मक आदेश र परमादेशसमेतको कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको छ।

तालिका नं.१६

निर्देशनात्मक आदेश र परमादेशसमेतको कार्यान्वयनको विवरण

सि.नं.	आदेशको प्रकृति	जम्मा	कार्यान्वयन भएको	कार्यान्वयन हुन बाँकी
१	निर्देशनात्मक आदेश	१६४	२५	१३९
२	परमादेश	६४	१२	५२
३	अन्य	१८	१	१७
जम्मा		**२४६**	**३८**	**२०८**

३.७.२ फैसला कार्यान्वयनसम्बन्धी व्यक्तिगत निवेदन

फैसला कार्यान्वयन निर्देशनालयमा रिट क्षेत्राधिकार र मुद्दासँग सम्बन्धित पक्षहरूको तर्फबाट फैसला कार्यान्वयन गरिपाउँ भनी दिएका १६०७ निवेदनमध्ये ५ वटा कार्यान्वयन भई १६०२ वटा निवेदन कार्यान्वयन हुन बाँकी रहेका छन्।

३.८ सर्वोच्च अदालतमा रहेका समितिहरूबाट सम्पादित कार्यहरू

सर्वोच्च अदालतले न्यायिक कार्यका अतिरिक्त न्याय प्रशासनसँग प्रत्यक्ष र परोक्ष रूपमा सम्बन्धित अन्य कार्यहरूसमेत सम्पादन गर्दछ। आफ्नो र मातहतका अदालतहरूसँग सम्बन्धित विभिन्न व्यवस्थापकीय र सुधारात्मक कार्यहरू गर्नका लागि सर्वोच्च अदालतबाट गठित विभिन्न समितिहरूबाट सम्पादन भएका कार्यहरू देहायबमोजिम रहेका छन् :

३.८.१ पूर्ण बैठक (फुलकोर्ट)

मुद्दा मामिलामा इन्साफ दिनुपर्ने कामबाहेक अरू कामका लागि प्रधान न्यायाधीश र उपस्थित भएसम्मका अन्य सबै न्यायाधीशहरूको बैठकलाई पूर्ण बैठक भनिन्छ। सर्वोच्च अदालत नियमावलीको परिच्छेद-१३, नियम १०९ बमोजिम न्याय प्रशासनसँग सम्बन्धित कुनै कानूनी व्यवस्था गर्ने वा त्यस्तो कुनै कानूनी व्यवस्थामा संशोधन वा परिवर्तन गर्ने, सर्वोच्च अदालत एवम् मातहतका अदालतको वार्षिक प्रतिवेदन, विशेष समितिको प्रतिवेदन, कुनै अधिवक्तालाई वरिष्ठ अधिवक्ताको उपाधि दिनेलगायत न्याय प्रशासन तथा अदालत प्रशासनसम्बन्धी नीतिगत विषयहरू पूर्ण बैठकसमक्ष प्रस्तुत हुने व्यवस्था रहेको छ। सर्वोच्च अदालतको पूर्ण बैठक (फुलकोर्ट) ले आर्थिक वर्ष ०७५/०७६ मा ३३ वटा बैठक बसी विभिन्न निर्णयहरू गरेको थियो।

३.८.२ स्थायी समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११०(१) ले न्याय प्रशासन तथा व्यवस्थापनसम्बन्धी विषयमा नीति निर्धारण गरी त्यसको अनुगमन गर्न प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका चार जना वरिष्ठतम न्यायाधीश सदस्य रहेको स्थायी समिति रहने व्यवस्था गरेको छ। उक्त समितिको सदस्य सचिवको रूपमा सर्वोच्च अदालतको मुख्य रजिस्ट्रार रहने र स्थायी समितिको बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन गर्ने जिम्मेवारी सर्वोच्च अदालतको मुख्य रजिस्ट्रारको हुने व्यवस्था रहेको छ।

३.८.३ अदालत व्यवस्थापन समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १११ ले प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा अदालत व्यवस्थापन समिति गठन हुने व्यवस्था गरेको छ। सोही व्यवस्थाबमोजिम माननीय न्यायाधीश श्री दीपककुमार कार्की मिति २०७५।११।१२ सम्म र मिति २०७५।११।१३ देखि श्री हरिकृष्ण कार्की अध्यक्ष रहेको अदालत व्यवस्थापन समिति गठन भएको थियो। उक्त समितिको यस आर्थिक वर्षमा १९ वटा बैठक बसी सर्वोच्च अदालत तथा मातहत अदालतहरूको जनशक्ति, सुरक्षा, भौतिक पूर्वाधार, भौतिक साधनहरूको व्यवस्थापन र बजेट बाँडफाँडलगायतका व्यवस्थापकीय विषयमा आवश्यक नीति निर्धारण र अनुगमन गर्ने सम्बन्धमा विभिन्न निर्णय गरेको थियो।

३.८.४ सम्पादन तथा प्रकाशन समिति

कुनै पनि संवैधानिक वा कानूनी विवादमा सर्वोच्च अदालतबाट प्रतिपादन गरिएका सिद्धान्तहरूले कानूनको मान्यता राख्दछन्। नेपालको संविधानको धारा १२८(४) ले मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनका व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालना गर्नुपर्ने व्यवस्था गरेको छ। सर्वोच्च अदालतले गरेको फैसलाहरू मासिकरूपमा नेपाल कानून पत्रिकामा र पाक्षिक रूपमा सर्वोच्च अदालत बुलेटिन र अन्य आवश्यक विषयगत प्रकाशनहरू प्रकाशित हुँदै आएका छन् । कानून पत्रिकाको प्रकाशन सर्वोच्च अदालतले २०१५ साल फाल्गुन ७ गते आरम्भ गरेको थियो। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११२ को व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीशको अध्यक्षतामा सम्पादन तथा प्रकाशन समिति गठन हुने व्यवस्था रहेको छ। सोही व्यवस्थाबमोजिम माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की मिति २०७५।११।१२ सम्म र मिति २०७५।११।१३ देखि माननीय न्यायाधीश श्री केदारप्रसाद चालीसे अध्यक्ष रहेको सम्पादन तथा प्रकाशन समिति गठन भएको थियो। उक्त समितिको यस आर्थिक वर्षमा १५ वटा बैठक बसी विभिन्न निर्णय गरेको थियो। सर्वोच्च अदालतबाट यस आर्थिक वर्षमा प्रकाशित नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिनसम्बन्धी विवरण परिशिष्ट-२४ मा दिइएको छ।

३.८.५ मुद्दा व्यवस्थापन समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११३ मा प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा मुद्दा व्यवस्थापन समिति गठन हुने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे मिति २०७५।११।१२ सम्म र मिति २०७५।११।१३ देखि माननीय न्यायाधीश श्री मीरा खड्का अध्यक्ष रहेको मुद्दा व्यवस्थापन समिति गठन भएको थियो। उक्त समितिको यस आर्थिक वर्षमा ३ वटा बैठक बसी विभिन्न निर्णय गरेको थियो।

३.८.६ मेलमिलाप समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११४ को व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा मेलमिलाप समिति गठन हुने व्यवस्था रहेको छ। सोही व्यवस्थाबमोजिम माननीय न्यायाधीश श्री दीपकराज जोशी

२०७५।०९।१९ सम्म र मिति २०७५।११।१३ देखि माननीय न्यायाधीश श्री तेजबहादुर के.सी. अध्यक्ष रहेको मेलमिलाप समिति गठन भएको थियो। उक्त समितिको यस आर्थिक वर्षमा ३ वटा बैठक बसी समितिलाई तोकिएको अधिकार क्षेत्रको विषयमा विभिन्न निर्णय गरेको थियो।

३.८.७ सूचना प्रविधि समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११५ को व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा सूचना प्रविधि समिति गठन हुने व्यवस्था रहेको छ। सोही व्यवस्थाबमोजिम माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा अध्यक्ष रहेको सूचना प्रविधि समिति गठन भएको थियो। उक्त समितिको यस आर्थिक वर्षमा ११ वटा बैठक बसी Disaster Recovery Centre स्थापना, अदालतहरूको विभिन्न सफ्टवेयरहरूको Integration, संहिता कानूनबमोजिम विभिन्न सफ्टवेयरहरूमा आवश्यक परिमार्जनलगायतका विषयमा विभिन्न निर्णय गरेको थियो।

३.८.८ पुस्तकालय समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११६ को व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा पुस्तकालय समिति गठन हुने व्यवस्था रहेको छ। सोही व्यवस्थाबमोजिम माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा मिति २०७५।११।१५ सम्म र मिति २०७५।११।१६ देखि माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी अध्यक्ष रहेको पुस्तकालय समिति गठन भएको थियो। उक्त समितिको यस आर्थिक वर्षमा ३ वटा बैठक बसी समितिलाई तोकिएको अधिकार क्षेत्रको विषयमा विभिन्न निर्णय गरेको थियो।

३.८.९ केन्द्रीय न्याय क्षेत्र समन्वय समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११७ को व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा केन्द्रीय न्याय क्षेत्र समन्वय समिति गठन हुने व्यवस्था रहेको छ। सोही व्यवस्थाबमोजिम माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत अध्यक्ष रहेको केन्द्रीय न्याय क्षेत्र समन्वय समिति गठन भएको थियो। उक्त समितिको यस आर्थिक वर्षमा एक पटक बैठक बसी समितिलाई तोकिएको अधिकार क्षेत्रको विषयमा विभिन्न निर्णय गरेको थियो।

३.८.१० अनुसन्धान तथा योजना समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११८ को व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा अनुसन्धान तथा योजना समिति गठन हुने व्यवस्था रहेको छ। सोही व्यवस्थाबमोजिम माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ अध्यक्ष रहेको अनुसन्धान तथा योजना समिति गठन भएको थियो। उक्त समितिको यस आर्थिक वर्षमा १६ वटा बैठक बसी सर्वोच्च अदालतको वार्षिक कार्य योजना तर्जुमा, मातहत अदालतहरूको वार्षिक कार्य योजनामा आवश्यक निर्देशन, सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन तयारी, विभिन्न ८ वटा विषयमा अध्ययन कार्य सम्पन्न, न्यायपालिकाको तेस्रो रणनीतिक योजनाको समीक्षा एवम् चौथो रणनीतिक योजना तर्जुमालगायतका कार्यहरू सम्पन्न गरेको थियो।

३.८.११ मानव संसाधन विकास समिति

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११९ को व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा मानव संसाधन विकास समिति गठन हुने व्यवस्था रहेको छ। सोही व्यवस्थाबमोजिम माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत मिति २०७५।११।१२ सम्म र मिति २०७५।११।१३ देखि माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ अध्यक्ष रहेको मानव संसाधन विकास समिति गठन भएको थियो। उक्त समितिको यस आर्थिक वर्षमा २१ वटा बैठक बसी समितिलाई तोकिएको अधिकार क्षेत्रको विषयमा विभिन्न निर्णय गरेको थियो।

३.८.१२ न्यायमा पहुँच आयोग

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२० को व्यवस्थाबमोजिम गठित न्यायमा पहुँच आयोगको अध्यक्षमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्सेर ज.ब.रा. रहनु भएको थियो। उक्त आयोगको यस आर्थिक वर्षमा ११ वटा बैठक बसी आयोगलाई तोकिएको अधिकार क्षेत्रको विषयमा विभिन्न निर्णय गरेको थियो।

३.९ आर्थिक वर्ष २०७५/०७६ मा गठित विशेष समितिहरू

न्यायपालिकाको समग्र सुधारको लागि नीतिगत निर्णय गर्न गठित स्थायी प्रकृतिका विभिन्न समितिहरूको अतिरिक्त सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२० को कानूनी व्यवस्थाबमोजिम प्रधान न्यायाधीशले आर्थिक वर्ष २०७५/०७६ मा सर्वोच्च अदालतमा गठित समितिहरू निम्नबमोजिम रहेका छन्:-

३.९.१ मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८७ बमोजिम गठित बाधा अड्काउ फुकाउ समिति

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८७ को व्यवस्थाबमोजिम संहिता कानूनहरूको कार्यान्वयनका क्रममा आउन सक्ने बाधा अड्काउको सम्बन्धमा निकासा दिन प्रधान न्यायाधीशस्तरीय निर्णयबाट सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री दीपककुमार कार्की अध्यक्ष र सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ एवम् माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा सदस्य रहेको ५ सदस्यीय समिति गठन भएको थियो। यस आर्थिक वर्षमा उक्त समितिको १५ वटा बैठक बसी संहिता कानूनहरूको कार्यान्वयनमा देखिएका विभिन्न १०७ विषयहरूका सम्बन्धमा छलफल गरी ५७ वटा विषयमा निकासा दिने निर्णय गरेको थियो।

३.९.२ चौथो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा निर्देशक समिति

योजनाबद्ध सुधार प्रक्रियालाई निरन्तरता दिन न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/२०७७-२०८०/२०८१) तर्जुमाका लागि सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री दीपककुमार कार्कीको संयोजकत्वमा मिति २०७५।१०।८ मा चौथो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा निर्देशक समिति गठन भएको थियो। साथै उच्च अदालतका माननीय न्यायाधीश श्री विनोद शर्माको संयोजकत्वमा न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा कार्य समिति गठन भएको थियो। उक्त तर्जुमा कार्य समितिबाट पेस भएको मस्यौदा निर्देशक समितिले अनुमोदन गरी सम्माननीय प्रधान न्यायाधीशसमक्ष पेस गरेको थियो। उक्त मस्यौदा सर्वोच्च अदालतको पूर्ण बैठकबाट २०७६।४।१ देखि लागू हुने गरी स्वीकृत भएको थियो।

३.९.३ सजाय निर्धारणसम्बन्धी मापदण्ड निर्धारण समिति

सम्माननीय प्रधान न्यायाधीश स्तरीय निर्णयबाट सर्वोच्च अदालतका माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराईको संयोजकत्वमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हासमेत सदस्य रहेको सजाय निर्धारणसम्बन्धी मापदण्ड निर्धारण समिति गठन भएको थियो। उक्त समितिले विभिन्न १९ वटा विषयमा सजाय निर्धारणका सामान्य मापदण्ड सिफारिस गरेको थियो।

३.१० कानूनी सहायता / प्रतिनिधित्व

नेपालको संविधानको धारा २० को उपधारा (१०) मा आर्थिक, सामाजिक कारणबाट आफ्नो कानूनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ तथा असहाय पक्षको तर्फबाट कानूनी प्रतिनिधित्व गराउने तथा आवश्यक कानूनी सहायता उपलब्ध गराउने संवैधानिक व्यवस्था रहेको छ। नेपालका अदालतहरूमा निःशुल्क कानूनी सहायतासम्बन्धी सुविधा २०१५ सालदेखि सुरू गरिएको थियो। २०१५ सालदेखि वैतनिक कानून व्यवसायीको व्यवस्था गरी मुद्दाका असमर्थ पक्षहरूले अनुरोध गरेमा वा इजलासलाई लागेमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदै आएको अवस्था छ। यस व्यवस्थाको निरन्तरता स्वरूप हाल सर्वोच्च अदालतमा २ जना र अन्य सबै उच्च तथा जिल्ला अदालतहरूमा १/१ जना वैतनिक कानून व्यवसायी नियुक्ति गरी निःशुल्क कानूनी सेवा उपलब्ध गराउने व्यवस्था गरिएको छ। यस आर्थिक वर्ष सर्वोच्च अदालतमा वैतनिक कानून व्यवसायीबाट कानूनी सहायताको क्रममा २५० वटा लिखत तयारी, ३८५ टेम्प्लेट सेवा, ६०९ वटा परामर्श सेवा, १७३ वटा बहस पैरवी र ३८ पटक कारागार भ्रमण गरी १४५५ जना व्यक्तिलाई वैतनिक कानून व्यवसायीबाट निःशुल्क कानूनी सेवा उपलब्ध गराइएको छ। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट-८९ मा दिइएको छ।

३.११ मेलमिलाप प्रक्रिया

यस आर्थिक वर्ष सर्वोच्च अदालतको मेलमिलाप केन्द्रमा जम्मा २६७ थान मुद्दाको लगत कायम भएकोमा २४ थान मुद्दा मेलमिलापबाट सफल भएका छन्। ३६ थान मुद्दाहरू मेलमिलापको प्रक्रियामा रहेका र बाँकी २०७ थान मुद्दाहरू मेलमिलाप हुन नसकी फिर्ता भएका छन्। सर्वोच्च अदालतमा ९९ जना मेलमिलापकर्ता सूचीकृत भएका छन्। यस आर्थिक वर्षमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतबाट मेलमिलाप प्रक्रियामा पठाइएका मुद्दाहरूको विवरण परिशिष्ट-८८ मा दिइएको छ।

३.१२ बालन्याय प्रणाली

यस आर्थिक वर्षमा बालबालिका संलग्न भएका जम्मा मुद्दाको लगत ४३०३ कायम भएकोमा २६४८ फछ्र्यौट भई १६५५ थान बाँकी रहेको छ। उक्त संख्यामध्ये बालबालिका पीडित भएको जम्मा मुद्दा संख्या १७६७ रहेको थियो भने बालबालिका मात्र वादी वा प्रतिवादी भएको मुद्दा संख्या १३०० रहेको थियो। उमेर पुगेका व्यक्तिसहित बालबालिका संलग्न रहेको मुद्दा संख्या ३००३ रहेको थियो। यस आर्थिक वर्षमा १०० भन्दा बढी बालबालिका संलग्न मुद्दाको लगत कायम भएका जिल्ला अदालत १३ वटा रहेका छन् जसमध्ये मोरङ जिल्ला अदालतमा सबैभन्दा बढी ६८१ मुद्दा रहेको देखिन्छ। गत आर्थिक वर्षमा बालबालिका संलग्न रहेको मुद्दाको जम्मा लगत ४०३० मध्ये २३४३ फछ्र्यौट भई १६८७ बाँकी रहेको थियो। बालबालिका संलग्न रहेका मुद्दाको संख्या उल्लेख्य रूपमा रहेको र संहिता कानूनले बालबालिकाको उमेर १६ वर्षबाट १८ कायम गरेको हुँदा आगामी दिनमा यो संख्या बढ्न जाने देखिन्छ। बालबालिका पक्ष भएका मुद्दाहरूको विस्तृत विवरण परिशिष्ट- ९२ मा दिइएको छ।

३.१३ न्यायिक संग्रहालय

नेपालको न्यायपालिकासँग सम्बन्धित ऐतिहासिक महत्त्वको सामग्रीहरूको संकलन, संरक्षण तथा न्यायिक इतिहासको अध्ययन अवलोकन गर्ने अवसर सृजना गर्ने उद्देश्यले सर्वोच्च अदालतमा न्यायिक संग्रहालयको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरी सोको कार्य योजनासमेत तयार गरिएको थियो। न्यायिक संग्रहालयको स्थापना सम्बन्धमा भएको अध्ययन प्रतिवेदनसमेतका आधारमा पहिलो चरणमा न्यायिक महत्त्वका सामग्रीहरूको संकलन, संरक्षण र प्रदर्शनको कार्य प्रारम्भ गरिएको छ। दीर्घकालीनरूपमा सर्वोच्च अदालतको पुस्तकालयअर्न्तगत छुट्टै संग्रहालय कक्ष स्थापना गरी सर्वसाधारणसमेतलाई अवलोकन गर्ने अवसरसहितको व्यवस्थित संग्राहालय बनाउने लक्ष्यअनुरूप आवश्यक तयारीका कार्यहरू भइरहेको छ। हालसम्म संकलित ऐतिहासिक महत्त्वका सामग्रीहरूको संकलन गरी आर्थिक वर्ष २०७५।०७६ मा सर्वोच्च अदालतमा संग्रहालय शाखा सञ्चालनमा ल्याइएको छ।

३.१४ शिशु स्याहार केन्द्र

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले अदालतहरूमा शिशु स्याहार केन्द्रको स्थापना गर्नुपर्ने व्यवस्था गरेको थियो। उक्त व्यवस्थासमेतका आधारमा प्रतिवेदन वर्ष सर्वोच्च अदालतमा शिशु स्याहार केन्द्रको स्थापना, दिगो सञ्चालन र व्यवस्थापनका सम्बन्धमा अध्ययन गर्न समिति गठन भई प्रतिवेदन तयार भएको थियो। अध्ययन समितिको सिफारिससमेतका आधारमा पहिलो चरणमा १० जनाको क्षमता भएको शिशु स्याहार केन्द्रको लागि ४ कोठा र आवश्यक पूर्वाधारसहितको शिशु स्याहार केन्द्र सर्वोच्च अदालतमा स्थापना गरिएको छ। उक्त शिशु स्याहार केन्द्रको सर्वोच्च अदालतका रजिस्ट्रार श्री नृपध्वज निरौलाबाट मिति २०७५।१२।१० मा उद्घाटन भएको थियो। २ जना आयाको रेखदेखमा उक्त शिशु स्याहार केन्द्रमा हाल ९ जना शिशुहरूको स्याहार हुँदै आएको छ।

३.१५ रेखा तथा लिखत परीक्षण

अदालतमा परेका मुद्दामा प्रमाणका रूपमा पेस गरिएका लिखतहरूको सत्यताका बारेमा विवाद उठेमा वैज्ञानिक परीक्षण गरी लिखतमा परेको हस्ताक्षर र सहिछापको यकिन गर्नुपर्ने हुन्छ। हस्ताक्षर वा सहिछापको वैज्ञानिक परीक्षण गरी यकिन गर्ने प्रयोजनका लागि सर्वोच्च अदालतमा वि.सं. २०४१ सालदेखि सम्बन्धित विशेषज्ञहरूसहितको रेखा तथा लिखत परीक्षण शाखा स्थापना गरिएको थियो। विषय विज्ञको पदपूर्ति हुन नसकेको कारण यस आर्थिक वर्षमा सेवा प्रवाह हुन सकेन।

३.१६ सर्वोच्च अदालतको भवनको स्थिति, निर्माण तथा भौतिक सुधारको कार्य र वित्तीय विवरण

(क) भवनको स्थिति

सर्वोच्च अदालतसँग हाल आफ्नो नाममा ५४।९।०।० रोपनी जग्गा रहेको छ। उक्त जग्गामा एउटा मूल भवनसहित साना ठूला गरेर जम्मा ८ वटा कार्यालय भवनहरू रहेका छन्। मूल भवनमा २०७२ सालको भूकम्पले क्षति पुऱ्याएपश्चात् प्रवलीकरणको कार्य सम्पन्न भइसकेको छ। सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि तयार भएका नक्सा र डिजाइनबमोजिम कार्य प्रारम्भ गर्न यस आर्थिक वर्षमा केही रकम छुट्याइएको छ। सर्वोच्च अदालतको बढ्दो कार्यबोझ सम्बोधन गर्न यथाशीघ्र नयाँ भवन निर्माण कार्य गर्नुपर्ने छ।

प्रतिवेदन वर्ष नुवाकोट र गोरखा जिल्ला अदालतको भवन निर्माण सम्पन्न भई नयाँ भवनबाट काम सुरू भएको छ भने उच्च अदालत पाटन, उदयपुर, बझाङ, सुनसरी, मकवानपुर, बैतडी, जाजरकोट, भक्तपुर र दाङ जिल्ला अदालतको नयाँ भवनको निर्माण कार्य भइरहेको छ। हाल सर्वोच्च अदालतका प्रधान न्यायाधीशबाहेक अन्य न्यायाधीशहरूको लागि सरकारी आवासको सुविधा उपलब्ध छैन । सर्वोच्च अदालतको जग्गा र भवनको विस्तृत विवरण परिशिष्ट-२९ मा दिइएको छ।

(ख) वित्तीय विवरण

सर्वोच्च अदालतको यस आर्थिक वर्ष वित्तीय स्थिति हेर्दा चालुतर्फ रू. ५०३३२०००००.०० र पुँजीगततर्फ रू. २२४७८०००००.०० गरी जम्मा रू. ७२८१००००००.०० विनियोजित भएकोमा चालुतर्फ रू. ४८९२१८७१६.०० र पुँजीगततर्फ रू. ९२१३९२८८.०० गरी जम्मा रू. ५८१३५८००४.०० खर्च भएको देखिन्छ। सर्वोच्च अदालतको वित्तीय विवरण परिशिष्ट-२५ मा दिइएको छ।

(ग) धरौटी र राजस्वको विवरण

सर्वोच्च अदालतमा आर्थिक वर्ष २०७५।०७६ सम्म कायम भएको धरौटीको विवरण एवम् आर्थिक वर्ष २०७५।०७६ मा संकलन भएको राजस्वको विवरण क्रमश: परिशिष्ट-२६ र २७ मा प्रस्तुत गरिएको छ।

(घ) बेरूजुसम्बन्धी विवरण

सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूमा आर्थिक वर्ष २०७५।०७६ सम्म कायम भएको जम्मा बेरूजु लगत रू.२६१०५११०००।०० रहेकोमा रू. १४९४७८०००।०० (५७.२६%) फछ्र्यौट भई बाँकी रू. १११५७३०००।०० रहेको देखिन्छ।

परिच्छेद ४
उच्च अदालतसम्बन्धी व्यवस्था

४.१ उच्च अदालतको गठन

नेपालको संविधानको धारा १३९ ले प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने संवैधानिक व्यवस्था गरेको छ। साथै न्याय प्रशासन ऐन, २०७३ ले उच्च अदालतहरूको स्थापना र सञ्चालनसम्बन्धी कानूनी व्यवस्था गरेको छ। प्रतिवेदन वर्ष नेपालमा उच्च अदालतहरूको सङ्ख्या ७ र उच्च अदालतका अर्को इजालसहरू ९ र अस्थायी इजलासहरू २ रहेका छन्। उच्च अदालतमा एकजना मुख्य न्यायाधीश र आवश्यक सङ्ख्यामा अन्य न्यायाधीशहरू रहने व्यवस्था छ। उच्च अदालतका अर्को इजलासहरू तथा अस्थायी इजलासहरूमा मुख्य भई काम गर्ने एकजना र आवश्यक सङ्ख्यामा अन्य न्यायाधीशहरू रहने व्यवस्था रहेको छ। हाल स्थापना भएका उच्च अदालत, उच्च अदालतको अर्को इजलास र अस्थायी इजलासहरूमा मुख्य न्यायाधीश, मुख्य भई काम गर्ने न्यायाधीश, न्यायाधीश र विभिन्न तहका कर्मचारीहरू कार्यरत रहेका छन्।

४.२ न्यायाधीशको नियुक्ति

नेपालको संविधानको धारा १४० बमोजिम प्रधान न्यायाधीशले न्याय परिषद्को सिफारिसमा उच्च अदालतका मुख्य न्यायाधीश र अन्य न्यायाधीशहरूको नियुक्ति गर्ने व्यवस्था रहेको छ। यस आर्थिक वर्षमा विभिन्न उच्च अदालतमा कार्यरत माननीय न्यायाधीशहरूको सम्पादित कार्यको विवरण परिशिष्ट- ३४ र ३५ मा प्रस्तुत गरिएको छ।

४.३ इजलासको गठन र कार्य प्रणाली

उच्च अदालतको अधिकारक्षेत्रको प्रयोग तोकिएबमोजिम एक जना न्यायाधीशको इजलास वा संयुक्त इजलासबाट हुने व्यवस्था रहेको छ। ती इजलासको गठन र कार्य प्रणाली निम्नानुसार रहेको छ :

(क) संयुक्त इजलास

उच्च अदालतको संयुक्त इजलासमा दुईजना न्यायाधीशहरू रहन्छन्। नेपालको संविधानको धारा १४४ ले उच्च अदालतको क्षेत्राधिकार सम्बन्धमा व्यवस्था गरेको छ। उच्च अदालत नियमावली, २०७३ को नियम १० अनुसार निम्नानुसारका मुद्दा, निवेदनपत्र र प्रतिवेदनहरू उच्च अदालतको संयुक्त इजलासबाट हेरिने व्यवस्था छ।

- पुनरावेदनका रूपमा दर्ता भएका मुद्दाहरू,
- साधक
- कारण देखाउने आदेश भइसकेपछि पेस हुने देहायका रिट निवेदन पत्रहरू:
  - बन्दीप्रत्यक्षीकरणसम्बन्धी निवेदन,
  - परमादेशसम्बन्धी निवेदन,
  - उत्प्रेषणसम्बन्धी निवेदन,
  - प्रतिषेधसम्बन्धी निवेदन
  - अधिकारपृच्छासम्बन्धी निवेदन र
  - निषेधाज्ञासम्बन्धी निवेदन
- मातहत अदालतबाट झिकाइएका मुद्दा,
- अदालतको अवहेलनासम्बन्धी मुद्दा,
- संयुक्त इजलासबाट हेरिने मुद्दाको लगाउ मुद्दा,
- संयुक्त इजलासमा पेस हुने मुद्दासँग सम्बन्धित निवेदन,
- मुद्दा मामिला तथा फैसला कार्यान्वयनसँग सम्बन्धित प्रतिवेदनहरू,

(ख) एक न्यायाधीशको इजलास

एक न्यायाधीशको इजलासमा एकजना न्यायाधीशले मुद्दा हेर्ने कार्य गर्दछन्। उच्च अदालत नियमावली, २०७३ को नियम ११ अनुसार निम्न मुद्दाहरू एक न्यायाधीशको इजलासबाट हेरिने व्यवस्था रहेको छ :

- संघीय कानूनबमोजिम उच्च अदालतबाट सुरू कारबाही र किनारा गर्ने मुद्दा,
- निवेदनपत्र दर्ता भई प्रत्यर्थीबाट लिखित जवाफ मगाउने आदेश भई नसकेका देहायका निवदेन पत्रहरू :
  क) बन्दीप्रत्यक्षीकरणसम्बन्धी निवेदन,

ख) परमादेशसम्बन्धी निवेदन,
ग) उत्प्रेषणसम्बन्धी निवेदन,
घ) प्रतिषेधसम्बन्धी निवेदन
ङ) अधिकारपृच्छासम्बन्धी निवेदन र
च) निषेधाज्ञासम्बन्धी निवेदन

- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६(४),१५७, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५१(३), ७२(२) र ७३ तथा न्यायप्रशासन ऐन, २०७३ को दफा १५ अन्तर्गत परेका निवेदनहरू
- अभियुक्तका नाममा पक्राउ पुर्जी जारी गर्ने अनुमतिसम्बन्धी निवेदन
- मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा ६५ बमोजिमको निवेदन
- मुद्दा मामिलाको कारबाहीको सिलसिलामा रजिस्ट्रारले दिएको आदेशउपरको उजुरी र
- उच्च अदालत नियमावलीमा अन्यथा व्यवस्था भएको वा रजिस्ट्रारको अधिकारक्षेत्रभित्रको निवेदन पत्रबाहेक अरू सबै निवेदनहरू।

(ग) बिदाको अवधिमा इजलास तोकिने

न्याय प्रशासन ऐन, २०७३ को दफा २६ अनुसार तीन दिन वा सोभन्दा बढी अवधिको लागि अदालत बन्द रहने भएमा प्रत्येक उच्च अदालतका १/१ जना न्यायाधीशलाई बिदाको अवधिमा सो अदालतको प्रादेशिक क्षेत्राधिकारमा पर्ने बन्दीप्रत्यक्षीकरणको निवेदन लिई सुनुवाइ गर्नको लागि तोकिने व्यवस्था छ। उक्त व्यवस्थाबमोजिम तीन दिन वा सोभन्दा बढी बिदाको अवधिमा बन्दीप्रत्यक्षीकरण निवेदनको सुनुवाइको लागि न्यायाधीश तोकिने गरेको छ।

४.४ जनशक्ति

यस आर्थिक वर्षमा उच्च अदालतहरूमा मुख्य न्यायाधीश र न्यायाधीशहरू गरी जम्मा १६० दरबन्दी रहेकोमा १४७ जना कार्यरत रहनुभएको थियो। सबै तहका गरी जम्मा १२३४ दरबन्दी रहेकोमा ७७५ स्थायी र २५४ जना करार गरी जम्मा १०२९ जना कर्मचारीहरू कार्यरत रहेका थिए। उच्च अदालतहरूमा रहेको जनशक्तिको विस्तृत विवरण परिशिष्ट-५३ मा दिइएको छ।

४.५ उच्च अदालतको क्षेत्राधिकार

न्याय प्रशासन ऐन, २०७३ को दफा ५ ले प्रत्येक प्रदेशको राजधानी रहेको ठाउँमा उच्च अदालत रहने व्यवस्था गरेको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ५ ले उच्च अदालतको अर्को इजलास र उच्च अदालतको अस्थायी इजलास तोक्न सक्ने व्यवस्था गरेबमोजिम हाल ७ वटा उच्च अदालत, ९ वटा उच्च अदालतको अर्को इजलास र २ वटा उच्च अदालतको अस्थायी इजलास स्थापना गरिएका छन्। उच्च अदालतलाई प्राप्त अधिकारक्षेत्र देहायअनुसार रहेको छ :

४.५.१ सुरू मुद्दा हेर्ने

नेपालको न्यायिक संरचनामा उच्च अदालतलाई सामान्यतया पुनरावेदन सुन्ने अदालतको रूपमा लिइने भए पनि केही खास मुद्दाहरूमा यसलाई सुरू कारबाही र किनारा गर्ने अधिकारसमेत प्राप्त छ। न्याय प्रशासन ऐन, २०७३ बमोजिम कानूनमा नै उच्च अदालतबाट सुरू कारबाही र किनारा हुने भनी तोकिएका मुद्दाहरू, उच्च अदालतबाट सुरू कारबाही र किनारा गर्नु भनी सर्वोच्च अदालतबाट आदेश भई आएका मुद्दाहरू तथा आफ्नो तथा आफ्नो मातहतका अदालतको अवहेलनामा परेका मुद्दाहरूको सुरू कारबाही र किनारा उच्च अदालतबाट हुने व्यवस्था छ। उच्च अदालतहरूले सुरू अधिकार क्षेत्रअन्तर्गत सुनुवाइ गरेका मुद्दाहरूको विवरण परिशिष्ट-३६ मा उल्लेख गरिएको छ।

४.५.२ पुनरावेदन सुन्ने

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) मा उच्च अदालतलाई आफ्नो मातहतको जिल्ला अदालत र प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकामा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र रहेका अन्य कुनै निकाय वा अधिकारीले मुद्दा मामिलामा गरेको सुरू फैसला वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने अधिकार रहेको छ। यस आर्थिक वर्षमा उच्च अदालतहरूमा परेका पुनरावेदनसम्बन्धी मुद्दाहरूको विवरण परिशिष्ट- ३६ मा उल्लेख गरिएको छ।

४.५.३ साधक हेर्ने

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(४) अनुसार प्रचलित कानूनबमोजिम साधक सदर गराउनु पर्ने मुद्दामा पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नुपर्ने व्यवस्था छ। सोअनुसार जन्मकैद हुने मुद्दामा उच्च अदालतमा साधक जाहेर हुन्छ। उच्च अदालतबाट हेरिएका साधकहरूको विवरण परिशिष्ट-३६ मा दिइएको छ।

४.५.४ रिट निवेदन

नेपालको संविधानको धारा १४४(१), न्याय प्रशासन ऐन २०७३ को दफा ८(१) र उच्च अदालत नियमावली, २०७३ को नियम १० ले उच्च अदालतलाई आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र कुनै निकाय वा अधिकारीले संविधान प्रदत्त मौलिक हक वा कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि आवश्यकताअनुसार बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध र अधिकारपृच्छा एवम् निषेधाज्ञाको निवेदन हेर्ने अधिकारक्षेत्र तोकेको छ । यस आर्थिक वर्ष उच्च अदालतले यस क्षेत्राधिकारअन्तर्गत सुनुवाइ गरेका निवेदनहरूको विवरण परिशिष्ट-३९ मा दिइएको छ ।

४.५.५ समग्र मुद्दा तथा रिट र निवेदनसमेतको लगत फछ्र्यौंट र बाँकी विवरण

मुद्दातर्फ

माथि उल्लिखित विभिन्न क्षेत्राधिकारअन्तर्गत उच्च अदालतबाट हेरिएका मुद्दातर्फ यस आर्थिक वर्षमा जिम्मेवारी सरेका १२६५३ र नयाँ दर्ता २६६०७ गरी जम्मा लगत ३९२६० थान रहेकोमा २५८४२ थान फछ्र्यौंट भई १३४१८ थान बाँकी रहेको देखिन्छ । गत आर्थिक वर्षमा जिम्मेवारी सरेका १७८८८ र नयाँ दर्ता १७०७८ गरी जम्मा लगत ३४९६६ थान रहेकोमा २२३१३ थान फछ्र्यौंट भई १२६५३ थान बाँकी रहेको थियो । गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा यस आर्थिक वर्षमा फछ्र्यौंट अनुपात १५.८१ प्रतिशतले वृद्धि भएको छ ।

रिट निवेदनतर्फ

यस आर्थिक वर्षमा रिटतर्फ जिम्मेवारी सरेका १९४४ र नयाँ दर्ता ४७५६ गरी जम्मा लगत ६७०० थान रहेकोमा ४९५९ थान फछ्र्यौंट भई १७४१ थान बाँकी रहेको देखिन्छ । गत आर्थिक वर्षमा जिम्मेवारी सरेका १६८२ र नयाँ दर्ता ४२१५ गरी जम्मा लगत ५८९७ थान रहेकोमा ३९५३ थान फछ्र्यौंट भई १९४४ थान बाँकी रहेको थियो । गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा यस आर्थिक वर्षमा फछ्र्यौंट अनुपात २५.४४ प्रतिशतले वृद्धि भएको छ ।

मुद्दा र रिट निवेदनतर्फ

यस आर्थिक वर्ष उच्च अदालतहरूमा रहेका मुद्दा तथा रिट निवेदनको समग्र स्थितिलाई हेर्दा जिम्मेवारी सरेका १४५९७ र नयाँ दर्ता ३१३६३ गरी जम्मा लगत ४५९६० थान रहेकोमा ३०८०१ थान फछ्र्यौंट भई १५११५९ थान बाँकी रहेको देखिन्छ । गत आर्थिक वर्षमा जिम्मेवारी सरेका १९५७० र नयाँ दर्ता २१२९३ गरी जम्मा लगत ४०८६३ थान रहेकोमा २६२६६ थान फछ्र्यौंट भई १४५९७ थान बाँकी रहेको थियो । गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा यस आर्थिक वर्षमा फछ्र्यौंट अनुपात १७.२६ प्रतिशतले वृद्धि भएको छ ।

यसैगरी फछ्र्यौंट हुन बाँकी मुद्दा तथा रिट निवेदनको स्थितिलाई हेर्दा यस आर्थिक वर्ष जम्मा १५११५९ थान फछ्र्यौंट हुन बाँकी रहेको देखिन्छ । गत आर्थिक वर्षमा जम्मा १९५७० थान फछ्र्यौंट हुन बाँकी रहेको थियो । गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्ष फछ्र्यौंट हुन बाँकी मुद्दा ४४११ थानले घटी रहेको छ ।

यस आर्थिक वर्ष २०७५/०७६ मा बाँकी मुद्दा तथा रिट निवेदन १५११५९ मध्ये १८ महिनाभित्रका १४७०५ थान, १८ महिनादेखि २ वर्षभित्रका ३४२ थान र २ वर्ष नाघेका ११२ थान बाँकी रहेको देखिन्छ । गत आर्थिक वर्ष २०७४/०७५ मा बाँकी रहेका मुद्दा तथा रिट निवेदनसमेत जम्मा १४५९७ थान मध्ये १८ महिनाभित्रका १२२१५ थान, १८ महिनादेखि २ वर्षभित्रका ११२९ थान र २ वर्ष नाघेका १२५३ थान मुद्दा तथा रिट निवेदनहरू बाँकी रहेको थियो । गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा यस आर्थिक वर्षमा २ वर्ष नाघेका मुद्दा संख्या ११४१ ले घटी छ । उच्च अदालतमा परेका मुद्दा तथा निवेदनको समष्टिगत लगत फछ्र्यौंट विवरण र दुई वर्ष नाघेका बाँकी मुद्दा तथा निवेदनको विवरण परिशिष्ट-३६ मा दिइएको छ । साथै उच्च अदालतमा रहेका थुनुवा मुद्दाको लगत फछ्र्यौंट र बाँकी विवरण परिशिष्ट ४३ र मुलतबी रहेका मुद्दाहरूको विवरण परिशिष्ट ४४ मा दिइएको छ ।

४.५.६ निवेदन, प्रतिवेदन र फुटकर निवेदन सुन्ने

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ नं. अनुसार मुद्दाको कारबाहीको सिलसिलामा तल्लो अदालतबाट भएका मुद्दाका पक्षलाई तारिखमा राखेको वा निजबाट जमानत वा अदालती शुल्क लिएको, मुद्दा दर्ता गर्न नमिल्ने भनी गरेको दरपिठ आदेशउपर न्यायाधीशसमक्ष उजुर गरेकोमा त्यस्तो उजुर रद्द भएको, प्रारम्भिक सुनुवाइ गर्दा हकदैया, हदम्याद वा अधिकार क्षेत्रसम्बन्धी विषय निरूपण गरी आदेश गरेको र मुद्दाको कारबाहीको सिलसिलामा अन्य कुनै आदेश र कुनै अदालतमा भएको काम कारबाहीमा म्याद नाघेको वा मुद्दामा कानूनबमोजिम गर्नुपर्ने काम कारबाही बदर गराउन चित्त नबुझ्ने पक्षले त्यस्तो अदालतको पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्ने व्यवस्था छ । त्यस्तो निवेदन परेमा निवेदन र सोको प्रतिवेदन उच्च अदालतबाट हेरिने व्यवस्था छ । यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अनुसार कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुर्पक्षका लागि प्रतिवादीलाई तारेख, जमानत वा थुनामा राख्ने गरी भएको वा अन्य अन्तरकालीन आदेशउपरको निवेदन र प्रतिवेदनसमेत उच्च अदालतबाट हेरिने व्यवस्था रहेको छ ।

यस आर्थिक वर्षमा उच्च अदालतहरूमा निवेदन, प्रतिवेदन र फुटकर निवेदनको जम्मा लगत १४११० थान हुन आएकोमा सोमध्ये

१३६८७ थान अर्थात् ९७.०० प्रतिशत फछ्र्यौट भई ४२३ थान बाँकी रहेका छन्। गत आर्थिक वर्ष २०७४/०७५ मा निवेदन, प्रतिवेदन र फुटकर निवेदनको लगत १२३७३ थान हुन आएकोमा सोमध्ये ११५८३ थान अर्थात् ९३.६ प्रतिशत फछ्र्यौट भई ७९० थान बाँकी रहेका छन्। गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा यस आर्थिक वर्षमा फछ्र्यौट अनुपात १८.१६ प्रतिशतले बढेको छ। यससम्बन्धी विवरण परिशिष्ट ३७ मा दिइएको छ।

माथि विभिन्न शीर्षकमा विश्लेषण गरिएको यस आर्थिक वर्षमा उच्च अदालतहरूमा परेका समग्र मुद्दाको लगत विवरण देहायबमोजिम रहेको छ।

उच्च अदालतमा परेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनहरूको समग्र विवरण

तालिका नं. १७

सुरू मुद्दा	पुनरावेदन	साधक	रिट	निवेदन	प्रतिवेदन	फुटकर निवेदन	जम्मा
३१६७	३५९५१	१४२	६७००	६१३५	६१४३	१८३२	६००७०

यस आर्थिक वर्ष २०७५/०७६ मा उच्च अदालतहरूमा परेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको जम्मा लगतको विवरणलाई देहायको वृत्त चित्रमा प्रस्तुत गरिएको छ।

वृत्त चित्र नं.३

उच्च अदालतमा परेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदनहरूको समग्र विवरणको वृत्त चित्र



४.५.७ मुद्दा तथा रिट निवेदनको वर्गीकृत विवरण

यस आर्थिक वर्षमा उच्च अदालतमा परेका ४५९६० मुद्दाको विषयगत वर्गीकरण गरी सोको जम्मा लगत, फछ्र्यौट र बाँकीको विस्तृत विवरण परिशिष्ट-४१ मा दिइएको छ। साथै उच्च अदालतहरूमा बाँकी रहेका मुद्दा तथा रिटको सालबसाली विवरण परिशिष्ट-४२ मा दिइएको छ।

४.५.८ मुद्दा तथा रिट निवेदनतर्फ २ वर्ष र १८ महिना नाघेका मुद्दा र रिटसमेत शुन्य रहेका तथा ६५% भन्दा बढी फछ्र्यौट गरेका उच्च अदालतहरूको विवरण

यस आर्थिक वर्ष २०७५/०७६ मा १४ वटा उच्च अदालत तथा उच्च अदालतहरूको अर्को इजलासहरूले पुराना मुद्दा फछ्र्यौट गर्ने सन्दर्भमा उल्लेख्य प्रगति गरेका छन्। ती अदालतहरूमा २ वर्ष नाघेका मुद्दाको सङ्ख्या शून्य रहेको छ। ती मध्ये उच्च अदालत जनकपुरको अर्को इजलास राजविराजको गतवर्ष ५८९ थान र उच्च अदालत जनकपुरमा ३६६ थान दुई वर्ष नाघेका मुद्दा रहेकोमा त्यसमध्ये उच्च अदालत जनकपुरमा ६ थान मात्र बाँकी रहेको छ भने राजविराज इजलासको यस आर्थिक वर्षमा दुई वर्ष नाघेका मुद्दा शून्य रहेको देखिँदा ती अदालतले उल्लेख्य रूपमा दुई वर्षे मुद्दा घटाउन सफल भएको देखिन्छ। त्यसैगरी १५ वटा उच्च अदालतहरूले आफ्नो लगतको पैंसट्ठी प्रतिशतभन्दा बढी मुद्दा फछ्र्यौट गरेका छन्। दुई वर्ष नाघेका पुराना मुद्दाहरू र १८ महिना नाघेका मुद्दाहरू शून्य बनाउने तथा लगतको पैंसट्ठी प्रतिशतभन्दा

बढी मुद्दा फछ्र्यौंट गर्ने उच्च अदालतहरूको नामावली देहायको तालिकामा उल्लेख गरिएको छ ।

क. २ वर्ष नाघेका मुद्दा तथा निवेदनहरूको सङ्ख्या ० (शून्य) रहेका उच्च अदालतहरू

सि.नं.	अदालतको नाम
१	उच्च अदालत विराटनगरको अर्को इजलास, इलाम
२	उच्च अदालत विराटनगरको अर्को इजलास, धनकुटा
३	उच्च अदालत विराटनगरको अस्थायी इजलास, ओखलढुंगा
४	उच्च अदालत जनकपुर अर्को इजलास राजविराज
५	उच्च अदालत जनकपुर अस्थायी इजलास, विरगञ्ज
६	उच्च अदालत पोखरा
७	उच्च अदालत पोखराको अर्को इजलास, बागलुङ
८	उच्च अदालत तुलसीपुरको अर्को इजलास, बुटवल
९	उच्च अदालत, तुलसीपुर
१०	उच्च अदालत तुलसीपुरको अर्को इजलास, नेपालगञ्ज
११	उच्च अदालत सुर्खेत
१२	उच्च अदालत सुर्खेतको अर्को इजलास जुम्ला
१३	उच्च अदालत दिपायलको अर्को इजलास महेन्द्रनगर
१४	उच्च अदालत दिपायल

ख. १८ महिना नाघेका मुद्दा तथा निवेदनहरूको सङ्ख्या ० (शून्य) रहेका उच्च अदालतहरू

सि.नं.	अदालतको नाम
१	उच्च अदालत विराटनगरको अर्को इजलास, धनकुटा
२	उच्च अदालत विराटनगरको अस्थायी इजलास, ओखलढुंगा
३	उच्च अदालत पोखराको अर्को इजलास, बागलुङ
४	उच्च अदालत, तुलसीपुर
५	उच्च अदालत तुलसीपुरको अर्को इजलास, नेपालगञ्ज
६	उच्च अदालत सुर्खेत
७	उच्च अदालत सुर्खेतको अर्को इजलास जुम्ला
८	उच्च अदालत दिपायलको अर्को इजलास महेन्द्रनगर
९	उच्च अदालत दिपायल

ग. कूल लगतको ६५ प्रतिशतभन्दा बढी मुद्दा तथा रिट निवेदन फछ्र्यौंट गर्ने उच्च अदालतहरू

सि.नं.	अदालतको नाम	फछ्र्यौंट प्रतिशत
१	उच्च अदालत सुर्खेत	८४.७५
२	उच्च अदालत विराटनगरको अर्को इजलास धनकुटा	८१.२८
३	उच्च अदालत पाटनको अर्को इजलास हेटौंडा	८०.८१
४	उच्च अदालत दिपायलको अर्को इजलास महेन्द्रनगर	८०.००
५	उच्च अदालत पोखराको अर्को इजलास बागलुङ	७७.१५
६	उच्च अदालत विराटनगर अस्थायी इजलास, ओखलढुङ्गा	७६.६१
७	उच्च अदालत तुलसीपुर	७५.६६
८	उच्च अदालत सुर्खेतको अर्को इजलास जुम्ला	७४.८३
९	उच्च अदालत विराटनगरको अर्को इजलास इलाम	७३.४५
१०	उच्च अदालत जनकपुर	७२.९७
११	उच्च अदालत जनकपुर राजविराज इजलास	७२.३४
१२	उच्च अदालत दिपायल	७१.९४
१३	उच्च अदालत पोखरा	७१.६१
१४	उच्च अदालत तुलसीपुरको अर्को इजलास नेपालगञ्ज	७१.२९

१५	उच्च अदालत तुलसीपुरको अर्को इजलास बुटवल	६७.२५

बाँकी रहेका उच्च अदालत जनकपुर अस्थायी इजलास विरगञ्ज,उच्च अदालत पाटन र उच्च अदालत विराटनगरको फछ्र्यौट प्रतिशत क्रमशः ६३.९२, ६०.४२ र ५६.१० रहेको छ।

घ. आर्थिक वर्षमा २०७५/०७६ मा कायम भएका लगतका आधारमा १० वटा उच्च अदालतहरू बढ्दोबाट घट्दो क्रममा:

क्र. सं.	अदालतको नाम	लगत			फछ्र्यौट	फछ्र्यौट प्रतिशत	बाँकी
		जिम्मेवारी	नयाँ दर्ता	जम्मा			
१	उच्च अदालत पाटन	४७५६	८२५४	१३०१०	७८६०	६०.४२	५१५०
२	अर्को इजलास राजविराज	३०९८	२५१२	५६१०	४०५८	७२.३४	१५५२
३	अस्थायी इजलास वीरगञ्ज	१२१४	३५३१	४७४५	३०३३	६३.९२	१७१२
४	उच्च अदालत विराटनगर	९५६	३४६८	४४२४	२४८२	५६.१०	१९४२
५	उच्च अदालत जनकपुर	१९९७	२४०५	४४०२	३२१२	७२.९६७	११९०
६	अर्को इजलास बुटवल	५२४	२४४४	२९६८	१९९६	६७.२५१	९७२
७	उच्च अदालत पोखरा	२८९	१५२५	१८१४	१२९९	७१.६१	५१५
८	अर्को इजलास नेपालगञ्ज	३६६	१३३७	१७०३	१२१४	७१.२८६	४८९
९	अर्को इजलास हेटौडा	२९४	११७०	१४६४	११८३	८०.८०६	२८१
१०	अर्को इजलास इलाम	२४०	११६५	१४०५	१०३२	७३.४५२	३७३

४.६ निरीक्षण र अनुगमन

न्याय प्रशासन ऐन, २०७३ को दफा २१ ले उच्च अदालतले आफ्नो मातहतको अदालत र आफूले पुनरावेदन सुन्ने निकायका अधिकारी वा कार्यालयको वर्षमा कम्तीमा एक पटक निरीक्षण गर्नुपर्ने व्यवस्था छ। यसैगरी कारागार ऐन, २०१९ को दफा १८(४) बमोजिम उच्च अदालतले वर्षमा कम्तीमा एक पटक आफ्नो प्रादेशिक अधिकारक्षेत्रभित्रको कारागारको समेत निरीक्षण गर्नुपर्ने व्यवस्था छ। यस आर्थिक वर्ष विभिन्न उच्च अदालतहरूबाट (मुस्ताङ जिल्ला अदालतबाहेक) जम्मा ७६ जिल्लाका अदालत तथा मातहत निकायहरूको निरीक्षण भएको थियो। यस आर्थिक वर्ष २०७५/०७६ मा उच्च अदालतबाट मातहत अदालत तथा निकायको निरीक्षणसम्बन्धी विस्तृत विवरण परिशिष्ट-४९ मा प्रस्तुत गरिएको छ।

आन्तरिक निरीक्षणतर्फ यस आर्थिक वर्षमा उच्च अदालतहरूमा रहेका मुद्दा तथा रिटतर्फको जम्मा ४५९६० मिसिलहरूमध्ये ३७३९७ मिसिलहरू एकपटक, ३२६०३ मिसिलहरू दुईपटक निरीक्षण भएका थिए। मुद्दाको आन्तरिक निरीक्षणसम्बन्धी विस्तृत विवरण परिशिष्ट-४८ मा प्रस्तुत गरिएको छ।

४.७ अभिलेख मिसिल विवरण

उच्च अदालतहरूमा यस आर्थिक वर्षमा जम्मा अभिलेखमा रहेका मिसिल संख्या ४७३८०१ रहेको छ। अभिलेख व्यवस्थापनसम्बन्धी विस्तृत विवरण परिशिष्ट ५२ मा दिइएको छ।

४.८ उच्च अदालतहरूको भवनको स्थिति र वित्तीय विवरण

(क) भवनको स्थिति

नेपाल राज्यमा रहेका ७ वटा उच्च अदालत र उच्च अदालतको अर्को इजलास ९ तथा अस्थायी इजलास २ मध्ये अझै पनि एउटा अदालत भाडामा रहेको छ। अन्य उच्च अदालतहरूको आफ्नै भवन रहेको छ। आफ्नै भवन रहेका कतिपय उच्च अदालतहरूको भवन अपर्याप्त रहेको छ। उच्च अदालतहरूको भवनसम्बन्धी विस्तृत विवरण परिशिष्ट-५० मा दिइएको छ। साथै उच्च अदालतहरूमा रहेका सवारी साधन, सञ्चार र कम्प्युटरसमेतको विवरण परिशिष्ट ५१ मा दिइएको छ।

(ख) वित्तीय विवरण

उच्च अदालतहरूको लागि यस आर्थिक वर्ष चालुतर्फ रू. ९८५७१७१९२.०० तथा पुँजीगततर्फ रू. १५९७८६०००.०० गरी जम्मा रू. ११४५५०३१९२.०० विनियोजन भएकामा चालुतर्फ रू ८४९९७७८६५.०० र पुँजीगत तर्फ रू. १३३२८४०९६.०० गरी जम्मा रू. ९८३२६१९६१.०० खर्च भएको देखिन्छ।

(ग) धरौटी र राजस्वको विवरण

उच्च अदालतमा आर्थिक वर्ष २०७५।०७६ सम्म कायम भएको धरौटीको विवरण एवम् आर्थिक वर्ष २०७५।०७६ मा संकलन भएको राजस्वको विवरण क्रमश: परिशिष्ट ४६ र ४७ मा प्रस्तुत गरिएको छ।

परिच्छेद - पाँच
जिल्ला अदालतसम्बन्धी व्यवस्था

५.१ जिल्ला अदालतको गठन

नेपालको संविधानको धारा १४८ बमोजिम प्रत्येक जिल्लामा एक जिल्ला अदालत रहने व्यवस्था रहेको छ। प्रदेश कानूनबमोजिम स्थापित स्थानीय स्तरका न्यायिक निकाय जिल्ला अदालतको मातहत रहने र जिल्ला अदालतले आफ्नो मातहतको न्यायिक निकायहरूको निरीक्षण एवम् सुपरीवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्ने संवैधानिक व्यवस्था रहेको छ। संविधानबमोजिम प्रत्येक जिल्लामा एक / एक गरी ७७ जिल्ला अदालतहरूको स्थापना गरिएको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ३ को उपदफा २ ले जिल्ला अदालत जिल्लाको सदरमुकाममा रहने व्यवस्था गरेको छ। हाल सङ्खुवासभा जिल्लामा सदरमुकामभन्दा बाहिरको स्थान चैनपुरमा जिल्ला अदालतको मुकाम तोकिएको छ। सोबाहेक अन्यत्र सबै जिल्लाको सदरमुकाममा नै जिल्ला अदालतहरू रहेका छन्। कम मुद्दा भएका जिल्ला अदालतमा एकजना मात्र जिल्ला न्यायाधीश र मुद्दाको चाप बढी भएका जिल्ला अदालतहरूमा आवश्यक सङ्ख्यामा थप जिल्ला न्यायाधीशहरूसमेत रहेका छन्।

५.२ न्यायाधीशको नियुक्ति

नेपालको संविधानको धारा १४९ को उपधारा (१) ले जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्ति न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशबाट हुने व्यवस्था गरेको छ। यस आर्थिक वर्षमा जिल्ला अदालतमा कार्यरत माननीय न्यायाधीशद्वारा सम्पादित कार्य विवरण परिशिष्ट-५४ र ५५ मा प्रस्तुत गरिएको छ।

५.३ इजलासको गठन

जिल्ला अदालतमा एक न्यायाधीशको इजलासबाट मुद्दाको सुनुवाइ गरिन्छ। एक न्यायाधीश रहेको अदालतमा एक इजलास र थप जिल्ला न्यायाधीश भएका अदालतहरूमा एकभन्दा बढी इजलासको गठन गरिन्छ। जिल्ला अदालत नियमावली, २०७५ को नियम ४१ बमोजिम एकभन्दा बढी न्यायाधीश भएको अदालतमा मुद्दा दर्ता भएपछि कुन न्यायाधीशको इजलासले कुन मुद्दा हेर्ने भनी मुद्दा सङ्ख्याको अनुपात मिलाई गोलाप्रथाबाट मुद्दा तोक्ने र यसरी तोकिएपछि सो मुद्दाको बाँकी काम कारबाही र किनारा सोही न्यायाधीशको इजलासले गर्ने व्यवस्था छ।

५.४ जनशक्ति

विभिन्न जिल्ला अदालतहरूमा २३७ जना र न्याय परिषद्मा ३ जना गरी जम्मा २४० जना जिल्ला न्यायाधीशको दरबन्दी रहेको छ। यस आर्थिक वर्षमा २२७ जना जिल्ला न्यायाधीश कार्यरत रहनुभएको थियो। जिल्ला अदालतहरूमा कर्मचारीतर्फ सबै तह र दर्जाका गरी जम्मा ३५२४ दरबन्दी रहेकामा २२५४ जना स्थायी कर्मचारीहरू र ८०९ जना करारमा गरी जम्मा ३०६३ जना कार्यरत रहेको देखिन्छ। जिल्ला अदालतमा रहेका जनशक्तिको विस्तृत विवरण परिशिष्ट-७४ मा उल्लेख गरिएको छ।

५.५ जिल्ला अदालतको अधिकार क्षेत्र

संविधानको धारा १५१ ले जिल्ला अदालतलाई संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकारक्षेत्र भित्रका सम्पूर्ण मुद्दाको सुरू कारबाही र किनारा गर्ने, बन्दी प्रत्यक्षीकरण तथा निषेधाज्ञालगायत कानूनबमोजिमका निवेदन हेर्ने, अर्धन्यायिक निकाय एवम् प्रदेश कानूनबमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णयउपर पुनरावेदन सुन्ने तथा आफू र आफ्नो मातहतका अदालतहरूको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा तथा आदेश वा फैसलाको अवज्ञा गरेमा संघीय कानूनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने अधिकार हुने संवैधानिक व्यवस्था रहेको छ।

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ ले जिल्ला अदालतको अधिकारक्षेत्र देहायबमोजिम हुने व्यवस्था रहेको छ।

- प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो जिल्लाभित्रको जुनसुकै प्रकृतिका मुद्दा र संविधानको धारा १४५ को उपधारा (२) बमोजिम उच्च अदालतले सुनुवाइ गर्न आदेश दिएको मुद्दामा सुरू कारबाही र किनारा गर्ने,
- जिल्ला अदालतलाई आफ्नो जिल्लाभित्र कसैले कुनै व्यक्तिलाई गैरकानूनी रूपले थुनामा राखेमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने,
- जिल्ला अदालतलाई आफ्नो जिल्लाभित्र कुनै व्यक्ति वा निकायले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा वा आघात पुऱ्याउने आशङ्का भएमा त्यस्तो हकको प्रचलनको लागि निषेधाज्ञाको आदेश जारी गर्ने,
- प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो जिल्लाभित्र संघीय कानूनबमोजिम अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेशउपर र प्रदेश कानूनबमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णय वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने आदि।

यसको अतिरिक्त जिल्ला अदालतले आफ्नो तथा माथिल्लो अदालतको फैसला कार्यान्वयन गर्ने कार्यसमेत गर्दै आएको छ।

५.५.१ सुरू मुद्दा हेर्ने

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ (१) र मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १८ र १९ तथा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ४५ बमोजिम जिल्ला अदालतलाई संघीय कानूनमा अन्यथा व्यवस्था भएकोबाहेक आफ्नो जिल्लाभित्रको जुनसुकै प्रकृतिको मुद्दामा सुरू कारबाही र किनारा गर्ने अधिकार रहेको छ। जिल्ला अदालतले आफू र आफ्नो मातहतको अदालतहरूको अवहेलनामा संघीय कानूनबमोजिम कारबाही र किनारासमेत गर्न सक्ने व्यवस्था रहेको छ। जिल्ला अदालतहरूले सुरू अधिकारक्षेत्रअन्तर्गत सुनुवाइ गरेका मुद्दाहरूको विवरण परिशिष्ट-५६ मा उल्लेख गरिएको छ।

५.५.२ पुनरावेदन सुन्ने

नेपालको न्याय प्रणालीमा एक तह पुनरावेदन गर्न पाउने पुनरावेदनको सिद्धान्तलाई पक्षको अधिकारको रूपमा स्वीकार गरिएको छ। नेपालको संविधानको धारा १५१(१) र न्याय प्रशासन ऐन, २०७३ को दफा ७(४) बमोजिम प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक संघीय कानूनबमोजिम अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेश र प्रदेश कानूनबमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले गरेका निर्णय वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने निकायको रूपमा जिल्ला अदालत रहेको छ। यस आर्थिक वर्ष जिल्ला अदालतहरूमा परेका पुनरावेदनसम्बन्धी मुद्दाहरूको विवरण परिशिष्ट-५६ मा उल्लेख गरिएको छ।

५.५.३ रिट निवेदनहरू सुन्ने

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ (२) र (३) अनुसार जिल्ला अदालतलाई आफ्नो अधिकारक्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि आवश्यकताअनुसार बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन हेर्ने अधिकार रहेको छ। यस आर्थिक वर्ष जिल्ला अदालतले रिट क्षेत्राधिकारअन्तर्गत सुनुवाइ गरेका निवेदनहरूको विवरण परिशिष्ट-५९ मा प्रस्तुत गरिएको छ।

५.५.५ मुद्दा र रिट निवेदनहरूको (निवेदन, प्रतिवेदन, फुटकर निवेदन र विशेष प्रकृतिका निवेदनबाहेक) लगत फछ्र्यौट विवरण

मुद्दातर्फ

जिल्ला अदालतमा मुद्दातर्फ यस आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ५६५७२ र नयाँ दर्ता ९९४११ गरी जम्मा कूल लगत १५५९८३ रहेकोमा ९२२९१ फछ्र्यौट भई ६३६९२ बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्षमा जिम्मेवारी सरेका ५१८३१ र नयाँ दर्ता ८५७०८ गरी कूल लगत १३७५३९ रहेकोमा ८०९६७ फछ्र्यौट भई ५६५७२ बाँकी रहेको थियो। गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा यस आर्थिक वर्षमा मुद्दाहरूको फछ्र्यौट अनुपात १३.९८ प्रतिशतले बढेको छ।

बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञा निवेदनतर्फ

जिल्ला अदालतमा रहेका बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनको स्थितिलाई हेर्दा यस आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ७४४ र नयाँ दर्ता १४७८ गरी जम्मा कूल लगत २२२२ रहेकोमा १५२८ फछ्र्यौट भई ६९४ बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्षमा जिम्मेवारी सरेका ५५८ र नयाँ दर्ता १४५२ गरी कूल लगत २०१० थान रहेकोमा १२६६ फछ्र्यौट भई ७४४ बाँकी रहेको थियो। गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा यस आर्थिक वर्षमा रिट निवेदनको फछ्र्यौट अनुपात २०.६९ प्रतिशतले बढेको छ।

मुद्दा र रिट दुवैतर्फ

मुद्दा, बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन लगतलाई हेर्दा यस आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ५७३१६ र नयाँ दर्ता १००८८९ गरी जम्मा कूल लगत १५८२०५ रहेकोमा ९३८१९ फछ्र्यौट भई ६४३८६ बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्षमा जिम्मेवारी सरेका ५२३८९ र नयाँ दर्ता ८७१६० गरी कूल लगत १३९५४९ रहेकोमा ८२२३३ फछ्र्यौट भई ५७३१६ बाँकी रहेको थियो। गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा यस आर्थिक वर्षमा मुद्दा र रिट निवेदनको फछ्र्यौट अनुपात १४.०८ प्रतिशतले बढेको छ। यस आर्थिक वर्षको अन्त्यमा जिल्ला अदालतहरूमा बाँकी रहेका मुद्दाहरूको सालबसाली विवरण परिशिष्ट ६२ मा प्रस्तुत गरिएको छ।

यस आर्थिक वर्ष २०७५/०७६ मा मुद्दा, बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनको समग्र बाँकी ६४३८६ मध्ये १८ महिनाभित्रका ५८००६, १८ महिनादेखि २ वर्षभित्रका ३१९८ र २ वर्ष नाघेका ३१८२ बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्ष २०७४/०७५ मा फछ्र्यौट हुन बाँकी मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन ५७३१६ मध्ये १८ महिनाभित्रका ५११०२, १८ महिनादेखि २ वर्षभित्रका ३५९४ र २ वर्ष नाघेका २६२० रहेको थियो। गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा यस आर्थिक वर्षमा २ वर्ष नाघेका मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन ५६२ थानले बढी बाँकी रहेको छ।सोको विवरण परिशिष्ट-५६ मा प्रस्तुत गरिएको छ। यस आर्थिक

वर्ष २०७५/०७६ मा जिल्ला अदालतमा दायर भएका मुद्दाहरूमध्ये देवानी र फौजदारी प्रकृति र कार्यविधिगत आधारमा वर्गीकरण गरिएका मुद्दाहरूको विवरण क्रमश: परिशिष्ट ५८ र ६० मा प्रस्तुत गरिएको छ।

५.५.६ निवेदन, प्रतिवेदन, फुटकर निवेदन र विशेष प्रकृतिका निवेदनतर्फ

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ एवम् मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अनुसार आफ्नो मातहतका अड्डा अदालतमा परेका मुद्दाको काम कारबाहीमा म्याद नाघेको वा बेरित भएको छ भन्ने कुराको निवेदन र सोको प्रतिवेदन तथा फुटकर निवेदनसमेत जिल्ला अदालतबाट हेरिने व्यवस्था छ । यस वर्ष जिल्ला अदालतहरूमा विशेष प्रकृतिका निवेदन, निवेदन, प्रतिवेदन र फुटकर निवेदनको जम्मा लगत ११४५०६ हुन आएकोमा सोमध्ये ११४१८७ अर्थात् ९९.७२ प्रतिशत फछ्र्यौट भई ३१९ बाँकी रहेका छन्। यस आर्थिक वर्ष जिल्ला अदालतमा परेका निवेदन, प्रतिवेदन र फुटकर निवेदनहरूको जम्मा लगत फछ्र्यौट र बाँकीको विस्तृत विवरण परिशिष्ट-५७ मा प्रस्तुत गरिएको छ।

यस आर्थिक वर्ष जिल्ला अदालतमा दर्ता भएका जम्मा मुद्दा, रिट, निवेदन, प्रतिवेदन, विशेष प्रकृतिका निवेदन र फुटकर निवेदनसमेतको लगत देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १८

जिल्ला अदालतमा मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेत कायम भएको लगतको विवरण

सुरू मुद्दा	पुनरावेदन	बन्दीप्रत्यक्षीकरण / निषेधाज्ञाको निवेदन	निवेदन	प्रतिवेदन	फुटकर निवेदन	विशेष प्रकृतिका निवेदन	जम्मा
१५४८८२	११०१	२२२२	७७२४९	११८८	२३८६५	१२२०४	२७२७११

यस आर्थिक वर्ष जिल्ला अदालतमा मुद्दा, रिट, निवेदन, प्रतिवेदन र फुटकर निवेदन र विशेषप्रकृतिका निवेदनसमेतको जम्मा लगतको विवरण देहायको वृत्त चित्रमा प्रस्तुत गरिएको छ।

वृत्त चित्र नं.४

जिल्ला अदालतमा मुद्दा तथा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन, निवेदन, प्रतिवेदन र फुटकर निवेदनसमेतको जम्मा लगत विवरणको वृत्त चित्र



५.५.७ मुद्दाको वर्गीकृत विवरण

यस आर्थिक वर्षमा जिल्ला अदालतमा दर्ता भएको जम्मा मुद्दाको विषयगत वर्गीकरण गरी सोको लगत फछ्र्यौट र बाँकीको विवरण परिशिष्ट-६१ मा प्रस्तुत गरिएको छ।

५.५.८ थुनुवा मुद्दाको विवरण

यस आर्थिक वर्षमा थुनुवा मुद्दाको जम्मा लगत १०७०३ भएकोमा ५९९५ फछ्र्यौट भई ४७०८ मुद्दा बाँकी रहेको देखिन्छ। थुनुवा मुद्दाहरूको विस्तृत विवरण परिशिष्ट ६३ मा प्रस्तुत गरिएको छ।

५.५.९ मुलतबी मुद्दाको विवरण

यस आर्थिक वर्षमा जिल्ला अदालतहरूमा जम्मा ९४५२ मुद्दा मुलतबी रहेकोमा १८१३ मुद्दा मुलतबीबाट जगाई कारबाही भएको छ भने ७६३९ थान मुद्दा मुलतबी रहेका छन्। जिल्ला अदालतहरूमा मुलतबीमा रहेका मुद्दाहरूको विस्तृत विवरण परिशिष्ट ६४ मा प्रस्तुत गरिएको छ।

५.५.१० अभिलेखको विवरण

यस आर्थिक वर्षको अन्त्यसम्ममा जिल्ला अदालतहरूको अभिलेखमा २७८३२९३ मिसिल रहेको देखिन्छ। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट ७३ मा प्रस्तुत गरिएको छ।

(ङ) फैसला कार्यान्वयन

जिल्ला अदालतले मुद्दाको कारबाही गर्ने मात्र नभएर विभिन्न तहका अदालतबाट भएका फैसलाको कार्यान्वयन गर्ने निकाय पनि हो। सबै जिल्ला अदालतले यस आर्थिक वर्षमा गरेका फैसला कार्यान्वयनको स्थिति देहायअनुसार रहेको छ :

अ. जरिवाना असुली

यस आर्थिक वर्ष सबै जिल्ला अदालतहरूबाट गरी असुल हुनुपर्ने जरिवानाको कूल लगत रू.१५८२४९३८८१६.८२ (पन्ध्र अरब बयासी करोड उन्पचास लाख अठ्तीस हजार आठ सय सोह्र रूपैयाँ बयासी पैसा) रहेकामा सोमध्ये रू.३९२१५६३८४३.०२ (अक्षरेपी तीन अरब बयानब्बे करोड पन्ध्र लाख त्रिसठ्ठी हजार आठ सय त्रिचालीस रूपैयाँ दुई पैसा) (२४.७८ प्रतिशत) असुल भई रू.११९०३३७४९७३.८० (एघार अरब नब्बे करोड तेत्तीस लाख चौहत्तर हजार नौं सय त्रिहत्तर रूपैयाँ असी पैसा) असुल हुन बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्ष सबै जिल्ला अदालतहरूबाट गरी असुल हुनुपर्ने जरिवानाको कूल लगत रू.१४०७७१९३७७३.९० (चौध अरब सात करोड एकहत्तर लाख त्रियानब्बे हजार सात सय त्रिहत्तर रूपैयाँ नब्बे पैसा) रहेकामा सोमध्ये रू.२३९९११३७७२.२१ (दुई अर्ब उन्नचालिस करोड एकानब्बे लाख तेह्र हजार सातसय बहत्तर रूपैयाँ एक्काइस पैसा) (१७.०४ प्रतिशत) असुल भई रू.११६७८०८०००१.६९ (एघार अरब सत्तसठ्ठी करोड असी लाख असी हजार एक रूपैयाँ उनान्सत्तरी पैसा) असुल हुन बाँकी रहेको थियो। गत आर्थिक वर्ष २०७४/७५ को फछ्र्यौटको तुलनामा यस आर्थिक वर्षमा संख्यात्मक रूपले १५२२४५००७०.८१ रूपैयाँ र प्रतिशतका हिसाबले ६३.४५% बढी जरिवाना असुल भएको देखिन्छ। यससम्बन्धी विस्तृत विवरण परिशिष्ट-६५ मा प्रस्तुत गरिएको छ।

आ. कैद असुली

यस आर्थिक वर्ष फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतहरूबाट गरी असुल हुनुपर्ने कैदको कूल लगत १५६११२।१।१० (एक लाख छपन्न हजार एक सय बाह्र वर्ष एक महिना दश दिन) रहेकामा सोमध्ये ५२२७५।१०।०६ (बाउन्न हजार दुई सय पचहत्तर वर्ष दश महिना छ दिन) अर्थात् ३३.४९ प्रतिशत कैद असुल भई १०३८३६।३।०४ (एक लाख तीन हजार आठ सय छत्तीस वर्ष तीन महिना चार दिन) कैद असुल हुन बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्ष २०७४।०७५ मा फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतहरूबाट असुल हुन पर्ने कैदको कुल लगत १४१८०१।७।९ (एक लाख एकचालीस हजार आठ सय एक वर्ष सात महिना नौ दिन) रहेकोमा सोमध्ये २८७७७।०।१८ (अट्ठाइस हजार सात सय सतहत्तर वर्ष अठार दिन) अर्थात् २०.२९ प्रतिशत कैद असुल भई ११३०२४।६।२१ (एक लाख तेह्र हजार चौबीस वर्ष छ महिना एक्काइस दिन) कैद असुल हुन बाँकी रहेको थियो। गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा संख्यात्मक रूपले २३४९८।०९।१८ दिन र प्रतिशतको हिसावले ८१.६५ % बढी कैद असुल हुन आएको देखिन्छ। यससम्बन्धी विवरण परिशिष्ट-६५ मा प्रस्तुत गरिएको छ।

फैसला कार्यान्वयनका लागि परेका निवेदनहरूमध्ये बिगो भराउने निवेदनहरू १५२०७ रहेकामा ८७१२ अर्थात् ५७.२८ प्रतिशत फछ्र्यौट भई ६४९५ बाँकी रहेको छन। चलन चलाउने निवेदनहरू ३३८६ रहेकामा १६६८ अर्थात् ४९.२६ प्रतिशत फछ्र्यौट भई १७१८ बाँकी रहेका छन। बन्डा छुट्याउने निवेदनहरू ६९६६ रहेकोमा ४२०० अर्थात् ६०.५६ प्रतिशत फछ्र्यौट भई २७६६ बाँकी रहेका छन्। माना चामल भराउने निवेदनहरू ६५० रहेकामा ३२४ अर्थात् ४९.८५ प्रतिशत फछ्र्यौट भई ३२६ बाँकी रहेका छन। त्यसैगरी निकासा खुलाउनेतर्फ ६१ लगतमध्ये कुनै पनि लगत फछ्र्यौट हुन सकेको छैन। अन्य निवेदनहरू ६४२ रहेकामा ३९६ अर्थात् ६१.६८ प्रतिशत

फछ्र्यौट भई २४६ बाँकी रहेको देखिन्छ।

गत आर्थिक वर्षमा फैसला कार्यान्वयनका लागि परेका निवेदनहरूमध्ये बिगो भराउने निवेदनहरू १२२४९ रहेकामा ६९०७ अर्थात् ५६.३९ प्रतिशत फछ्र्यौट भई ५३४२ बाँकी रहेका थिए। चलन चलाउने निवेदनहरू ३१५५ रहेकामा १६९२ अर्थात् ५३.६३ प्रतिशत फछ्र्यौट भई १४६३ बाँकी रहेका थिए। बन्डा छुट्याउने निवेदनहरू ६२०५ रहेकोमा ४०१५ अर्थात् ६४.७१ प्रतिशत फछ्र्यौट भई २१९० बाँकी रहेका थिए। निकास खुलाउने निवेदनहरू ५२६ रहेकामा ३६७ अर्थात् ६९.७७ प्रतिशत फछ्र्यौट भई १५९ बाँकी रहेका थिए। त्यस्तै घर भत्काउने निवेदनहरू ३० रहेकामा १९ अर्थात् ६३.३३ प्रतिशत फछ्र्यौट भई ११ बाँकी रहेका थिए। माना चामल भराउने निवेदनहरू ९९ रहेकामा ७१ अर्थात् ७१.७२ प्रतिशत फछ्र्यौट भई २८ बाँकी रहेका थिए भने अन्य निवेदनहरू ११ रहेकामा ९ अर्थात् ८१.८२ प्रतिशत फछ्र्यौट भई दुई थान बाँकी रहेका थिए।

यसरी आर्थिक वर्ष २०७५/०७६ मा फैसला कार्यान्वयन गर्न बाँकी रहेका जम्मा निवेदनहरू १०९४५ मध्ये ६ महिनाभित्रका ६८२९ अर्थात् ६२.३९ प्रतिशत, छ महिनादेखि नौ महिनाभित्रका १५४१ अर्थात् १४.०७ प्रतिशत, नौ महिनादेखि एक वर्षभित्रका १०४० अर्थात् ९.५० प्रतिशत, एक वर्षदेखि २ वर्षभित्रको १५३५ अर्थात् १४.०२ प्रतिशत निवेदन बाँकी रहेका छन् भने २ वर्ष नाघेका निवेदन शून्य रहेको रहेको अवस्था छ। गत आर्थिक वर्षमा फैसला कार्यान्वयन गर्न बाँकी रहेका जम्मा निवेदनहरू ८४१७ थानमध्ये ६ महिनाभित्रका ४९७८ अर्थात् ५९.१४ प्रतिशत, छ महिनादेखि नौ महिनाभित्रका १०५९ अर्थात् १२.५८ प्रतिशत, नौ महिनादेखि एक वर्षभित्रका ७६८ अर्थात् ९.१२ प्रतिशत, एक वर्षदेखि २ वर्षभित्रको १६१२ अर्थात् १९.१५ प्रतिशत निवेदन बाँकी रहेका थिए भने २ वर्ष नाघेका निवेदन शून्य रहेको अवस्था थियो। यससम्बन्धी विवरण परिशिष्ट-६५ (क.ख.) र ६६ मा प्रस्तुत गरिएको छ।

५.६ २ वर्ष नाघेका मुद्दा शून्य बनाउने अदालत र घट्दो क्रममा बढी प्रतिशत मुद्दा फछ्र्यौट गर्ने जिल्ला अदालतहरू निम्नबमोजिम रहेका छन्।

यस आर्थिक वर्षमा ७७ जिल्ला अदालतहरूले पूराना मुद्दा फछ्र्यौट गर्ने कार्यमा उल्लेख्य प्रगति गरी ४९ जिल्ला अदालतहरूले दुई वर्ष नाघेका मुद्दाहरू शून्य गराउन सफल भएका छन्। त्यसैगरी ५८ जिल्ला अदालतहरूले कूल लगतको साठी प्रतिशतभन्दा बढी मुद्दा फछ्र्यौट गरेका छन्। दुई वर्ष नाघेका पुराना मुद्दाहरू शून्य रहेका र घट्दो क्रममा बढी प्रतिशत मुद्दा फछ्र्यौट गर्ने जिल्ला अदालतहरूको नामावली देहायको तालिकामा दिइएको छ।

तालिका नं.१९

क. आर्थिक वर्ष २०७५/०७६ मा २ वर्ष नाघेका मुद्दाहरू ० (शून्य) रहेका जिल्ला अदालतहरू

सि.नं.	अदालतको नाम	सि.नं.	अदालतको नाम
१	ताप्लेजुङ जिल्ला अदालत	२	पाँचथर जिल्ल्ला अदालत
३	इलाम जिल्ला अदालत	४	भोजपुर जिल्ला अदालत
५	संखुवासभा जिल्ला अदालत	६	धनकुटा जिल्ला अदालत
७	तेह्रथुम जिल्ला अदालत	८	ओखलढुङ्गा जिल्ला अदालत
९	सोलुखम्बु जिल्ला अदालत	१०	उदयपुर जिल्ला अदालत
११	खोटाङ जिल्ला अदालत	१२	बारा जिल्ला अदालत
१३	दोलखा जिल्ला अदालत	१४	रामेछाप जिल्ला अदालत
१५	सिन्धुली जिल्ला अदालत	१६	रसुवा जिल्ला अदालत
१७	सिन्धुपाल्चोक जिल्ला अदालत	१८	मकवानपुर जिल्ला अदालत
१९	धादिङ जिल्ला अदालत	२०	गोरखा जिल्ला अदालत
२१	तनहुँ जिल्ला अदालत	२२	मनाङ जिल्ला अदालत
२३	लमजुङ जिल्ला अदालत	२४	नवलपुर जिल्ला अदालत
२५	मुस्ताङ जिल्ला अदालत	२६	पर्वत जिल्ला अदालत
२७	बागलुङ जिल्ला अदालत	२८	रूकुमकोट जिल्ला अदालत
२९	रोल्पा जिल्ला अदालत	३०	दाङ जिल्ला अदालत
३१	प्युठान जिल्ला अदालत	३२	पाल्पा जिल्ला अदालत
३३	गुल्मी जिल्ला अदालत	३४	रूकुम जिल्ला अदालत
३५	अर्घाखाँची जिल्ला अदालत	३६	सुर्खेत जिल्ला अदालत
३७	नवलपरासी जिल्ला अदालत	३८	मुगु जिल्ला अदालत
३९	सल्यान जिल्ला अदालत	४०	डोल्पा जिल्ला अदालत
४१	दैलेख जिल्ला अदालत	४२	बाजुरा जिल्ला अदालत

४३	बझाङ जिल्ला अदालत	४४	डोटी जिल्ला अदालत
४५	अछाम जिल्ला अदालत	४६	बैतडी जिल्ला अदालत
४७	दार्चुला जिल्ला अदालत	४८	कञ्चनपुर जिल्ला अदालत
४९	डडेल्धुरा जिल्ला अदालत		

तालिका नं. २०

ख. आर्थिक वर्षमा २०७५/०७६ मा जिल्ला अदालतहरूबाट भएको मुद्दा तथा रिट निवेदनसमेतको घट्दो क्रममा मुद्दा फछ्यौंटको अवस्था :

क्र.सं.	अदालतको नाम	जम्मा लगत	जम्मा फछ्यौंट	फछ्यौंट प्रतिशत	बाँकी
१.	ताप्लेजुङ जिल्ला अदालत	४८४	४४७	९२.३६	३७
२.	भोजपुर जिल्ला अदालत	३४१	२९८	८७.३९	४३
३.	अछाम जिल्ला अदालत	१२५	१०९	८७.२०	१६
४.	रूकुमकोट जिल्ला अदालत	१३३	११४	८५.७१	१९
५.	कञ्चनपुर जिल्ला अदालत	९३७	७५३	८०.३६	१८४
६.	रोल्पा जिल्ला अदालत	३९९	३१९	७९.९५	८०
७.	खोटाङ जिल्ला अदालत	२७८	२२०	७९.१४	५८
८.	डडेल्धुरा जिल्ला अदालत	९९	७८	७८.७९	२१
९.	डोटी जिल्ला अदालत	१०८	८५	७८.७०	२३
१०.	सल्यान जिल्ला अदालत	३४६	२७१	७८.३२	७५
११.	प्युठान जिल्ला अदालत	४८६	३८०	७८.१९	१०६
१२.	मनाङ जिल्ला अदालत	९	७	७७.७८	२
१३.	धनकुटा जिल्ला अदालत	४२३	३२५	७६.८३	९८
१४.	मुगु जिल्ला अदालत	१२१	९३	७६.८६	२८
१५.	रसुवा जिल्ला अदालत	९१	६९	७५.८२	२२
१६.	सिन्धुपाल्चोक जिल्ला अदालत	७२७	५३४	७३.४५	१९३
१७.	मुस्ताङ जिल्ला अदालत	२२	१६	७२.७३	६
१८.	बाग्लुङ जिल्ला अदालत	६२४	४५३	७२.६०	१७१
१९.	नवलपरासी जिल्ला अदालत	२५४३	१८४३	७२.४७	७००
२०.	जाजरकोट जिल्ला अदालत	२७१	१९६	७२.३२	७५
२१.	उदयपुर जिल्ला अदालत	१२९२	९३४	७२.२९	३५८
२२.	पाँचथर जिल्ला अदालत	७११	५१०	७१.७३	२०१
२३.	तेह्रथुम जिल्ला अदालत	२५८	१८५	७१.७१	७३
२४.	बैतडी जिल्ला अदालत	१४७	१०५	७१.४३	४२
२५.	हुम्ला जिल्ला अदालत	१०१	७२	७१.२९	२९
२६.	नवलपुर जिल्ला अदालत	१७७०	१२५७	७१.०२	५१३
२७.	संखुवासभा जिल्ला अदालत	५१५	३६५	७०.८७	१५०
२८.	पाल्पा जिल्ला अदालत	५९६	४२०	७०.४७	१७६
२९.	बझाङ जिल्ला अदालत	२४७	१७४	७०.४५	७३
३०.	म्याग्दी जिल्ला अदालत	३९२	२७५	७०.१५	११७
३१.	दार्चुला जिल्ला अदालत	१३२	९२	६९.७०	४०
३२.	लमजुङ जिल्ला अदालत	४९५	३४४	६९.४९	१५१
३३.	इलाम जिल्ला अदालत	८६७	६०१	६९.३२	२६६
३४.	सुर्खेत जिल्ला अदालत	१७४५	१२०७	६९.१७	५३८
३५.	मोरङ जिल्ला अदालत	६५८१	४५४८	६९.११	२०३३
३६.	गुल्मी जिल्ला अदालत	५२१	३६०	६९.१०	१६१
३७.	दैलेख जिल्ला अदालत	४०१	२७३	६८.०८	१२८

३८.	रामेछाप जिल्ला अदालत	४२१	२८६	६७.९३	१३५
३९.	अर्घाखाँची जिल्ला अदालत	३८८	२६१	६७.२७	१२७
४०.	दोलखा जिल्ला अदालत	५८९	३९३	६६.७२	१९६
४१.	जुम्ला जिल्ला अदालत	१९८	१३१	६६.१६	६७
४२.	पर्वत जिल्ला अदालत	५३७	३५०	६५.१८	१८७
४३.	रूकुम जिल्ला अदालत	५२९	३४०	६४.२७	१८९
४४.	महोत्तरी जिल्ला अदालत	४८८२	३१३६	६४.२४	१७४६
४५.	सिन्धुली जिल्ला अदालत	६९०	४४३	६४.२०	२४७
४६.	वारा जिल्ला अदालत	४६२५	२९१६	६३.०५	१७०९
४७.	कास्की जिल्ला अदालत	३९२६	२४७३	६२.९९	१४५३
४८.	कपिलवस्तु जिल्ला अदालत	३०३९	१९११	६२.८८	११२८
४९.	तनहुँ जिल्ला अदालत	१६१६	१०१०	६२.५०	६०६
५०.	स्याङजा जिल्ला अदालत	९०६	५६६	६२.४७	३४०
५१.	दाङ जिल्ला अदालत	२८७२	१७९०	६२.३३	१०८२
५२.	बाजुरा जिल्ला अदालत	१११	६९	६२.१६	४२
५३.	धादिङ जिल्ला अदालत	११६८	७२५	६२.०७	४४३
५४.	मकवानपुर जिल्ला अदालत	२३०६	१४१९	६१.५४	८८७
५५.	बर्दिया जिल्ला अदालत	१३७३	८४४	६१.४७	५२९
५६.	कालिकोट जिल्ला अदालत	२५७	१५७	६१.०९	१००
५७.	सिराहा जिल्ला अदालत	५५८८	३३७९	६०.४७	२२०९
५८.	चितवन जिल्ला अदालत	३९२१	२३५४	६०.०४	१५६७
५९.	डोल्पा जिल्ला अदालत	६५	३९	६०.००	२६
६०.	सुनसरी जिल्ला अदालत	७५७०	४५३८	५९.९५	३०३२
६१.	ललितपुर जिल्ला अदालत	३७४२	२२२२	५९.३८	१५२०
६२.	गोरखा जिल्ला अदालत	५७०	३३४	५८.६०	२३६
६३.	पर्सा जिल्ला अदालत	७७१८	४५१४	५८.४९	३२०४
६४.	झापा जिल्ला अदालत	४६६५	२६८३	५७.५१	१९८२
६५.	काभ्रेपलाञ्चोक जिल्ला अदालत	२०४८	११७४	५७.३२	८७४
६६.	रौतहट जिल्ला अदालत	५६०८	३१७१	५६.५४	२४३७
६७.	रूपन्देही जिल्ला अदालत	५६२६	३१७३	५६.४०	२४५३
६८.	भक्तपुर जिल्ला अदालत	४३५८	२४०३	५५.१४	१९५५
६९.	ओखलढुंगा जिल्ला अदालत	३५२	१९४	५५.११	१५८
७०.	काठमाण्डौ जिल्ला अदालत	२२२१३	१२१३५	५४.६३	१००७८
७१.	सोलुखुम्बु जिल्ला अदालत	१६७	९१	५४.४९	७६
७२.	सर्लाही जिल्ला अदालत	४७३२	२३८७	५२.००	२२०३
७३.	कैलाली जिल्ला अदालत	२५४१	१२६८	४९.९०	१२७३
७४.	नुवाकोट जिल्ला अदालत	७५२	३६५	४८.५४	३८७
७५.	सप्तरी जिल्ला अदालत	८१०९	३९२७	४८.४३	४१८२
७६.	धनुषा जिल्ला अदालत	७१६०	३४६४	४८.३८	३६९६
७७.	बाँके जिल्ला अदालत	५०७१	२४५२	४८.३५	२६१९
कूल जम्मा		**१५८२०५**	**९३८१९**	**५९.३०**	**६४३८६**

५.७ जिल्ला अदालतहरूको भवनको स्थिति र वित्तीय विवरण

(क) भवनको स्थिति

७७ वटा जिल्ला अदालतहरूमध्ये २ वटा (इलाम र सङ्खुवासभा) जिल्ला अदालतहरूको आफ्नो स्वामित्वको भवन छैन। २ वटा (नवलपुर र पूर्वी रूकुम) जिल्ला अदालत भाडामा रहेका छन्। अन्य जिल्ला अदालतहरूको आफ्नै भवन रहेका छन्। आफ्नै भवन रहेका

कतिपय जिल्ला अदालतहरूको भवन अपर्याप्त रहेको छ । जिल्ला अदालतहरूको भवनसम्बन्धी विस्तृत विवरण परिशिष्ट-७१ मा प्रस्तुत गरिएको छ । अदालतमा रहेका सवारी साधनलगायतका अन्य भौतिक सामाग्रीको विवरण परिशिष्ट ७२ मा प्रस्तुत गरिएको छ ।

(ख) वित्तीय विवरण

सबै जिल्ला अदालतहरूको गरी यस आर्थिक वर्ष चालुतर्फ रू २४२८१४०५२४.०० तथा पुँजीगततर्फ रू. ४६५९३४०००.०० गरी जम्मा रू. २८९४०७४५२४.०० विनियोजन भएकामा चालुतर्फ रू. २२३०७९५५३७.०० र पुँजीगततर्फ रू. ३३६५७४०५७.०० गरी जम्मा रू. २५६७३६९५९४.०० खर्च भएको देखिन्छ । यससम्बन्धी विस्तृत विवरण परिशिष्ट-६७ मा प्रस्तुत गरिएको छ ।

(ग) धरौटी र राजस्वको विवरण

आर्थिक वर्ष २०७५।०७६ मा जिल्ला अदालतहरूमा रहेको धरौटी र राजस्वको विवरण क्रमश: परिशिष्ट ६८ र ६९ मा प्रस्तुत गरिएको छ ।

(घ) क्षतिपूर्तिको बिगो भराउने

नेपालको संविधानले अपराध पीडितलाई कानूनबमोजिम सामाजिक पुन:स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने मौलिक हकको व्यवस्था गरेको छ । त्यसैगरी २०७४ सालमा लागू भएका अपराध संहिताहरूले पीडित वा निजको हकवालालाई क्षतिपूर्ति उपलब्ध गराउने कानूनी व्यवस्था गरेको छ । संहिता कानून एवम् मौलिक हकहरूको कार्यान्वयन गर्ने सन्दर्भमा लागू भएको अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २९ ले अन्तरिम क्षतिपूर्ति वा राहत रकम पीडित राहत कोषबाट उपलब्ध गराउने र कसुर ठहर भएपछि कसुरदारले त्यस्तो पीडित राहत कोषमा जम्मा गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । पीडितलाई अन्तरिम राहत तथा पुन:स्थापनासहितको न्याय प्रदान गर्ने कानूनी व्यवस्थालाई न्याय प्रणालीको अभिन्न अंगको रूपमा स्वीकार गरेको सन्दर्भमा त्यस प्रकारको अन्तरिम राहत तथा क्षतिपूर्तिको विवरण अभिलेखीकरण गरी व्यवस्थित रूपमा राख्न आवश्यक देखिएको छ । हाल क्षतिपूर्तिसम्बन्धी मुद्दा र क्षतिपूर्ति तथा राहत रकम भराई पाउन पक्षले दिएको निवेदनको अभिलेखसम्म राख्ने गरिएको छ । क्षतिपूर्तिसहितको न्याय प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन अन्तरिम राहत र क्षतिपूर्ति स्वरूप पीडितलाई उपलब्ध गराएको रकमको समेत अभिलेख व्यवस्थित गर्नुपर्ने भएकोले मासिक तथा वार्षिक प्रतिवेदनका फारामहरूमा आवश्यक परिमार्जन गरी त्यस्तो अन्तरिम तथा क्षतिपूर्तिको विवरण व्यवस्थित रूपले राख्ने प्रक्रिया सुरू गर्न निम्नबमोजिमको ढाँचासमेत प्रस्ताव गरिएको छ ।

क्षतिपूर्ति भराएको लगतको विवरण

आर्थिक वर्ष .....को मासिक / वार्षिक प्रतिवेदन

सि. नं.	विषय	लगत		जम्मा	फछ्यौंट		जम्मा फछ्यौंट	बाँकी	क्षतिपूर्ति भरी पाएको पीडितको संख्या
		जिम्मेवारी	नयाँ दर्ता		जिम्मेवारीबाट	नयाँ दर्ताबाट			
१	अन्तरिम राहतको अंक								
२	अन्तिम फैसलाबमोजिम भरी पाउने क्षतिपूर्तिको अंक								
कूल जम्मा									

(ङ) विविधतायुक्त तथ्यांक संकलनको आधार तयार गर्ने

सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन तयार गर्दा लैङ्गिक आधारमा पृथक पृथक तथ्यांकहरूको संकलन र सोको विवेचनासमेत गर्ने उद्देश्यले आगामी आर्थिक वर्षदेखि मुद्दा मामिलाको विवरण तथा कार्यरत न्यायाधीश तथा कर्मचारीको विवरणहरू लैङ्गिक आधारमा राख्ने रणनीति अवलम्बन गरिने छ । यसको लागि हाल प्रचलनमा रहेको मुद्दा दर्तालगायतका सफ्टवेयरहरूमा आवश्यक परिमार्जन र न्यायिक जनशक्तिको लिङ्ग, भाषा, क्षेत्र र समुदायको पहिचानसहितको कर्मचारी विवरण व्यवस्थापनसम्बन्धी सफ्टवेयरहरूमा परिमार्जन गरिनेछ ।

परिच्छेद - छ
अन्य अदालत एवम् न्यायाधिकरणहरू

नेपालको संविधानको धारा १५२(१) ले खास किसिम र प्रकृतिका मुद्दाको कारबाही र किनारा गर्न कानूनद्वारा अन्य अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने व्यवस्था गरेको छ। तर कुनै खास मुद्दाको लागि अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको गठन नगरिने संवैधानिक व्यवस्था छ। संविधानको धारा १५२(१) बमोजिम हाल नेपालमा निम्नानुसारका अन्य अदालत र न्यायाधिकरणहरू स्थापना र गठन गरिएका छन्:

६.१ विशेष अदालत

विशेष अदालत ऐन, २०५९ को दफा ३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खास किसिमका मुद्दाको कारबाही र किनारा छिटो, छरितो तथा प्रभावकारी ढङ्गले गर्न न्याय परिषद्को परामर्शमा विशेष अदालतको गठन गर्न सक्ने व्यवस्था छ। साबिकमा एक इजालास मात्र रहेको विशेष अदालतमा कार्यबोझमा भएको वृद्धिको कारणले दुई इजलास कायम गरिएको छ। हाल विशेष अदालतमा एकजना अध्यक्ष र पाँच जना सदस्य न्यायाधीश कार्यरत रहनुभएको छ। विशेष अदालतलाई मिति २०५९।५।६ को राजपत्रमा प्रकाशित सूचनाअनुसार भ्रष्टाचार र राज्यविरूद्धको अपराधसम्बन्धी सुरू मुद्दा, मिति २०६६।०२।११ को राजपत्रमा प्रकाशित सूचनाअनुसार सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ अन्तर्गतको मुद्दा र मिति २०६२।०२।२३ को राजपत्रमा प्रकाशित सूचनाअनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको अन्तिम आदेशउपरको पुनरावेदन सुन्ने अधिकारक्षेत्र तोकिएको छ। यस आर्थिक वर्षमा विशेष अदालतबाट हेरिएका मुद्दाहरूको विवरण परिशिष्ट-७६ मा दिइएको छ।

६.२ श्रम अदालत

श्रम ऐन, २०७४ को दफा १५१ मा उक्त ऐनको प्रयोजनका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी श्रम अदालत गठन गर्न सक्ने र सो अदालतको मुकाम र अधिकारक्षेत्र सोही सूचनामा तोकिएबमोजिम हुने व्यवस्था छ। तर यो ऐनअनुसारको श्रम अदालत गठन भइसकेको छैन। श्रम ऐन, २०४८ को व्यवस्थाअनुसार साबिकदेखि नेपालमा एउटा श्रम अदालत गठन भई सञ्चालनमा रही आएको छ। श्रम ऐनअनुसार कामदार वा कर्मचारीलाई पारिश्रमिक, भत्ता, उपदान, सञ्चयकोष वा क्षतिपूर्तिको रकम भुक्तानी दिन तथा व्यवस्थापकलाई हर्जाना तिर्नुपर्ने गरी श्रम कार्यालयले दिएको आदेशउपर श्रम अदालतमा पुनरावेदन लाग्ने व्यवस्था छ। यसैगरी श्रम ऐनअन्तर्गतको कसुर गरेबापत कुनै खास सजाय गर्ने अधिकारी तोकिएकोमा बाहेक अरू मुद्दा श्रम अदालतमा दायर हुने व्यवस्था छ। साथै श्रम ऐनअन्तर्गत व्यवस्थापक वा अन्य अधिकारी वा कार्यालयले गरेको सजाय र आदेशउपर श्रम अदालतमा पुनरावेदन लाग्ने व्यवस्थासमेत रहेको छ। यस आर्थिक वर्ष श्रम अदालतबाट हेरिएका मुद्दाहरूको विवरण परिशिष्ट-७६ मा उल्लेख गरिएको छ।

६.३ राजस्व न्यायाधिकरण

राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले राजस्वसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्नको लागि नेपाल सरकारले राजस्व न्यायाधिकरणको गठन गर्न सक्ने व्यवस्था गरेको छ। प्रत्येक न्यायाधिकरणको इलाका र मुकाम नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ। हाल विराटनगर, काठमाडौं, पोखरा र नेपालगञ्जमा गरी ४ वटा राजस्व न्यायाधिकरणहरू स्थापना गरिएका छन्। राजस्व न्यायाधिकरणमा कानून, राजस्व र लेखा गरी ३ विषयका ३ जना सदस्यहरू रहने र सोमध्ये कानून सदस्य (उच्च अदालतका न्यायाधीश) राजस्व न्यायाधिकरणको अध्यक्ष हुने व्यवस्था छ। यस आर्थिक वर्षमा राजस्व न्यायाधिकरणबाट सुनुवाइ गरिएका मुद्दाहरूको विवरण परिशिष्ट-७५ मा उल्लेख गरिएको छ।

६.४ वैदेशिक रोजगार न्यायाधिकरण

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ मा वैदेशिक रोजगार विभागबाट सजाय हुने भनी लेखिएको बाहेक अन्य मुद्दाको सुरू कारबाही किनारा गर्नको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वैदेशिक रोजगार न्यायाधिकरण गठन गर्ने व्यवस्था रहेको छ। सो प्रावधानबमोजिम नेपाल सरकारले २०६६।१०।१८ को राजपत्रमा सूचना प्रकाशित गरी वैदेशिक रोजगार न्यायाधिकरणको गठन गरेको छ। उक्त ऐनबमोजिम उच्च अदालतको न्यायाधीशको अध्यक्षतामा श्रम अदालतको मुद्दा हेर्ने अधिकारी र न्याय सेवा आयोगले सिफारिस गरेको न्याय सेवाको प्रथम श्रेणीको अधिकृतसहित तीन सदस्यीय वैदेशिक रोजगार न्यायाधिकरणको गठन भई मिति २०६६।१०।२० देखि कार्य सम्पादन गर्दै आएको छ। न्यायाधिकरणको अधिकारक्षेत्रको प्रयोग तीनैजना सदस्यले सामूहिक रूपमा गर्ने तर एक सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र दुई सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र किनारा गर्न सक्ने व्यवस्था रहेको छ। वैदेशिक रोजगार न्यायाधिकरणका अध्यक्ष र सदस्यको पदावधि चार वर्ष हुने व्यवस्था छ। यस ऐनअन्तर्गत दायर हुने मुद्दाको कारबाही र किनारा

सङ्क्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिम गरिन्छ। यस आर्थिक वर्षमा वैदेशिक रोजगार न्यायाधिकरणबाट सुनुवाइ गरिएका मुद्दाहरूको विवरण परिशिष्ट-७६ मा दिइएको छ।

६.५ प्रशासकीय अदालत

निजामती सेवा ऐन, २०४९ को दफा ६९ (१) मा विभागीय सजायको आदेशउपर पुनरावेदन सुन्न उच्च अदालतका न्यायाधीश भइरहेको वा भइसकेको वा हुने योग्यता पुगेको व्यक्तिको अध्यक्षतामा तोकिएबमोजिम प्रशासकीय अदालत गठन हुने व्यवस्था रहेको छ। निजामती कर्मचारीको विभागीय सजायउपर पुनरावेदन सुन्ने उद्देश्यले वि.सं. २०४४ सालमा प्रशासकीय अदालतको स्थापना भएको हो। यस आर्थिक वर्ष प्रशासकीय अदालतबाट सुनुवाइ गरिएका मुद्दाहरूको विवरण परिशिष्ट-७६ मा दिइएको छ।

६.६ अन्य अदालत तथा न्यायाधिकरणहरूको समष्टि कार्य प्रगति

उपर्युक्तबमोजिम गठन भएका अन्य अदालत तथा न्यायाधिकरणहरूमा यस आर्थिक वर्ष २०७५/०७६ मा जिम्मेवारी सरेका १०७२ र नयाँ दर्ता भएका १२५० समेत गरी जम्मा २३२२ लगत रहेकोमा ९५६ फछ्र्यौट भई १३६६ बाँकी रहेको छ। उक्त लगत फछ्र्यौटमध्ये विशेष अदालतको लगत ६२४ र फछ्र्यौट २३० भई बाँकी ३९४ रहेको, वैदेशिक रोजगार न्यायाधिकरणको लगत ५७७ र फछ्र्यौट ३७४ भई बाँकी २०३ रहेको, श्रम अदालतको लगत १९९ र फछ्र्यौट ९९ भई बाँकी १०० रहेको, र राजस्व न्यायाधिकरणहरू (विराटनगर, काठमाडौं, पोखरा, नेपालगञ्ज) को ९०३ र फछ्र्यौट २४० भई बाँकी ६६३ रहेको देखिन्छ। गत आर्थिक वर्ष २०७४/०७५ मा जिम्मेवारी सरेका १२९२ नयाँ दर्ता भएका ८२५ समेत गरी जम्मा २११७ लगत रहेकोमा १०५१ फछ्र्यौट भई १०६६[११] बाँकी रहेको थियो। उक्त लगत फछ्र्यौटमध्ये विशेष अदालतको लगत ४२९ र फछ्र्यौट १७६ भई बाँकी २५३ रहेको, वैदेशिक रोजगार न्यायाधिकरणको लगत ६४३ र फछ्र्यौट ३२५ भई बाँकी ३१८ रहेको, श्रम अदालतको लगत २१६ र फछ्र्यौट १४४ भई बाँकी ७२ रहेको, र राजस्व न्यायाधिकरणहरू (विराटनगर, काठमाडौं, पोखरा, नेपालगन्ज) को ८२९ र फछ्र्यौट ४०६ भई बाँकी ४२३ रहेको थियो। अन्य अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा यस आर्थिक वर्ष २०७५/०७६ मा ९५ मुद्दा कम फछ्र्यौट भएको छ। गत वर्ष प्रशासकीय अदालतको विवरण प्राप्त नभएकोमा यसवर्ष उक्त अदालतमा जिम्मेवारी सरी आएका १६ र यस आर्थिक वर्षमा नयाँ दर्ता ३ गरी जम्मा १९ मुद्दाको लगत कायम भएकोमा १३ मुद्दा फछ्र्यौट भई ६ मुद्दा बाँकी रहेको देखिन्छ। यससम्बन्धी विवरण परिशिष्ट-७५ र ७६ मा प्रस्तुत गरिएको छ। अन्य अदालत तथा न्यायाधिकरणहरूमा यस आर्थिक वर्षमा कायम हुन आएको मुद्दाको लगत देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २१

अन्य अदालत तथा न्यायाधिकरणहरूमा रहेका मुद्दाको लगतको विवरण

वैदेशिक रोजगार न्यायाधिकरण	विशेष अदालत	श्रम अदालत	प्रशासकीय अदालत	राजस्व न्यायाधिकरणहरु	जम्मा
५७७	६२४	१९९	१९	९०३	२३२२

अन्य अदालत तथा न्यायाधिकरणहरूमा यस आर्थिक वर्षमा कायम हुन आएको मुद्दाको लगतको विवरण देहायको वृत्त चित्रमा प्रस्तुत गरिएको छ।

११ गत आर्थिक वर्षमा प्रशासकीय अदालतको विवरण सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनमा समावेश नभएको र यस आर्थिक वर्षमा गत आ.व. को ६ थान जिम्मेवारी समावेश गरिएको छ।

वृत्त चित्र नं.५

अन्य अदालत तथा न्यायाधिकरणहरूमा रहेका मुद्दाको लगतको विवरणको वृत्त चित्र



६.७ मुलतबी रहेको मुद्दा संख्या

अन्य अदालत तथा न्यायाधिकरणहरूमा यस आर्थिक वर्षमा मुलतबी रहेका मुद्दा संख्या १७० मध्ये १४ मुलतबीबाट जगाई कारबाही अगाडि बढाइएको छ । अन्य अदालत तथा न्यायाधिकरणहरूमा रहेको मुलतबी मुद्दाको विस्तृत विवरण परिशिष्ट ७९ मा प्रस्तुत गरिएको छ ।

६.८ अन्य अदालत तथा न्यायाधिकरणहरूको भवनको स्थिति र वित्तीय विवरण

(क) भवनको स्थिति

हाल कायम रहेका अन्य अदालत तथा न्यायाधिकरणहरूमध्ये विशेष अदालतलाई सरकारी भवन उपलब्ध छ । सोबाहेक अन्य अदालत तथा न्यायाधिकरणहरू भाडामा रहेका छन् । अन्य अदालत तथा न्यायाधिकरणहरूको भवन तथा सम्पत्तिसम्बन्धी विस्तृत विवरण परिशिष्ट-८४ मा दिइएको छ ।

(ख) वित्तीय विवरण

अन्य अदालत तथा न्यायाधिकरणहरूका लागि यस आर्थिक वर्ष चालुतर्फ रू.११२२७३७९२.३८ र पुँजीगततर्फ रू.३९९३१८८.०० गरी जम्मा रू.११६२६६९८०.३८ विनियोजन भएकामा चालुतर्फ रू.११२२७३७९२.३८ र पुँजीगततर्फ रू.३९९३१८८.०० गरी जम्मा रू.११६२६६९८०.३८ खर्च भएको देखिन्छ । यससम्बन्धी विस्तृत विवरण परिशिष्ट-८१ मा दिइएको छ ।

(ग) धरौटी र राजस्वको विवरण

अन्य अदालत तथा न्यायाधिकरणहरूमा आर्थिक वर्ष २०७५।०७६ सम्म कायम भएको धरौटीको विवरण एवम् आर्थिक वर्ष २०७५।०७६ मा संकलन भएको राजस्वको विवरण क्रमश: परिशिष्ट ८२ र ८३ मा प्रस्तुत गरिएको छ ।

परिच्छेद - सात
समस्या र सुझाव

विषय प्रवेश

न्याय सम्पादनको कार्यलाई सरल, सहज, छिटो, छरितो, गुणस्तरीय एवम् प्रभावकारी बनाई न्यायमा आमनागरिकको सहज पहुँचलाई सुनिश्चित गर्ने उद्देश्यले न्यायपालिकाले आवधिक रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। हालसम्म तीनवटा पञ्चवर्षीय रणनीतिक योजनाहरूको कार्यान्वयन गरिसकिएको छ। प्रतिवेदन वर्ष न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/०७६) को कार्यान्वयन अन्तिम वर्षको रूपमा रहेको छ। साथै न्यायिक सुधार प्रक्रियालाई निरन्तरता दिने क्रममा २०७६ साल साउन १ गतेदेखि न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/०८१) लागू भएको छ।

सेवा प्रवाहको प्रभावकारिता र गुणस्तरीयता अभिवृद्धि गर्नको लागि आवधिक योजनाहरूको माध्यमबाट न्यायपालिकाले विभिन्न रणनीतिक कार्यक्रम सञ्चालन गर्दै आएको छ। जसबाट मुद्दा फछ्र्यौटको औसत दर बढेर गएको छ। उच्च अदालत र जिल्ला अदालतहरूमा पुराना मुद्दाहरूको बक्यौता न्यूनीकरण गर्नेतर्फ उल्लेख्य रूपमा सुधार आएको छ। न्यायपालिकाले रणनीतिक योजना सुरू गर्नुअगाडि र योजनाको सुरूवात र कार्यान्वयनपछिका वर्षहरूमा भएको कार्य सम्पादनलाई तुलना गर्दा सकारात्मक र उत्साहबर्द्धक अवस्था देखिएको छ। सेवा प्रवाहमा सेवाग्राहीले फरक अनुभूति गर्ने किसिमबाट परिवर्तनहरू देखा परेका छन्। यसबाहेक अदालतहरूको भौतिक र सेवा प्रवाहको पूर्वाधारहरूमा सुधार भएको छ। न्यायिक जनशक्तिको क्षमता विकासका लागि अध्ययन र तालिमका अवसरहरू सिर्जना भएका छन्। तथापि योजनाले प्रक्षेपण गरेअनुसारको बजेटलगायतको स्रोत साधन उपलब्ध हुन नसकेको समेतको कारण योजनाले तय गरेअनुरूपका सबै क्रियाकलापहरूको कार्यान्वयन र लक्ष्यअनुसारका शतप्रतिशत उपलब्धि हासिल गर्न कठिनाइ भइरहेको अवस्था छ।

न्याय सम्पादनमा लाग्ने गरेको समय, कार्यविधि र न्यायको सर्वसुलभतालगायतका विषयमा सम्बन्धित पक्षबाट विभिन्न सरोकारहरू अभिव्यक्त हुने गरेका छन्। न्याय सम्पादनको कार्य मूलतः न्यायपालिकाबाट सम्पादन हुने भएपनि छिटो छरितो र प्रभावकारी सेवा प्रवाहका लागि प्रचलित कानूनले निर्धारण गरेको कार्यविधि र सरोकारवालाहरूको भूमिका पनि उत्तिकै जिम्मेवार रहन्छ। फौजदारी मुद्दामा अनुसन्धान गर्ने प्रहरी, अभियोजन गर्ने सरकारी वकिल, बहस प्रतिरक्षा गर्ने कानून व्यवसायी तथा बारलगायत अन्य सरोकारवाला निकायहरूको भूमिका महत्त्वपूर्ण रहन्छ। तथापि न्याय सम्पादनको मूल भूमिकामा रहेको कारण यी सबै कुराको जिम्मेवारी न्यायपालिकाले लिनुपर्ने अवस्था छ।

न्याय सम्पादनको कार्यलाई छिटो छरितो, प्रभावकारी र सहज पहुँचयुक्त बनाउन प्रचलित संविधान, कानून र न्यायिक मूल्य मान्यताहरूको प्रतिकूल नहुने गरी सरकारले नीतिगत व्यवस्थाहरू गर्नुपर्ने हुन्छ। स्वतन्त्र न्यायपालिकाको मान्यताअनुरूप स्रोत साधनको व्यवस्थापन र कार्यविधि निर्धारणमा न्यायपालिका स्वायत्त हुन आवश्यक रहन्छ। न्यायपालिकाको स्वतन्त्रता र स्वायत्तता कहींकँतैबाट आँच आउन नदिनेतर्फ सबै सरोकारवालाहरू उत्तिकै जिम्मेवार हुनुपर्दछ। यसका अतिरिक्त न्यायपालिकाको समग्र सुधारमा सबैको सहयोग र समन्वय जरूरी हुन्छ। सुधार निरन्तर चलिरहने प्रक्रिया हो। कानून प्रणालीको आधुनिकीकरण र समयानुकूल कानून निर्माणको प्रक्रिया चलिरहेको हुन्छ। त्यसैगरी विज्ञान र प्रविधिको क्षेत्रमा विकसित नवीन अवधारणाहरूको प्रभाव न्यायपालिकामा पनि पर्दछ। सूचना र सञ्चार क्षेत्रमा विकास भएका नवीन अवधारणालाई आत्मसात गर्न न्यायिक जनशक्तिलाई निरन्तर रूपमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ।

२०७२ सालको संवैधानिक परिवर्तनबाट न्यायपालिकामा परेको प्रभावको व्यवस्थापन, परम्परागत कानूनलाई विस्थापित गरी नवीनतम् अवधारणाहरूलाई आत्मसात गर्दै नेपालको न्यायप्रणालीलाई परिवर्तन गर्ने उद्देश्यसहित २०७५ साल भाद्र १ गतेदेखि लागू भएका संहिता कानूनको कार्यान्वयन, न्याय सम्पादन कार्यमा सूचना प्रविधिको प्रयोग, निरन्तर रूपमा वृद्धि भएको न्यायपालिकाको कार्यबोझको सम्बोधन, छिटोछरितो, सहज सेवा प्राप्त गर्ने सेवाग्राहीको अपेक्षालगायतका पक्षहरू र न्यायपालिकाले भोग्नु परेका समस्या एवम् चुनौतीहरूका विषयहरूले राष्ट्रियस्तरमा नीति निर्माण तथा योजना तर्जुमाको क्रममा प्राथमिकता पाउन नसकेको अनुभूति न्यायपालिकाले गरेको छ। प्रस्तुत प्रतिवेदनमा गत आर्थिक वर्षमा सम्पादन भएका काम कारबाहीसँग सम्बन्धित विवरणहरूको अतिरिक्त न्यायपालिकाले भोग्नु परेका समसामयिक समस्या र चुनौतीहरू एवम् सोको समाधानका लागि अवलम्बन गरिएका उपाय र आगामी आर्थिक वर्षमा गरिनु पर्ने कार्यसम्बन्धी सुझावहरू देहायबमोजिम सङ्क्षेपमा प्रस्तुत गरिएको छ।

७.१ न्यायपालिकाको स्वतन्त्रता र स्वायत्तता

शक्तिपृथकीकरण र नियन्त्रण एवम् सन्तुलनको सिद्धान्तलाई लोकतान्त्रिक शासन प्रणालीको न्यूनतम सर्तको रूपमा लिइन्छ। यसै मान्यताअनुरूप नेपालको संविधानको धारा १२६ ले न्यायसम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत र न्यायिक निकायमा रहने साथै धारा १३६ ले सर्वोच्च अदालत र मातहत अदालत, विशिष्टीकृत अदालत वा अन्य न्यायिक

निकायहरूको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशको हुने संवैधानिक व्यवस्था गरेको छ। संविधानले शक्ति पृथकिकरणको सिद्धान्तका आधारमा सुम्पेको यो जिम्मेवारी स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रूपमा सम्पादन गर्न साधन स्रोतको प्राप्ति र परिचालनमा न्यायपालिका स्वतन्त्र र स्वायत्त हुन आवश्यक हुन्छ।

न्यायपालिकाको स्वतन्त्रता र स्वायत्ततालाई व्यावहारिक रूपमा प्रयोग गर्न संरचनात्मक, कार्यात्मक र अन्य परिस्थितिजन्य स्वतन्त्रता र स्वायत्तताको पूर्ण प्रत्याभूति हुनुपर्ने मान्यता अन्तर्राष्ट्रिय स्तरबाट स्वीकृत स्वतन्त्र न्यायपालिकाको अवधारणले आत्मसात गरेको विषय हो। विक्रम संवत् १९९७ सालदेखि संरचनात्मक रूपमा न्यायपालिकालाई कार्यपालिकाबाट पृथक राखिएको भए तापनि स्रोत साधनको प्राप्ति र सोको परिचालनमा हालसम्म पनि नेपालको न्यायपालिका कार्यपालिकामा निर्भर रहेको अवस्था छ।

संविधानले तोकेको जिम्मेवारी सम्पादन गर्न र न्यायपालिकाको स्वतन्त्रता र स्वायत्ततालाई सुनिश्चित गर्ने सन्दर्भमा विगतदेखि हालसम्म गरिएका विभिन्न अध्ययन प्रतिवेदन तथा न्यायपालिकाको सुधारका लागि गठित उच्चस्तरीय आयोगहरूको सिफारिस एवम् न्यायपालिकाले तर्जुमा गरेका आवधिक योजनाहरूले स्रोत साधनको प्राप्ति र परिचालनमा न्यायपालिका पूर्णरूपमा स्वतन्त्र र स्वायत्त हुनुपर्ने सुझावहरू अगाडि सारेका छन्। समय समयमा हुने वार्षिक समीक्षा तथा राष्ट्रियस्तरका सम्मेलनहरूले पनि यो विषयलाई महत्त्वका साथ उठाएका छन्। न्यायपालिकाको योजनाबद्ध सुधारका लागि हालसम्म कार्यान्वयनमा आएका सबै रणनीतिक योजनाले न्यायपालिकाको समग्र वस्तुस्थितिको विश्लेषण गर्दै स्रोत साधन प्राप्ति र परिचालनको स्वायत्तताका सम्बन्धमा आफ्नो चासो र सरोकार व्यक्त गर्दै आएको छ। न्यायपालिकाको लागि आवश्यक स्रोत साधनको प्राप्ति र परिचालनमा स्वायत्तता स्वतन्त्र न्यायपालिकाको अन्तरनिहित विषय भएको सन्दर्भ उल्लेख गर्दा गर्दै पनि कार्यपालिकाबाट अपेक्षित रूपमा सम्बोधन हुन सकेको छैन।

न्यायपालिकालाई विनियोजन गरिएको बजेटबाट सानातिना विषयका सम्बन्धमा खर्च गर्न पनि कार्यपालिकाबाट अनुमति लिनु पर्ने बाध्यता र लामो र झन्झटिलो प्रक्रियाका कारणले आकस्मिक रूपमा तत्काल गर्नुपर्ने प्रकृतिका सानातिना मर्मत सम्भार जस्ता कार्यहहरू पनि प्रभावित हुने गरेको छ। त्यसैगरी प्रचलित कानूनबमोजिम उपलब्ध भइरहेका सुविधाहरूसमेत सम्बन्धित पदाधिकारीहरूलाई कुनै जानकारी नै नदिई कटौती हुने गरेको पनि पाइएको छ।

न्यायपालिकाको कार्यबोझ प्रत्येक दश वर्षमा दोब्बर वृद्धि हुँदै आएको छ। हालै भएको संवैधानिक परिवर्तन तथा मुलुकी कानूनहरूमा भएका समसामयिक परिवर्तनले न्यायपालिकाको कार्यक्षेत्र विस्तार गरेबाट कार्यचापमा थप वृद्धि भएको छ। देशको राजनीतिक, सामाजिक एवम् विज्ञान र प्रविधिको क्षेत्रमा भएको परिवर्तनले नवीन विवादहरू अदालतमा आउने क्रम बढ्दो छ। तर विभिन्न प्रयासहरूको बावजुद पनि न्यायपालिकाको सुधारको विषय राष्ट्रिय प्राथमिकताको विषय बन्न सकेको छैन। सर्वोच्च अदालतको आफ्नो प्रयासमा न्यायपालिका सुधारका लागि अवलम्बन गरेका नीति, कार्यक्रम तथा कार्ययोजनाहरू कार्यान्वयनका लागि आवश्यक रहेको स्रोत साधन प्राप्त हुन सकेको छैन।

अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधिसहितको संलग्नतामा राष्ट्रिय योजना आयोगद्वारा तयार पन्ध्रौं योजनामा समावेश भएका रणनीतिक कार्यक्रम तथा न्यायपालिकाको वर्तमानको आवश्यकतासमेतको विश्लेषणका आधारमा पहिचान भएका रणनीतिक कार्यक्रमहरू सञ्चालन र प्रशासनिक खर्चसमेत गरी आर्थिक वर्ष २०७६/०७७ का लागि १४ अरब ४६ करोड बजेट प्रक्षेपण गरिएकोमा न्यायपालिकाको लागि बजेट विनियोजन हुँदा अदालतहरूको प्रशासनिक खर्चसहित जम्मा ६ अरब २० करोड रकम छुट्टाइएको अवस्था छ। न्यायपालिकालाई प्राप्त बजेटमध्ये अधिकांश प्रशासनिक खर्चको रकम समावेश छ भने कार्यक्रमतर्फ करिब ९ करोड मात्र विनियोजन गरिएको छ। स्रोत साधनको सीमितताको कारण सर्वोच्च अदालतलगायत मातहत उच्च तथा जिल्ला अदालतहरूको सेवा प्रवाहका पूर्वाधार सिर्जना गर्ने सम्भावना न्यून हुन गएको छ। अर्कोतर्फ न्यायपालिकालाई प्राप्त बजेट आवश्यकताको आधारमा आन्तरिक रूपमा परिचालन गर्न सक्ने अवस्था पनि छैन।

संविधानले न्यायपालिकाको लागि तोकेको संवैधानिक जिम्मेवारी निर्वाहका लागि वस्तुस्थितिसमेतको विश्लेषण गरी निर्धारित रणनीतिक कार्यक्रम सञ्चालन गर्न प्रक्षेपण गरिएको बजेटलगायतको स्रोत साधन उपलब्ध नभएको कारण न्यायिक सुधार प्रक्रिया प्रभावित हुन गई अपेक्षित रूपमा उपलब्धिहरू हासिल हुन नसक्ने अवस्था सिर्जना भएको छ। यसरी न्यायपालिकालाई आवश्यक पर्ने स्रोत साधन प्राप्तिको विषय पूर्ण रूपमा कार्यपालिकामा निर्भर राख्ने तथा उपलब्ध स्रोत साधनको परिचालनमा स्वायत्तता प्रदान नगर्ने विषयप्रति न्यायपालिकाको गम्भीर सरोकार रहेको छ। संविधानबमोजिमको जिम्मेवारी निर्वाह गर्न न्यायपालिकालाई आवश्यक पर्ने स्रोत साधनको प्राप्ति र परिचालनमा स्वतन्त्रता र स्वायत्तताको सुनिश्चितताका लागि सम्बन्धित पक्षको ध्यान जानेछ भन्नेमा सर्वोच्च अदालत विश्वस्त रहेको छ।

७.२ कार्यबोझ सम्बन्धमा

विगत आर्थिक वर्षमा जस्तै न्यायपालिकाको कार्यबोझमा निरन्तर रूपमा वृद्धि भएको छ। गत आर्थिक वर्ष २०७४/०७५ मा सबै तहका अदालत तथा न्यायाधिकरणहरूमा जिम्मेवारी सरेको ९५८३१ र नयाँ दर्ता १८०३१६ गरी जम्मा २७६१४७ मुद्दाको वार्षिक लगत कायम भएको थियो। प्रतिवेदन वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा जिम्मेवारी सरेको ९४५५२ र नयाँ दर्ता २६४२७४ गरी मुद्दाको जम्मा लगत ३५८८२६ कायम भएको छ। विगत १० वर्षको कार्यबोझ तुलना गर्दा आर्थिक वर्ष २०६६/०६७ मा मुद्दा र रिट निवेदन प्रतिवेदनसमेतको

समग्र लगत १२५३८० रहेकोमा यस आर्थिक वर्ष २०७५/०७६ मा ३५८८२६ वार्षिक लगत पुगेको छ । आर्थिक वर्ष २०७५/०७६ मा जिल्ला अदालतहरूमा विशेष प्रकृतिका निवेदनहरू १२२०४ दर्ता भएकोमा १२०५३ थान फछ्र्यौट भई १५१ थान बाँकी रहेको देखिन्छ । त्यसैगरी आर्थिक वर्ष २०७५/०७६ मा निवेदन, प्रतिवेदन तथा फुटकर निवेदनतर्फ जिम्मेवारी सरेको २०९० थान र नयाँ दर्ता ११६६३३ थान गरी जम्मा लगत ११८७२३ कायम भएकोमा ११७३७० फछ्र्यौट भई १३५३ थान बाँकी रहेको देखिन्छ । यस अवधिमा सर्वोच्च अदालतको कार्यबोझ झण्डै तीन गुणाले वृद्धि भएको देखिन्छ । यसका अतिरिक्त संवैधानिक परिवर्तनबाट अदालतहरूको कार्यक्षेत्र विस्तार भएको अवस्था छ । बढ्दो कार्यबोझ, अदालतहरूको विस्तारित क्षेत्राधिकार र नयाँ स्थापना भएका उच्च अदालत र जिल्ला अदालतहरूको व्यवस्थापनका लागि नेपाल सरकारलगायत सम्बद्ध सरोकारवाला पक्षको सहयोग र समन्वय प्रभावकारी हुन सकेको छैन ।

उपर्युक्तबमोजिम अदालतको कार्यबोझ, कार्यप्रकृति र कार्यसमयलाई मध्यनजर गरी नेपाल सरकारले बिगत लामो समयदेखि अतिरिक्त समय काम गरेबापतको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउँदै आएको थियो । सोहीबमोजिम दैनिक करिब २ घण्टा अतिरिक्त समय काम गर्ने गरी कार्ययोजनासहित अदालतहरूमा कार्य सम्पादन हुँदै आएको थियो । मुद्दाको नयाँ दर्ता हुने क्रम बढ्दोछ । सर्वोच्च अदालतको कार्यचाप उल्लेख्य रूपमा वृद्धि भए तापनि संवैधानिक प्रावधानका कारण तत्काल न्यायाधीशको दरबन्दी थप हुन सक्ने अवस्था छैन । उपलब्ध साधन र स्रोतको उच्चतम सदुपयोग गर्दै जनशक्तिले अतिरिक्त समय काम गर्नु नै एकमात्र विकल्प रहेकोले कर्मचारीलाई अतिरिक्त समय काममा लगाउदा कार्यालय समयमा भएका फैसला तथा आदेशको तयारी एवम् तत्काल गर्नुपर्ने प्रकृतिका पत्राचारलगायतका मुद्दाको अंग पुऱ्याउने कामहरू समयमै सम्पन्न गर्ने गरिएको थियो । मुद्दाको काम कारबाहीको आन्तरिक व्यवस्थापनका अतिरिक्त इजलासको समय अगावै मिसिल व्यवस्थापन, टिपोट व्यवस्थापन, पेसी व्यवस्थापन र इजलास व्यवस्थापनसमेतका पूर्वतयारीका कामहरू अतिरिक्त समयमा सम्पादन गर्ने गरिएको थियो । यसप्रकार, अदालतको उल्लिखित कार्यप्रकृति र यथार्थपरक कामहरूका लागि अतिरिक्त समयमा कार्य सम्पादनमार्फत सेवा प्रवाहलाई चुस्त-दुरूस्त राख्ने गरिएकोमा अदालतमा नियमित उपलब्ध हुँदै आएको प्रोत्साहन भत्ता कटौती गरेबाट समग्र अदालत व्यवस्थापनमा नै थप जटिलता सिर्जना भएकोछ । यसतर्फ नेपाल सरकारको यथाशीघ्र ध्यान जाने अपेक्षा गरिएको छ ।

७.३ न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको प्रभावकारिता कार्यान्वयन

अदालतहरूको निरन्तर बढ्दो कार्यबोझ, सूचना र सञ्चार क्षेत्रमा भएको विकास, सेवाग्राहीको अपेक्षासमेतलाई मध्यनजर राख्दै स्वतन्त्र, सक्षम, सहज पहुँचयुक्त न्यायप्रणालीको विकास गर्ने लक्ष्यका साथ २०६१ सालदेखि न्यायपालिकाले आफ्नो छुट्टै रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्दै आइरहेको छ । न्याय सम्पादनको कार्य छिटो छरितो र प्रभावकारी तुल्याउने, न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउने, न्याय प्रणालीलाई पहुँच योग्य, न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने लक्ष्यका साथ तर्जुमा गरिएको न्यायपालिकाको रणनीतिक योजना कार्यान्वयनबाट मिश्रित उपलब्धिहरू हासिल भएको छ ।

योजनाबद्ध सुधारको प्रक्रिया थालनी गरेपछि प्रत्येक अदालतहरूले मुद्दा फछ्र्यौट तथा फैसला कार्यान्वयनलगायतका काम कारबाहीमा निश्चित लक्ष्य निर्धारण गरी कार्य सम्पादन गरिरहेका छन् । योजनाको सुरूवातको वर्ष अर्थात् आर्थिक वर्ष २०६१/०६२ मा अदालतहरूमा मुद्दा र रिटको कूल लगत १०५०३० कायम भएकोमा ५२८२८ थान अर्थात् सोको ५०.२९ प्रतिशत फछ्र्यौट भएको थियो भने चालु आर्थिक वर्षमा कूल लगत २३६७७६ कायम भएकोमा १३३८१३ अर्थात् सोको ५६.५१ प्रतिशत मुद्दा फछ्र्यौट भएको छ । त्यस्तै १० वर्षअगाडि अर्थात् आर्थिक वर्ष ०६६/०६७ मा देशभरका अदालतहरूमा ४५९०० नयाँ मुद्दा दर्ता भएकोमा अहिले यो सङ्ख्या तीन गुणाभन्दा बढी हुन गई १४५३९६ पुगेको छ ।

योजनाबद्ध सुधार प्रक्रिया सुरू गर्नुपूर्व अदालतहरूमा कायम हुने मुद्दाको जम्मा लगत ११०१०२ को झण्डै ८.६४ प्रतिशत अर्थात् ९५१७ मुद्दा २ वर्ष नाघेका अवस्थामा थिए भने प्रतिवेदन वर्ष अर्थात् आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत २३६७७६ को ५.३५ प्रतिशत अर्थात् १२६७७ मुद्दा २ वर्ष नाघेको अवस्थामा छन् । लगतको तुलनामा यो संख्या न्यून नै देखिएको छ । प्रतिवेदन वर्षमा देशभरका ६२ अदालतमा दुई वर्ष नाघेका मुद्दा बाँकी छैनन् । उच्च तथा जिल्ला अदालतको मुद्दा फछ्र्यौटको औषत अवधि योजनाले निर्धारण गरेको लक्ष्यको हाराहारीमा रहेको छ ।

आगामी पाँच आर्थिक वर्षको लागि तर्जुमा गरिएको न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना २०७६ साल साउन १ गतेदेखि कार्यान्वयनमा आएको छ । विगतदेखिको निरन्तरको प्रयास स्वरूप न्यायपालिकाको रणनीतिक योजनाले निर्धारण गरेका कार्यक्रमहरू पहिलो पटक राष्ट्रिय योजनामा समावेश गरिएको छ । न्यायपालिकाको योजनाले निर्धारण गरेका रणनीतिक क्रियाकलापहरूका लागि कूल ४६ अरब ६७ करोडको बजेट प्रक्षेपण गरेको छ भने आर्थिक वर्ष २०७६/०७७ का लागि १४ अरब ४६ करोड बजेट प्रक्षेपण गरेकोमा सोअनुरूप बजेट उपलब्ध हुन सकेको छैन । न्यायपालिकालाई छुट्याइने बजेट सिलिङ निर्धारण गर्दा न्यायपालिकासँग समन्वय हुने गरेको छैन । पूर्वानुमानयोग्य बजेटको अभावमा योजनामा निर्धारित क्रियाकलापहरूको प्राथमिकीकरण र समग्र योजना प्रक्रियाले अपेक्षित गति लिन नसकेकोले निर्धारित लक्ष्यअनुरूपको उपलब्धि हासिल हुन सकेको छैन । नेपाल सरकारबाट न्यायपालिकाको रणनीतिक योजनालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समावेश गरी उक्त योजनाले प्रक्षेपण गरेको बजेटलगायत आवश्यक स्रोत साधन प्राप्त हुने अपेक्षा गरिएको छ ।

७.४ फैसला कार्यान्वयनको प्रभावकारिता

संविधानले मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय नेपाल सरकारलगायत सबैले पालना गर्नुपर्ने दायित्व निर्धारण गरेको भए पनि अदालतबाट जारी भएका कतिपय आदेश वा निर्णयहरू वर्षौंसम्म कार्यान्वयन हुन सकेका छैनन् । विश्वका अधिकांश मुलुकमा फैसला कार्यान्वयनको प्राथमिक जिम्मेवारी सरकारको हुने भए तापनि नेपालमा जसले फैसला गऱ्यो उसैले फैसला कार्यान्वयन गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । फैसलाको अक्षर र भावनाको सम्मान गर्दै त्यसको कार्यान्वयन गरिनुपर्छ । फैसला कार्यान्वयनको अभावमा दण्डहीनता मौलाउँछ र विधिको शासन समाप्त हुन्छ । अदालतको फैसलाबाट कैद तथा दण्ड जरिवानाको सजाय भई असुली हुन बाँकी रहेका व्यक्तिहरूलाई राज्यबाट प्राप्त हुने सेवा सुविधा प्रदान गर्दा सो दण्ड जरिवाना असुल गर्ने नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएको छैन ।

न्यायपालिकाको रणनीतिक योजनाले फैसला कार्यान्वयनमा प्रभावकारिता ल्याउन फैसला कार्यान्वयनको विशेष अभियानलगायतका विभिन्न रणनीतिहरू अख्तियार गरेको भए तापनि सरोकारवाला निकायहरूको समन्वयात्मक प्रयासको कमीका कारण फैसला कार्यान्वयनमा आशातीत सफलता हासिल हुनसकेको छैन । फैसला कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आर्थिक वर्ष २०७५/०७६ लाई फैसला कार्यान्वयन वर्षको रूपमा घोषणा गरी दण्ड जरिवाना असुलीलाई विशेष अभियानको रूपमा कार्यान्वयनमा ल्याइएको थियो । फैसला कार्यान्वयनको विषयलाई न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले उच्च प्राथमिकतामा राखेको छ । फैसला कार्यान्वयनका सम्बन्धमा न्यायपालिकाको रणनीतिक योजनाले अख्तियार गरेका रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित सरोकारवाला निकायहरूको सहयोग र समन्वयलाई थप प्रभावकारी बनाउनु पर्नेछ ।

७.५ सर्वोच्च अदालतको भवन निर्माण

सर्वोच्च अदालतको भवन विक्रम संवत् २०१९ सालमा निर्माण भएको थियो । हालको कार्यबोझ, कार्यप्रकृति र कार्यरत जनशक्तिसमेतका आधारमा सर्वोच्च अदालतको भवन अपुग भएको कारण नियमित कार्य सञ्चालन गर्न समस्या सिर्जना भइरहेको छ । निरन्तरको प्रयास स्वरूप सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।१।२५ को निर्णयानुसार सर्वोच्च अदालतको भवनसँग जोडिएको जग्गा रोपनी ३०-०-० क्षेत्रफल प्राप्त भएको थियो । सर्वोच्च अदालतको नयाँ भवन निर्माणको लागि थप जग्गा प्राप्त भएपछि सर्वोच्च अदालतको नयाँ भवन निर्माणको नक्सा डिजाइनसहितको भवन निर्माण योजना सर्वोच्च अदालत पूर्ण बैठकबाट स्वीकृत भई नक्सा पासको लागि पठाइएको थियो । आगामी आर्थिक वर्षदेखि सर्वोच्च अदालतको नयाँ भवन निर्माण कार्य प्रारम्भ गर्नको लागि रकमसमेत विनियोजन भएको छ । सर्वोच्च अदालतको भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने क्रममा राष्ट्रिय अभिलेखालयको भवन स्थानान्तरण गर्ने वैकल्पिक व्यवस्थाका सम्बन्धमा समेत निर्णय भएको थियो । तर सर्वोच्च अदालतको भवन निर्माण स्थलमा रहेका राष्ट्रिय अभिलेखालयको भवन हालसम्म अन्यत्र स्थानान्तरण र व्यवस्थापन हुन नसकेकोले भवन निर्माणको कार्य प्रारम्भ गर्न कठिनाइ भएको छ ।

नेपाल सरकारको निर्णयबमोजिम सर्वोच्च अदालतलाई स्वामित्वसमेत प्राप्त भएको स्थानमा भवन निर्माण कार्य प्रारम्भ गर्नको लागि बारम्बार पत्राचार र समन्वय गर्दासमेत राष्ट्रिय अभिलेखालयको भवन स्थानान्तरण गर्ने कार्यमा कुनै प्रगति हुन सकेको छैन । यसबाट सर्वोच्च अदालतको नयाँ भवन निर्माण कार्य प्रभावित हुने अवस्था देखिएको छ । प्रस्तुत सन्दर्भमा सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि आवश्यक स्रोत साधनको व्यवस्थापनमा निरन्तरता र भवन निर्माण स्थानमा रहेको राष्ट्रिय अभिलेखालयको भवन स्थानान्तरणलगायतका कार्यहरूमा सम्बन्धित सरोकारवाला निकायबाट परिणाममुखी सहयोग र समन्वय हुनेमा विश्वास लिइएको छ ।

७.६ मुद्दा व्यवस्थापन पद्धति विकास

मुद्दा प्रवाह व्यवस्थापनको सुधारका लागि न्यायपालिकाले विगत दुई दशकदेखि निरन्तर प्रयास गरिरहेको भए तापनि यसले मूर्तरूप लिन सकेको थिएन । प्रतिवेदन वर्षमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसेको संयोजकत्वमा गठित समितिबाट फरक मुद्दाका लागि फरक मुद्दा व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदन तयार भई २०७७ साल साउन १ गतेदेखि जिल्ला र उच्च अदालतहरूमा लागू हुने गरी सर्वोच्च अदालतको पूर्ण बैठकबाट स्वीकृत भएको छ । यस क्रममा २०७६ साल साउन १ गतेदेखि लागू गरिएको न्यायपालिकाको चौथो पञ्चर्षीय रणनीतिक योजनाले उक्त अध्ययन प्रतिवेदनलाई सुधार प्रक्रियाको आधारको रूपमा समावेश गरी उच्च र जिल्ला अदालतहरूमा २०७७ साउन १ गतेदेखि र सर्वोच्च अदालतमा २०८० साल साउन १ गतेदेखि लागू गर्ने गरी सोको पूर्वतयारीका लागि विभिन्न रणनीतिक क्रियाकलापहरू समावेश गरेको छ । मुद्दामा समावेश भएको कानूनी प्रश्न र विषयवस्तुको गाम्भिर्यसमेतका आधारमा मुद्दाहरूलाई सरल, सामान्य र जटिल समूहमा विभाजन गरी सोही अनुरूप मुद्दा प्रवाहको व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ ।

मुद्दा प्रवाह प्रक्रियालाई छिटो, छरितो, प्रभावकारी, गुणस्तरीय र अनुमानयोग्य बनाउने लक्ष्यका साथ लागू गरिने फरक मुद्दाका लागि फरक व्यवस्थापन पद्धतिको प्रभावकारी कार्यान्वयन गर्न कानूनी सुधार र सूचना प्रविधिको क्षेत्रमा पूर्वाधार तयार गर्नु पर्नेछ । यसैगरी सर्वोच्च अदालतको कार्यबोझमा भएको अत्यधिक वृद्धि र पुराना मुद्दाको फछ्र्यौंट कार्यलाई प्रभावकारी बनाउन, मुद्दाको पेसी व्यवस्थापन, इजलासको

समय व्यवस्थापन, पुराना मुद्दा फछ्र्यौंटको विशेष कार्यक्रम र मुद्दाको काम कारबाहीलाई सूचना प्रविधिमैत्री बनाउने जस्ता न्यायपालिका सुधारका विशेष कार्यक्रमहरू तय गरिएको छ । उल्लिखित सुधार कार्यलाई प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन, न्यायिक जनशक्तिहरूका बिचमा सुधार प्रक्रियाको बारेमा जानकारीमुलक कार्यक्रमको सञ्चालन तथा नविन पद्धतिको बारेमा सीप हस्तान्तरण गर्नेलगायतका विषयहरूको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरूको सहयोग र समन्वय आवश्यक देखिएको छ। लामो समयको प्रयास स्वरूप लागू गर्न खोजिएको मुद्दा प्रवाह व्यवस्थापन पद्धतिको प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित सरोकारवालाबाट अर्थपूर्ण सहयोगको अपेक्षा गरिएको छ।

७.७ मुलुकी संहिताहरूको प्रभावकारी कार्यान्वयन

न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजना लागू गर्दा नै देवानी तथा फौजदारी संहिताहरूको तर्जुमा र लागू गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो। न्यायपालिकाको दोस्रो तथा तेस्रो रणनीतिक योजनाहरूको तर्जुमा र आवधिक मूल्याङ्कनका क्रममा समेत देवानी तथा फौजदारी संहिता तर्जुमाप्रति न्यायपालिकाले सरोकार दर्साउँदै आएको थियो। न्यायपालिकाले व्यक्त गरेका यिनै सरोकारहरूसमेतको परिणामस्वरूप २०७५ साल भाद्र १ गतेदेखि मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मुलुकी फौजदारी संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ जारी भई कार्यान्वयनमा समेत आइसकेका छन् । संहिताले कानूनहरूमा आत्मसात गरिएका नवीन विधिशास्त्रीय मान्यताहरूले अदालतको कार्यक्षेत्रमा विस्तार गरेको छ। उल्लिखित कानूनहरूको प्रभावकारी कार्यान्वयनका लागि अदालतसम्बन्धी नियमावलीहरूमा संशोधन, नयाँ नियमावली तर्जुमा र नयाँ कानूनहरूको कार्यान्वयनका लागि विषयगत निर्देशिका एवम् दिग्दर्शनहरूसमेत तर्जुमा गरिएको छ।

परम्परागत कानूनमा समसामयिक सुधार र नवीन विधिशास्त्रीय मूल्य मान्यतालाई आत्मसात गरी जारी भएका उल्लिखित कानूनहरू २०७५ साल भाद्र १ गतेदेखि लागूपश्चात् २०७६ साल वैशाख २ गते समसामयिक संशोधन भएको छ । कानूनमा भएको संशोधनसमेतका आधारमा अदालत नियमावलीहरूको संशोधन, आवश्यक विषयगत निर्देशिका, दिग्दर्शन र मापदण्डहरूको तर्जुमा तथा उक्त कानूनहरूलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि न्यायिक जनशक्तिलाई नयाँ कानूनको प्रयोगका सम्बन्धमा तालिम, अन्तर्क्रिया र गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोत साधनको व्यवस्थापनका लागि सम्बन्धित सरोकारवाला निकायबाट आवश्यक सहयोग प्राप्त हुने विश्वास लिइएको छ।

७.८ न्यायिक काम कारबाहीमा सूचना प्रविधिको प्रयोग

न्यायपालिकामा सूचना प्रविधिको प्रयोगलाई उच्च प्राथमिकतामा राखिएको छ। सूचना प्रविधिको संस्थागत विकास र न्यायिक काम कारबाहीमा सूचना प्रविधिको प्रयोगका लागि विभिन्न सफ्टवेयर निर्माणलगायत सर्भरहरूको स्थापना गरी सञ्चालनमा ल्याइएको छ । लामो समयको प्रयास स्वरूप प्रतिवेदन वर्षमा हेटौंडामा Data Recovery Centre स्थापना गरिएको छ। स्मार्ट जुडिसियरी (SMART Judiciary) निर्माणको लक्ष्यसहित न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी गुरूयोजना तयार गरी कार्यान्वयनको क्रममा रहेको छ। त्यसैगरी मुद्दाको कारबाही प्रक्रियामा भिडियो कन्फ्रेन्सको प्रयोग गर्ने कार्यको सुरूवात गरिएको छ। अनलाइन मुद्दा दर्ता सम्बन्धमा आवश्यक अध्ययन प्रक्रियाको थालनी गरिएको छ। न्यायिक सूचनामा सहज पहुँच होस् भन्ने उद्देश्यले सर्वोच्च अदालतले मोबाइल एप्स (Mobile App) सञ्चालनमा ल्याएको छ। आगामि आर्थिक वर्षदेखि अनलाइन एवम भिडियो कन्फ्रेन्समार्फत बहसको सुरूवात गर्न आवश्यक पूर्वतयारी गरिँदै छ।

सूचना प्रविधिको उच्चतम प्रयोग गर्न सकेमा न्याय सम्पादनको काम छिटो छरितो, प्रभावकारी र सहज पहुँचयुक्त हुन सक्दछ । न्यायिक काम कारबाही पूर्णरूपमा स्वचालित बनाउन मुद्दाको दर्तादेखि फैसला र फैसला कार्यान्वयनसम्मका काम कारबाहीमा सूचना प्रविधिको प्रयोग गर्नु पर्ने हुन्छ । त्यसैगरी न्यायिक काम कारबाही पूर्ण स्वचालित बनाउन मुद्दा तथा अभिलेखको विद्युतीय प्रतिको विकास गर्नुपर्ने हुन्छ । साथै सरोकारवाला निकाय एवम् मुद्दाका पक्षहरूको सूचना प्रविधिमा पहुँच सुनिश्चित हुन आवश्यक रहन्छ । न्याय सम्पादनको कार्यलाई पूर्णरूपमा सूचना प्रविधिमैत्री बनाउन तयार भएको न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी १० वर्षे गुरूयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधन र पूर्वाधार व्यवस्थापनमा सम्बन्धित सरोकारवाला निकायबाट निरन्तर रूपमा सहयोग प्राप्त हुनेमा न्यायपालिका विश्वस्त रहेको छ।

७.९ विशिष्टीकृत अदालत तथा न्यायाधिकरण

नेपालको संविधानको धारा १५२ ले खास किसिम र प्रकृतिका मुद्दाहरूको कारबाही र किनारा गर्न संघीय कानूनबमोजिम अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने संवैधानिक व्यवस्था गरेको छ। हाल विशेष अदालत, श्रम अदालत, राजस्व न्यायाधिकरण, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण र ऋण असुली न्यायाधिकरण स्थापना र सञ्चालनमा रहेका छन्। खास किसिम र प्रकृतिका मुद्दाहरूको सुरू कारबाही तथा किनारा छिटो, छरितो तथा प्रभावकारी ढंगले सम्पादन गर्ने

उद्देश्यले उल्लिखित विशिष्टीकृत अदालत र न्यायाधिकरणहरूको स्थापना, गठन र सञ्चालनमा ल्याएकोछ ।

हाल सञ्चालनमा रहेका यसप्रकारका विशिष्टीकृत अदालत तथा न्यायाधीकरणहरूको लागि जनशक्ति व्यवस्थापन, सेवा प्रवाहका भौतिक पूर्वाधारको तयारी तथा स्रोत साधनको व्यवस्थापनमा प्रभावकारी समन्वय हुन सकेको छैन । कतिपय अदालत तथा न्यायाधिकरणहरूको लागि स्थायी जनशक्ति व्यवस्थापन हुन सकेको छैन । जग्गा तथा भवनहरूको उचित व्यवस्थापन हुन सकेको छैन । नियमित न्यायिक संरचनाअन्तर्गतका अदालतहरूमा रहेको दरबन्दीमा कार्यरत न्यायाधीशहरूबाट तदर्थ रूपमा सेवा प्रवाह हुँदै आएको छ । बजेट व्यवस्थापन, सफ्टवेयरहरूको सञ्चालन, अन्य मेसिनरी तथा सवारी साधनहरूको व्यवस्थापनमा समस्या देखिएको छ ।

विशेष अदालतमा कार्यरत जनशक्तिलाई उपलब्ध गराउँदै आएको भत्तालगायतका विषयहरूसमेत कटौतीमा पर्न गएको छ । मुद्दाको अनुसन्धान कार्यमा संलग्न अधिकारी तथा कर्मचारीलाई शतप्रतिशत भत्ता उपलब्ध गराउने तथा तिनै मुद्दाको न्याय सम्पादनमा संलग्न जनशक्तिलाई उपलब्ध गराउँदै आएको भत्तासमेत कटौती हुनुको कुनै तात्त्विक आधार देखिँदैन । तसर्थ, विशिष्टीकृत अदालत तथा न्यायाधिकरणहरूको सेवा प्रवाहका भौतिक पूर्वाधार तयारी, स्थायी प्रकृतिको जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण, आवश्यक कार्यविधिको तर्जुमा त्यस्ता विशिष्टीकृत अदालत तथा न्यायाधिकरणहरूको नियमित अनुगमन र सुपरीवेक्षण गर्नेलगायतका पक्षहरूको सम्बोधनका लागि नेपाल सरकारलगायत सम्बन्धित निकायबाट चासो, सरोकार र समन्वयसहित सहयोगको अपेक्षा गरिएको छ ।

७.१० न्यायिक जनशक्तिहरूको क्षमता अभिवृद्धि

न्यायिक जनशक्तिको क्षमता अभिवृद्धि नगरी न्यायपालिकाका काम कारबाहीमा प्रभावकारिता ल्याउन सकिँदैन । बदलिँदो आर्थिक, सामाजिक, राजनीतिक परिवेशसमेतका सन्दर्भमा न्यायपालिकाले हेर्नुपर्ने विवादको जटिलता बढ्दै गइरहेको छ । क्षमता अभिवृद्धिको लागि उच्च शिक्षा, व्यावसायिक तालिम, अवलोकन भ्रमणलगायतका कार्यक्रमहरूको व्यवस्थापन गर्नुपर्ने हुन्छ । प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७४ को दफा ८ को उपदफा (६) ले दुई वर्षमा एकपटक पनि विदेश भ्रमणको अवसर नपाएका प्रधान न्यायाधीश र न्यायाधीशलाई सर्वोच्च अदालतको सिफारिसमा नेपाल सरकारले न्याय प्रशासनसम्बन्धी प्रयोजनको लागि विदेश भ्रमणको आवश्यक व्यवस्था मिलाउने र सोका लागि लाग्ने खर्च नेपाल सरकारले उपलब्ध गराउने कानूनी व्यवस्था कार्यान्वयन हुन सकेको छैन । न्यायाधीश तथा कर्मचारीहरूलाई आवश्यक तालिम कार्यक्रमहरूको पहिचानसहित तर्जुमा गरिएको न्यायिक जनशक्तिको क्षमता विकाससम्बन्धी उच्चस्तरीय तालिम नीतिअनुरूप तालिम कार्यक्रमहरू हुन सकेका छैनन् । यसैगरी कानून प्रणालीको आधुनिकीकरण गर्ने गरी नवीन कानूनी व्यवस्थासहित जारी भएका मुलुकी संहिताहरूको कार्यान्वयनका लागि न्यायिक जनशक्तिलाई तत्काल विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ । न्यायिक जनशक्तिको क्षमता विकासका लागि क्षमता विकाससँग सम्बन्धित कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन गर्नु पर्नेछ ।

७.११ अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण

न्यायिक काम कारबाहीलाई छिटो छरितो प्रभावकारी र गुणस्तरीय बनाउन मातहत अदालत तथा न्यायिक निकायहरूको नियमित रूपमा अनुगमन तथा सुपरीवेक्षण गर्नु पर्ने हुन्छ । अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन सकेमा न्यायिक प्रक्रियामा गुणस्तरीयता कामय हुने अवस्था सृजना हुन्छ । त्यसैगरी संविधानको धारा ११७ ले कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न स्थानीय निकायमा न्यायिक समिति रहने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ ले न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने कानूनी व्यवस्था गरेको छ । प्रस्तुत सन्दर्भमा मातहत अदालत तथा अन्य न्यायिक निकायहरूको निरीक्षण तथा सुपरीवेक्षणलाई थप नियमित र व्यवस्थित बनाउनु पर्ने छ ।

स्थानीय निकायमा रहने न्यायिक समिति एवम् अन्य न्यायिक निकायबाट सम्पादन हुने काम कारबाहीको निरीक्षण एवम् सुपरीवेक्षण र आवश्यक निर्देशन दिन उपयुक्त संयन्त्रको विकास गरी त्यस्तो काम कारबाहीमा एकरूपता र प्रभावकारीता ल्याउन आवश्यक रहेको छ । यसको लागि आवश्यक विधि र प्रक्रिया तय गर्नु पर्नेछ । त्यसैगरी मातहत अदालतहरूबाट हुने काम कारबाही र सेवाग्राहीप्रति गरिने व्यवहारको सूक्ष्म अनुगमनलाई निरन्तरता दिँदै मातहत अदालतहरूको निरीक्षण तथा सुपरीवेक्षणलाई थप प्रभावकारी बनाई सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राहीमैत्री बनाउने कार्यलाई निरन्तरता दिन आवश्यक रहेको छ ।

७.१२ न्यायमा पहुँच अभिवृद्धि

न्यायमा सहज पहुँच अभिवृद्धि गर्न न्यायपालिकाले असमर्थ पक्षका लागि वैतनिक कानून व्यवसायीको सेवालाई प्रभावकारी बनाउने, अदालतको सूचना तथा सहायता कक्षलाई थप उपयोगी बनाउने, कर्मचारीको व्यवहारलाई सेवाग्राहीमैत्री बनाउने तथा तत्काल सम्पन्न गर्न सकिने प्रकृतिका सेवाहरू सेवाग्राहीलाई एक घण्टाभित्र प्रदान गर्ने जस्ता व्यवस्थापकीय सुधारका कार्यहरू सञ्चालन गर्दै आएको छ । आर्थिक, सामाजिक, सांस्कृतिक रूपले पछाडि परेकालगायत सबै वर्ग र समुदायका व्यक्तिहरूको न्याय प्राप्तिको अधिकारलाई सुनिश्चित गर्नु आवश्यक

छ । यस आवश्यकतालाई प्रभावकारी रूपमा सम्बोधन गर्न सम्बद्ध विभिन्न निकायहरूको प्रतिनिधित्वसहित सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोगको गठन गरिएको छ । आयोगले आफ्नो कार्य प्रभावकारी ढङ्गले सम्पादन गर्न आवश्यक स्रोत साधनको पहिचानसहित वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना कार्यान्वयन गर्न आवश्यक सहयोग गरी सबैका लागि न्यायमा पहुँच सुनिश्चित गराउनुपर्ने आधारभूत दायित्व राज्यका सम्बन्धित निकायबाट निर्वाह हुनेमा न्यायपालिका विश्वस्त रहेको छ ।

७.१३ मेलमिलाप पद्धतिको प्रभावकारिता

नेपालको न्यायपालिकामा मेलमिलाप पद्धतिलाई संस्थागत गर्न सर्वोच्च अदालतले २०६० सालमा अदालतहरूमा मेलमिलाप पद्धति लागू गर्न कानूनी व्यवस्था गरेको थियो । तत्पश्चात् मेलमिलाप पद्धतिलाई प्रभावकारी र संस्थागत गर्नको लागि मेलमिलाप कार्य सञ्चालन निर्देशिका २०६३ जारी गरी तीनै तहका अदालतहरूमा मेलमिलाप केन्द्रको स्थापनासमेत गरिएको थियो । समाजमा हुने मेलमिलाप पद्धतिलाई समेत समेट्ने उद्देश्यका साथ छाता ऐनको रूपमा मेलमिलापसम्बन्धी ऐन, २०६८ र मेलमिलापसम्बन्धी नियमावली, २०७० लागू भइसकेको अवस्था छ । यसरी मेलमिलाप पद्धतिलाई प्रभावकारी बनाउनको लागि विभिन्न प्रयासहरू हुँदाहुँदै पनि मेलमिलाप प्रक्रियामा मुद्दा पठाउने र सो प्रक्रियाबाट विवाद समाधान भएका मुद्दाहरूको औसत संख्या ज्यादै नै न्यून रहेको हुँदा हाल अवलम्बन गरिएको मेलमिलाप पद्धतिलाई थप प्रभावकारी बनाउन आवश्यक देखिएको छ ।

७.१४ न्याय सेवाप्रति आकर्षणको अभिवृद्धि

विगतमा कानून विषयमा प्रमाणपत्र तहको अध्ययन अध्यापन बन्द गरिएको कारण लामो समयदेखि कानूनको आधारभूत शिक्षाविना नै अदालतको सहायकस्तरको जनशक्ति आपूर्ति हुँदै आएको छ । त्यस्तो जनशक्तिको न्याय सेवामा वृत्ति विकासको अवसर नहुने भएबाट लामो समयसम्म सेवामा टिकाई राख्न कठिनाइ भइरहेको छ । साथै अन्य सेवाको तुलनामा न्याय सेवामा उच्च अध्ययन, वैदेशिक तालिम, भ्रमण आदिको न्यून अवसर रहेकोले न्याय सेवालाई कम सम्भावनायुक्त र वृत्ति विकासका दृष्टिले जोखिमपूर्ण मान्ने गरेको देखिन्छ । यो स्थितिलाई सम्बोधन गर्न न्याय सेवाभित्रका अधिकृत तथा कर्मचारीहरूलाई व्यावसायिक सीप र दक्षता अभिवृद्धिका लागि उच्च शिक्षा तथा तालिमलगायतका क्षमता विकासका अवसरहरू पर्याप्त रूपमा सिर्जना गर्ने, वृत्ति विकासका अवसरलाई फराकिलो एवम् अनुमानयोग्य बनाई उच्च मनोबलयुक्त न्याय सेवा तयार गर्न आवश्यक रहेको छ ।

७.१५ बाल न्याय प्रणाली

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३० ले बालबालिकाले गरेको कसुरजन्य कार्यको सुरू कारबाही, सुनुवाइ र किनारा गर्न बाल अदालतको गठन गर्न सक्ने व्यवस्था गरेको भए तापनि हालसम्म छुट्टै बाल अदालतको स्थापना भएको छैन । बाल अदालतको गठन नभएसम्मको लागि प्रत्येक जिल्ला अदालतमा जिल्ला न्यायाधीश, समाजसेवी र बालमनोविज्ञ वा बाल विशेषज्ञसहितको बाल इजलास गठन गर्ने व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०७५ ले गरेको छ । साथै ऐनको दफा ३४ ले बालबालिका संलग्न मुद्दाको सुनुवाइ बालमैत्री वातावरणमा गर्ने व्यवस्था गरेको छ । बालन्याय प्रणालीले विशिष्ट प्रकृतिको न्याय सम्पादन प्रक्रिया खोज्दछ । अनुसन्धान, अभियोजन, पुनर्स्थापना, दिशान्तर तथा न्याय सम्पादन एवम् सजाय कार्यान्वयनको क्रममा विशेष सजगता एवम् व्यवस्थापकीय कार्यहरू सम्पादन गर्नुपर्ने हुन्छ । बालन्याय प्रणालीलाई व्यवस्थित गर्ने सम्बन्धमा कानूनी प्रबन्धहरू गरिएको भए तापनि सोअनुरूपका पूर्वाधार तयार हुन सकेको छैन । बालबालिका पक्ष भएका विवादहरूको संख्या बढ्दो क्रममा रहेका छन् । साथै बालसुधार गृहहरूको उचित व्यवस्थापन हुन सकेको छैन ।

केन्द्रीय बाल न्याय समितिको पहलमा प्रतिवेदन वर्ष बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ तर्जुमा गरी २०७६।२।२० देखि लागू भएको छ । साथै समितिले बाल न्यायसँग सम्बन्धित विभिन्न निकायहरूबिच समन्वयलाई प्रभावकारी बनाउँदै आएको छ । बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम १५(२) ले समाजसेवी तथा बाल मनोविज्ञको सुविधा नेपाल सरकाले तोकेबमोजिम जिल्ला अदालतले उपलब्ध गराउने व्यवस्था गरेको भए तापनि सोको उचित व्यवस्थापन हुन सकेको छैन । बालन्याय सम्पादनसम्बन्धी दिग्दर्शन तयार गर्नु पर्नेछ । बालबालिकासम्बन्धी ऐन, २०७५ ले गरेको व्यवस्थाबमोजिम बालन्यायसँग सम्बद्ध बाल कल्याण अधिकारीलगायतका पदाधिकारीको नियुक्त हुन सकेको छैन । कानूनमा व्यवस्था भएबमोजिम बालन्याय प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सोको पूर्वाधार तयारीस्वरूप बाल अदालतको स्थापना, न्यायाधीश, अनुसन्धानकर्ता, अभियोजनकर्ता, कर्मचारी, समाजसेवी, बाल विशेषज्ञ तथा मनोविज्ञको लागि तालिम एवम् अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्न तथा बालबालिकासम्बन्धी ऐन २०७५ तथा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ ले गरेका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन एवम् बालन्याय सम्पादन दिग्दर्शन तयारीलगायतका विषयहरू सम्बन्धित पक्षबाट आवश्यक सहयोग र समन्वयको अपेक्षा गरिएको छ ।

अन्त्यमा, न्यायपालिकाले आत्मसात् गरेका सुधारका प्रक्रिया र न्यायपालिकाप्रतिको आम अपेक्षाका सन्दर्भमा अनुभूत गरिएका उल्लिखित सरोकार, समस्या तथा चुनौतीहरू न्यायपालिकाको एक्लो प्रयासबाट मात्र सम्बोधन हुन सम्भव छैन । यी विषयहरू सम्बन्धित

सबैको सहयोग, समन्वय र सकारात्मक सोचबाट सम्बोधन हुन सक्दछन् भन्ने कुरामा न्यायपालिका विश्वस्त छ। न्याय व्यवस्थालाई प्रभावकारी बनाई न्यायपूर्ण समाजको निर्माण गर्नु राज्यको प्रमुख दायित्व हो। न्याय प्रणालीको प्रभावकारिता अभिवृद्धिको सफलता वा असफलतालाई न्यायपालिकामा मात्र सीमित गरी एकाङ्गी रूपमा हेरिनु हुँदैन। न्याय सम्पादनको विभिन्न चरणहरूमा सरोकारवालाहरूको आपसी सहयोग, सहकार्य र समन्वय अपरिहार्य रहन्छ। सरोकारवालाहरूबिच सहयोग र समन्वयको क्षेत्र पहिचान गरी समय समयमा आपसी छलफल र परामर्शसमेत हुने गरेबाट परस्पर सहयोग र समन्वयको अवस्था सुदृढ हुँदै गएको महसुस पनि भएको छ। तथापि यसलाई अझ बढी परिणाममुखी वा उद्देश्यमूलक बनाउने र कार्यान्वयनको तहमा पुऱ्याउने कार्यमा सम्बन्धित सबैको थप प्रतिबद्धता र क्रियाशीलता आवश्यक छ।

वर्तमान संविधान र प्रचलित कानूनबमोजिमको दायित्व बहन गर्न स्वतन्त्र न्यायपालिकासम्बन्धी स्थापित मूल्य मान्यताअनुकूल हुने गरी न्यायपालिकाले थालनी गरेको सुधारका कार्यहरू सम्पादन गर्न आवश्यक स्रोत साधन राज्यले उपलब्ध गराउनु पर्ने हुन्छ। अदालतहरूको बढ्दो कार्यबोझ, रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन, फैसला कार्यान्वयन, मुद्दा प्रवाह व्यवस्थापन पद्धति विकास, न्याय सम्पादन कार्यमा सूचना प्रविधिको प्रयोग, संहिता कानूनहरूको प्रभावकारी कार्यान्वयन, सर्वोच्च अदालतको भवन निर्माण, जनशक्ति व्यवस्थापन, न्यायाधीश तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रमको कार्यान्वयन, न्याय सेवाप्रतिको आकर्षण वृद्धि, न्यायमा पहुँच वृद्धिलगायतका विषयमा न्यायपालिकाले जनाएको सरोकारप्रति नेपाल सरकारलगायत सम्बन्धित सरोकारवालाको सहयोग, सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाउनका साथै न्यायिक काम कारबाहीमा क्रियाशील न्यायाधीश तथा कर्मचारीसमेतबाट सकारात्मक भूमिका निर्वाह हुने छ भन्ने अपेक्षा गरिएको छ।

परिशिष्ट १
सर्वोच्च अदालतमा कार्यरत माननीय न्यायाधीशहरुको वार्षिक कार्य प्रगति विवरण

सि. नं.	न्यायाधीशज्यू नाम	मुद्दा फछर्यौट	रीट फछर्यौट	दोहोऱ्याइ पाउँ, अनुमति, पुनरावलोकन फछर्यौट	अ. आ. सम्बन्धमा	फुटकर	एकल	जम्मा	५ बर्ष नाघेको	कार्य दिन	कैफियत
१	स. प्र. न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा.	१३९	२३८	२४७	२९	७८	२६	७२८	३४१	२३२	
२	स. प्र. न्या.श्री ओम प्रकाश मिश्र	१५०	१०५	२७४	११	४७	०	५७६	२०१	१०६	अवकास प्राप्त
३	मा.न्या.श्री दीपकराज जोशी	५१	५२	४८	१७	१४	१	१६६	१६७	७२	अवकास प्राप्त
४	मा.न्या.श्री दीपककुमार कार्की	५१२	२१७	८९६	३३	१२६	४	१७५५	४६७	२३७	
५	मा.न्या.श्री केदारप्रसाद चालिसे	३७७	१६९	४८७	२०	१२२	१	११५६	४३८	२४३	
६	मा.न्या.श्री सारदा प्रसाद घिमिरे	११८	४९	२२९	५	४८	२	४४६	३७४	१००	अवकास प्राप्त
७	मा.न्या.श्री मीरा खडका	२५७	७०	३८८	१५	१२६	०	८४१	४४३	२०८	
८	मा.न्या.श्री हरिकृष्ण कार्की	२४७	१२५	३०५	५२	१०३	१	७८१	४३१	२५१	
९	मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ	३५३	९०	६९७	२७	९०	७	१२३७	६०२	१८६	
१०	मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा	२३५	१७२	५७३	४७	१३५	२	१११७	४८७	२०५	
११	मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई	२८९	१५१	६५९	३७	६५	१	११६५	४२३	१८६	
१२	मा.न्या.श्री अनिल कुमार सिन्हा	२४३	१४१	६६२	४३	१०९	३	११५८	५२५	२३५	
१३	मा.न्या.श्री प्रकाशमान सिंह राउत	२३९	१०२	५१८	२७	१६१	१	१०२१	४२७	२४०	
१४	मा.न्या.श्री सपना प्रधान मल्ल	२६६	९१	३२६	३२	१२३	४	८१०	३४४	१९९	
१५	मा.न्या.श्री तेज बहादुर के सी	३२९	१३६	५००	२५	१०७	२	१०७४	५३६	२३७	
१६	मा.न्या.श्री पुरुषोत्तम भण्डारी	४१०	१५१	५१०	३४	११८	२	१११९	५००	२४२	
१७	मा.न्या.श्री वमकुमार श्रेष्ठ	३५७	१६५	४९६	३३	१२५	०	११४३	४५९	२४३	
१८	मा.न्या.श्री डम्बरबहादुर शाही	३३९	१६२	९०६	२३	१२२	२	१५३१	४६३	२४२	
१९	मा.न्या.श्री टंकबहादुर मोक्तान	३११	१६५	५६१	३०	१५०	१	११८८	४२८	२१५	
२०	मा.न्या.श्री प्रकाश कुमार ढुंगाना	१५१	१२	९३	१४	३३	०	२८९	११५	६१	
२१	मा.न्या.श्री सुष्मालता माथेमा	८६	३५	२६०	८	३५	२	४१८	१३२	६९	
२२	मा.न्या.श्री कुमार रेग्मी	२१५	१०६	१२८	१३	४०	०	४८९	९७	६८	
२३	मा.न्या.श्री हरि प्रसाद फुयाल	१३८	५४	१५१	४	३४	०	३७७	१५०	६९	
२४	मा.न्या.डा.श्री मनोजकुमार शर्मा	७३	४३	२०६	१४	३९	०	३६१	१०५	७०	
जम्मा		**५८८५**	**२८०१**	**१०१२०**	**५९३**	**२१५०**	**६२**	**२१०१८**	**८६५५**	**४२१६**	

परिशिष्ट २
सर्वोच्च अदालतको मुद्दा तथा रिटको समष्टिगत लगत फछर्यौट र बाँकीको अवधिगत विवरण

क्र. सं.	विषय	जिम्मेवारी सरेको	नयाँ दर्ता	जम्मा लगत	जम्मा फछर्यौट	जम्मा फछर्यौटको अवधिगत वर्गिकरण							जम्मा बाँकी	जम्मा बाँकीको अवधिगत वर्गिकरण						
						३ महिना भित्रको	३ देखि ६ महिना भित्रको	६ महिना देखि १ वर्ष भित्रको	१ वर्ष देखि १८ महिना भित्रको	१८ महिना देखि २ वर्ष भित्रको	२ देखि ५ वर्ष भित्रको	५ वर्ष नाघेको		३ महिना भित्रको	३ देखि ६ महिना भित्रको	६ महिना देखि १ वर्ष भित्रको	१ वर्ष देखि १८ महिना भित्रको	१८ महिना देखि २ वर्ष भित्रको	२ देखि ५ वर्ष भित्रको	५ वर्ष नाघेको
१	सुरू मुद्दा र विविध	१२३	३८	१६१	२५	१	१	५	३	१	८	६	१३६	१३	७	११	१५	२२	५६	१२
२	पुनरावेदन	१२०४२	४०२३	१६०६५	२५८५	२	९	४८	१८४	१६२	१४०९	७७१	१३४८०	९५१	१०५४	१९५४	१७७८	९६२	५४०३	१३७८
३	राजश्व र बाणिज्य	१४३७	८१२	२२४९	१०४	०	१	२५	७	५	३४	३२	२१४५	१३३	८४	५६८	३५३	१८४	७३०	९३
४	साधक	१२८	१७९	३०७	१६३	९	३०	६७	२५	५	२२	५	१४४	३६	११	२५	२९	९	३२	२
५	दोहोऱ्याई पाउँ	२२४८	५२५०	७४९८	३७१८	५३	३३३	१६९३	११८५	१५५	२७५	२४	३७८०	११८५	८४२	११४८	२४९	७०	२७८	८
६	पुनरावलोकन	२०२	४६४	६६६	३५२	१	१९	१९८	९२	१८	१९	५	३१४	९९	८४	६३	३१	५	२८	४
७	अनमती	२८७	६६०	९४७	८२१	०	२१७	३७६	११७	५९	४२	१०	१२६	१७	१०	४०	२०	२३	१६	०
मुद्दाको जम्मा		१६४६७	११४२६	२७८९३	७७६८	६६	६१०	२४१२	१६१३	४०५	१८०९	८५३	२०१२५	२४३४	२०९२	३८०९	२४७५	१२७५	६५४३	१४९७
८	रिट निवेदन	२८०९	१७०३	४५१२	१३९२	१००	१०३	२३३	१५५	१०४	४१०	२८७	३१२०	३७९	३३२	५०७	३८१	२३८	८४५	४३८
९	संबैधानिक मुद्दा तथा रिट	१९१	१५	२०६	३३	५	२	११	१	२	९	३	१७३	१६	११	२३	४६	१७	४२	१८
रिट र संवैधानिको जम्मा		३०००	१७१८	४७१८	१४२५	१०५	१०५	२४४	१५६	१०६	४१९	२९०	३२९३	३९५	३४३	५३०	४२७	२५५	८८७	४५६
कूल जम्मा		१९४६७	१३१४४	३२६११	९१९३	१७१	७१५	२६५६	१७६९	५११	२२२८	११४३	२३४१८	२८२९	२४३५	४३३९	२९०२	१५३०	७४३०	१९५३

परिशिष्ट ३
सर्वोच्च अदालतको निवेदन, प्रतिवेदन र फुटकर निवेदनको समष्टिगत लगत फछ्यौंट र बाँकीको अवधिगत विवरण

क्र. सं.	विषय	त्रिम्मेवारी सरेको	नयाँ दर्ता	जम्मा लगत	जम्मा फछ्यौंट	जम्मा फछ्यौंटको अवधिगत वर्गिकरण							जम्मा बाँकी	जम्मा बाँकीको अवधिगत वर्गिकरण						
